# शोध प्रस्ताव

## शोध शीर्षक

यस शोधपत्रको शीर्षक **"प्रगतिशील समालोचक जयप्रसाद ढकालका समालोचनात्मक कृतिको अध्ययन, विश्लेषण र मूल्याङ्कन"** हुने छ ।

## शोधार्थीको परिचय

**जयन्ती रिजाल (शर्मा)**

## शोधप्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय म.र.व. क्याम्पस, इलाम नेपाली विभागअन्तर्गत स्नातकोत्तर तहको दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

## विषयपरिचय

वि.स. १९९० साल असोज १४ गते मेची अञ्चलको, जिल्ला इलाम नामसालिङ्ग गा.वि.स. वडा नं. ५ मा जन्मेका जयप्रसाद ढकाल नेपाली साहित्यका सृजना तथा समालोचना क्षेत्रमा साधनारत महत्त्वपूर्ण प्रतिभा हुन् । वि.सं. २०१३ सालदेखि नेपाली साहित्य तथा समालोचना क्षेत्रमा योगदान दिँदै आएका जयप्रसाद ढकालका तीन वटा समालोचनात्मक कृतिहरू **साहित्य र संस्कृति** (२०५२), **आधुनिक नेपाली समालोचना** (२०५७) र **आधुनिक नेपाली पत्र-जगत् समीक्षा** (२०५९) प्रकाशित भएका छन् । यिनै कृतिहरूको विश्लेषण गर्नु र यी समालोचनामा उनले झल्काएको प्रगतिशीलतालाई देखाउनु यस शोधपत्रको मुख्य लक्ष्य हुने छ ।

## समस्याकथन

प्रस्तुत शोधकार्य जयप्रसाद ढकालका समालोचनात्मक कृतिहरूको अध्ययनमा केन्द्रित रहेकोले यस शोधकार्यका समस्याहरू निम्नलिखित रहेका छन् :

(क) प्रगतिशील समालोचक जयप्रसाद ढकालको जीवनी र व्यक्तित्व केकस्तो रहेको छ ?

(ख) प्रगतिशील समालोचक जयप्रसाद ढकालको समालोचना यात्रा कस्तो छ ?

(ग) प्रगतिशील समालोचक जयप्रसाद ढकालका समालोचनात्मक कृतिहरू केकति र केकस्ता रहेका छन् ?

## शोधकार्यको उद्देश्य

प्रगतिशील समालोचक जयप्रसाद ढकालका समालोचनात्मक कृतिहरूको अध्ययन गर्नु प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य हुने छ । यसै प्रमुख उद्देश्यसँग सम्बन्धित निम्नलिखित उद्देश्यहरू रहने छन् :

(क) प्रगतिशील समालोचक जयप्रसाद ढकालको जीवनी र व्यक्तित्व केलाउनु,

(ख) प्रगतिशील समालोचक जयप्रसाद ढकालको समालोचना यात्रा निरूपण गर्नु,

(ग) प्रगतिशील समालोचक जयप्रसाद ढकालका समालोचनात्मक कृतिहरूको विश्लेषण गर्नु ।

## पूर्वकार्यको समीक्षा

नेपाली साहित्याकाशमा स्रष्टा र द्रष्टा दुवैक्षेत्रलाई ढकालले कार्यक्षेत्रभित्र समेटेका छन् । विभिन्न स्रष्टा र साहित्य सिद्धान्तका बारेमा समालोचनात्मक लेख लेख्ने प्रगतिशील समालोचक जयप्रसाद ढकालका समालोचनात्मक लेखहरूका बारेमा केही विद्वान् तथा समालोचकहरूले परिचयात्मक रूपमा सामान्य जानकारी गराए तापनि विस्तृत र सुव्यस्थित रूपमा अनुसन्धान भने भएको पाइँदैन । यिनका समालोचनात्मक कृतिहरूको विस्तृत विश्लेषण र मूल्याङ्कन पनि भएको देखिदैँन । यसै क्रममा ढकाललाई समालोचकका रूपमा चिनाउने कार्यमा भएका चिनारी, भूमिका र कृतिविश्लेषणका केही पूर्वकार्यहरूको विवरण कालक्रमिक रूपमा तल चर्चा गरिएको छ :

रोहिणीविलास लुइटेलले **मालिका** (साप्ताहिक, २/३९, २०५१ असार ७) पत्रिकामा 'जयप्रसाद यथार्थवादी समालोचक' शीर्षकको लेखमा ढकालका कृतिहरूको सङ्क्षेपमा टिप्पणी गर्दै ढकाललाई मुख्यतः निबन्ध समीक्षाका समालोचक हुन् भनी व्याख्या गरेका छन् ।

वासुदेव त्रिपाठीले **साहित्य र संस्कृति** (२०५२) कृतिको भूमिकामा समालोचक ढालका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साहित्यको सैद्धान्तिक र प्रायोगिक रूपमा समालोचना गर्ने समालोचक हुन् भनेका छन् ।

दान खालिङ्गले **समकालीन** (२०५२, चैत २९) पत्रिकामा 'साहित्य र संस्कृतिमा जयप्रसाद ढकाल' शीर्षकको लेखमा ढकालको कृति **साहित्य र संस्कृति**को विवेचना

गर्दै साहित्यकार जयप्रसाद ढकाललाई यथार्थवादी समालोचक हुन् भनी चिनाएका छन् ।

समालोचक गोपालप्रसाद सङ्ग्रौलाले **मालिका** (२०५५) पत्रिकामा 'झापाका चर्चित प्रसादहरू : भैरव, धर्म, देवी र जय' शीर्षकको लेखमा समालोचक ढकाल गुण र दोषका आधारमा आलोचना गर्ने समालोचक हुन् भनी भनेका छन् ।

रविमाल लमजेलले **समकालीन** (साप्ताहिक : २०५५, भदौ २७) पत्रिकामा 'जयप्रसाद ढकाल : साहित्य र संस्कृतिभित्र' शीर्षकको लेखमा ढकाल साहित्यका फाँटमा स्वतन्त्र, बौद्धिक, इमानदार र निर्भीक व्याख्याता हुन् भनी भनेका छन् ।

हेम जोशीले **आजभोलि** (दैनिक, सिलगुडी : ८ सितम्बर १९९६) पत्रिकामा 'साहित्य र संस्कृति आद्योपान्त पढेपछि' शीर्षकको लेखमा ढकाललाई विसङ्गतिवादी साहित्यको खण्डन गर्ने आलोचकका नयाँ दिशाको सङ्केत गर्ने समालोचक हुन् भनी चिनाएका छन् ।

देवी पन्थीले नै **पूर्वाञ्चल** (दैनिक, ३/६५, २०५५ असार १६) पत्रिकामा 'जयप्रसाद ढकालको जय होस्' शीर्षकको लेखमा ढकाल डी. पी. अधिकारी र बालचन्द्र शर्माबाट प्रभावित भई प्रगतिवादी समालोचक डा. तारानाथ शर्माका दाँजामा आउन सक्ने समालोचक हुन् भनी चिनाएका छन् ।

देवी पन्थीले **मालिका** (साप्ताहिक २/३०, २०५५ चैत २) पत्रिकामा 'यथार्थवादी आन्दोलन' शीर्षकको लेखमा ढकाललाई मेची अञ्चलमा यथार्थवादी सिद्धान्त धारालाई अगाडि बढाउने सशक्त समालोचक हुन् भनी भनेका छन् ।

मोहनप्रसाद घिमिरेले **मेची दर्पण** (२०५५) पत्रिकामा 'समता साहित्य परिवार' शीर्षकको लेखमा ढकाललाई कविताका क्षेत्रमा आलोचना गर्ने अग्रज समालोचकका रूपमा प्रस्तुत गरेका छन् ।

नरनाथ निरौलाले **पूर्वाञ्चल** (दैनिक, ४/५७, ७३, २०५६ जेठ १ र १८ गते) पत्रिकामा 'स्वर्गीय लप्टन बा : अभिनारायण ढकाल' शीर्षकको लेखमा आफूले

ढकालको पुर्ख्यौलीलाई नजिकबाट जानेको र ढकाललाई नेपाली समालोचना फाँटमा हल्लीचल्ली मच्चाउने समालोचक हुन् भनी उल्लेख गरेका छन् ।

परशु प्रधानले **आधुनिक नेपाली आलोचना** (२०५७) कृतिअन्तर्गत 'प्रकाशकीय' शीर्षकमा ढकाल विगत चारदशकदेखि समालोचनाका क्षेत्रमा कलम चलाउँदै आएका समालोचक हुन् । ढकाल यथार्थवादी र प्रगतिशील मार्क्सवादी समालोचनाका क्षेत्रमा आफ्ना अलग दृष्टिकोण राखेर समालोचनाका फाँटमा नौलो दृष्टि राख्दै समालोचना गर्ने समालोचकका रूपमा स्थापित भएका छन् भनी भनेका छन् ।

मदनमणि दीक्षितले **आधुनिक नेपाली पत्र-जगत्** (२०५९) कृतिअन्तर्गत 'मेरो शुभकामना' शीर्षकको लेखमा पत्रकारिताको इतिहाससँगसँगै पत्रकारितासम्बन्धमा देखिएका कमीकमजोरीलाई औँल्याउन सक्ने समालोचकका रूपमा ढकाललाई चिनाएका छन् ।

रश्मि शेखरले **पूर्वाञ्चल** (२०६१ जेठ २३) पत्रिकामा 'यथार्थवादी समालोचक' शीर्षकको लेखमा ढकाललाई यथार्थवादी सिद्धान्तमा आधारित भई समालोचना गर्ने समालोचक भनी चिनाएका छन् ।

डिकमान विरहीले **जन आन्दोलन** (साप्ताहिक : २०६४, साउन १) पत्रिकामा 'यथार्थवादी लेखनका हिमायती' शीर्षकको लेखमा ढकाललाई आफ्नो संस्कृतिको रक्षा गर्दै यथार्थवादमा आधारित भएर आलोचना गर्ने समालोचक हुन् भनी भनेका छन् ।

यसरी केही विद्वान् तथा समालोचकहरूले ढकालका समालोचनामा झल्किएको प्रगतिशीलताका बारेमा परिचयात्मक रूपमा सामान्य जानकारी गराए तापनि उनका समालोचनात्मक कृतिहरूको विस्तृत विश्लेषण-मूल्याङ्कन भएको देखिन आउँदैन । त्यसैले यस शोधकार्यमा ढकाल र उनका समालोचनात्मक कृतिहरूको प्रगतिशीलताका आधारमा विस्तृत विश्लेषण-तुलना एवम् मूल्याङ्कन गरिने छ ।

## शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

ढकालका सङ्क्षिप्त परिचयका साथै उनका समालोचनात्मक कृतिहरूको अध्ययनमा केन्द्रित भई उनका समालोचनात्मक लेखहरूको वैज्ञानिक एवम् सुव्यवस्थित रूपमा

विश्लेषण र मूल्याङ्कन यस शोधकार्यमा गरिने भएकाले आउने पिँढीलाई उनका बारेमा तथा उनका समालोचनात्मक कृतिका बारेमा वस्तुगत एवम् प्रामाणिक जानकारी उपलब्ध हुने छ । प्रस्तुत शोधपत्रको अध्ययनबाट जयप्रसाद ढकालको समालोचक व्यक्तित्वका बारेमा जान्न इच्छुक व्यक्ति, सङ्घसंस्थाहरूका लागि सैद्धान्तिक एवम् व्यावहारिक रूपमा तथ्य प्रस्तुत गरिने भएकोले अनुसन्धानका क्षेत्रमा यसको महत्त्व हुने छ । यसरी नै नेपाली समालोचनाको इतिहासलेखनका क्रममा तथा समालोचनात्मक गतिविधिको मूल्याङ्कन गर्ने क्रममा यस शोधपत्रले ढकालको समालोचनाको स्थान निर्धारण गर्न पनि सहयोग पुऱ्याउनेछ । उपर्युक्त विविध दृष्टिकोणले प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहने छ ।

## शोधकार्यको सीमाङ्कन

साहित्यका विभिन्न विधामा कलम चलाएका बहुमुखी प्रतिभाका धनी प्रगतिशील समालोचक जयप्रसाद ढकालका कविता, कथा, निबन्ध, स्मृतिलेखन, समालोचना आदि विधामध्ये समालोचना विधाको मात्र यस शोधपत्रमा अध्ययन गरिने छ । यही नै यस शोधपत्रको सीमाङ्कन हुने छ । नेपाली साहित्यमा खासगरी समालोचनामा उनले दिएको योगदानको विश्लेषण गर्ने कार्य नै यस शोधपत्रको क्षेत्र रहने छ ।

## सामग्रीको सङ्कलनविधि

प्रस्तुत शोधपत्रमा विशेष गरी सामग्रीसङ्कलनका लागि पुस्तकालयीय पद्धतिको प्रयोग गरिने छ । यसका साथै शोधनायक एवम् उनका आफन्तसँग पनि आवश्यकतानुसार अन्तर्वार्ताको प्रयोग गरिने छ । उनलाई विशेष रूपमा चिन्ने प्राध्यापक एवम् गुरुहरूसँग पनि उनका बारेमा यथोचित रूपमा सरसल्लाह लिएर प्रस्तुत शोधपत्र तयार गरिने छ ।

## शोधविधि

प्रस्तत शोधपत्रको सङ्कलित सामग्रीलाई विशेषगरी परम्परित पद्धतिको प्रयोग गरी विश्लेषण गरिने छ । यसका साथै सङ्कलित सामग्रीको अवस्था हेरेर ऐतिहासिक, वर्णनात्मक, तुलनात्मक, विश्लेषणात्मक आदि शोधविधिहरू यथोचित रूपमा प्रयोग गरिने छ ।

## शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रका संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा तयार पार्न निम्नलिखित परिच्छेदहरूमा वर्गीकरण गरी अध्ययन गरिने छ साथै शोधपत्रको अन्तिम संरचना पनि निम्नलिखित परिच्छेदगत रूपमा विभाजन गरी सम्पन्न गरिने छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : प्रगतिशील समालोचक जयप्रसाद ढकालको सङ्क्षिप्त परिचय

तेस्रो परिच्छेद : समालोाचनाको सैद्धान्तिक स्वरुप रआधुनिक नेपाली समालोचनामा प्रगतिशील समालोचक जयप्रसाद ढकालको योगदान

चौथो परिच्छेद : प्रगतिशील समालोचक जयप्रसाद ढकालको समालोचना यात्रा

पाँचौं परिच्छेद : प्रगतिशील समालोचक जयप्रसाद ढकालका समालोचनात्मक कृतिहरूको विश्लेषण

छैटौँ परिच्छेद : उपसंहार तथा निष्कर्ष

अन्त्यमा सन्दर्भग्रन्थसूची राखिएको छ ।

## दोस्रो परिच्छेद

## जयप्रसाद ढकालको सङ्क्षिप्त परिचय

### २.१ जयप्रसाद ढकालको जीवनी

#### २.१.१ जन्मस्थान र बाल्यकाल

नेपाली साहित्यमा समालोचकका रूपमा परिचित भएका समालोचक जयप्रसाद ढकालको जन्म १९९० साल, असोज १४ गते मेची अञ्चलको इलाम जिल्ला नाम्सालिङ गा.वि.स., वडा नं. ५ मा आफ्नो पैत्रिक घरमा भएको हो । स्व. कप्तान अविनारायण ढकालका दुई श्रीमतीमध्ये कान्छी श्रीमती मदनकुमारीका आठजना छोरी तथा दुई भाइ छोराहरूमध्ये जेठा छोराको रूपमा जयप्रसाद ढकालको जन्म भएको हो । हाल झापा जिल्लाको शनिश्चरे गा.वि.स. वडा नं. ३ मा स्थायी बसोबास गरिरहेका जयप्रसाद ढकालका पुर्खा सिन्धुपाल्चोक जिल्लाअन्तर्गत इन्द्रावती नदी पारिपट्टिबाट इलाम जिल्लाको नाम्सालिङमा आई स्थायी बसोबास गरेको कुरा उनी बताउँछन् ।[1]

जयप्रसाद ढकालका पिता लप्टन अविनारायण ढकाल राणाकालीन लप्टन भएकाले ढकाल परिवारको आर्थिक अवस्था सुदृढ रहेको पाइन्छ । आर्थिक सम्पन्नताका कारण जयप्रसाद ढकालको बाल्यकाल आफ्नै जन्मघर नाम्सालिङमा नै बितेको देखिन्छ । एक सम्भ्रान्त परिवारमा जन्मेका जयप्रसाद धेरै दिदी दाजुहरूपछिका भएकाले उनको बाल्यकाल ममतामय वातावरणमा बित्यो । चञ्चले स्वभाव तथा तीक्ष्ण बुद्धि भएका बालक ढकालको व्यक्तित्व विकासमा घरको ममतामय वातावरणका साथै नाम्सालिङको स्वच्छ, सुन्दर तथा शान्त हावापानी र सुन्दर परिस्थितिको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ ।[2]

तत्कालीन सामाजिक संस्कारअनुसार ढकालको विवाह सानै उमेरमा भएको देखिन्छ । १४ वर्षको किशोर अवस्थामा उनको पहिलो विवाह देवकुमारी बास्तोलासँग २००४ सालमा भएको बुझिन्छ ।[3] ढकालका अनुसार प्रथम श्रीमतीबाट लगभग १४ वर्षसम्म सन्तान

---

[1] शोधनायकबाट प्राप्त जानकारी अनुसार

[2] सोमनाथ पौडेल, **जयप्रसाद ढकालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, स्नातकोत्तर क्याम्पस, विराटनगर), पृ. ६ ।

[3] ऐजन ।

नभएकोले सन्तानको इच्छा पूरा गर्न उनले वि. स. २०१८ मा दोस्रो विवाह भारतको सिलाङ निवासी श्री ध्रुवनाथ जोशीकी छोरी जया जोशीसँग गरेको देखिन्छ । दोस्रो विवाहपश्चात् प्रथम श्रीमती देवकुमारीबाट पनि एक सन्तान भएको देखिन्छ । ढकालकी दोस्री श्रीमतीबाट तीनजना छोरा र एक जना छोरी गरेर जम्मा चार सन्तानहरूको जन्म भएको पाइन्छ ।[४] उनका जेठा र माइला क्रमशः समीर, सुधीर छोराहरू अमेरिकामा बसोबास गर्दै आएका छन् । यी छोराहरूले बाबुआमालाई अमेरिकाको भ्रमण बोलाएका कारण अमेरिका पुगेका दम्पती अमेरिका भ्रमण साथै उचित इलाज गराई स्वदेश फर्किंदा श्रीमती चुनू जया ढकाललाई काठमाडौंमा उत्रिँदाउत्रिँदै दमको रोगले समात्यो र तत्काल नै मृत्यु भएको दुःखद् समाचार उनको स्मृतिग्रन्थबाट थाहा पाइन्छ । हाल उनी एक्लो जीवन आफ्नै घर झापाको शनिश्चरेमा व्यतीत गरिहेका छन् ।

## २.१.२ शिक्षादीक्षा

एक शिक्षित परिवारमा जन्मेका ढकालको अक्षरारम्भ आफ्नै अग्रज दिदीदाजुबाट नै भएको पाइन्छ । राणाकालीन अन्धकारमय समयमा मानिसहरू अशिक्षित अवस्थामा नै जीवन व्यतीत गरिरहेका थिए । यस्तो अवस्थामा पनि शिक्षाको महत्त्वप्रति सचेत भई ढकालका पिताले आफ्ना छोराछोरीलाई आधुनिक अङ्ग्रेजी शिक्षक दार्जिलिङबाट झिकाई घरमै पढ्ने वातावरणको सृजना गरेका थिए । त्यसैअनुरूप ढकालको प्रारम्भिक शिक्षा घरमै भएको बुझिन्छ ।[५]

उनको औपचारिक शिक्षाको आरम्भ भारतको दार्जिलिङ गभर्नमेन्ट हाइस्कुलबाट सुरु भएको देखिन्छ । सन् १९४७ मा ढकाल उक्त स्कुलमा भर्ना भएका थिए ।[६] लगभग दुई वर्षको अध्ययनपछि ढकाल घर आएको बुझिन्छ । यसपछि उनले इलामको सदरमुकाममा स्थापित तत्कालीन पद्मोदय हाइस्कुल माध्यमिक विद्यालय (हालको आदर्श उच्च मा. वि. ) मा अध्ययन गरेका थिए । फेरि केही समयपछि त्यहाँ उचित शिक्षाको व्यवस्था नभएका कारण दार्जिलिङ नै गई माध्यमिक स्तरको पढाइलाई अगाडि बढाएको तर माध्यमिक तह ( म्याट्रिक कुलेसन एड्मिसन) परीक्षा भने बनारसको बी. एच. यु. बनारस हिन्दू विश्वविद्यालयबाट उत्तीर्ण गरेको देखिन आउँछ ।[७] किशोर अवस्थाको बढी चञ्चले स्वभावका कारण पढाइमा तीव्रता आउन नसकी एकचोटि म्याट्रिक परीक्षामा असफलताको

---

[४] ऐजन ।

[५] शोधनायकबाट प्राप्त जानकारी ।

[६] ऐजन ।

[७] ऐजन ।

परिणामसमेत भोग्न उनी बाध्य देखिन्छन् । साथै उनमा आएको विचलनले पढाइलाई केही बाधा गर्न खोजे पनि माध्यमिक तहको असफलताको चोटबाट उनले पाठ सिकी केही सचेत भई माध्यमिक तह राम्रै श्रेणीमा उत्तीर्ण गरेपछि उनले बनारसकै सेन्ट्रल हिन्दू कलेजमा भर्ना भई उच्च शिक्षा हासिल गर्न आरम्भ गरेको देखिन्छ ।[८] यस कलेजमा एक वर्षसम्म अध्ययन गरेपछि स्वदेश फर्की काठमाडौँको नेसनल कलेजमा आई. ए. दोस्रो वर्षमा भर्ना भई अध्ययनलाई निरन्तरता दिएको पाइन्छ । उनले यसै कलेजबाट प्रवीणता प्रमाण पत्र तह ( आई. ए.) र स्नातक तह उत्तीर्ण गरेको देखिन्छ । यसपछि उनले त्रिभुवन विश्वविद्यालयबाट राजनीतिशास्त्र विषयमा स्नातकोत्तर तहको पढाइ सुरु गरे तापनि दोस्रो वर्ष पूरा नहुँदै ठूलो व्यवहार र विभिन्न व्यवसाय आदि व्यावहारिक समस्याले गर्दा विश्वविद्यालय छोडेको देखिन्छ ।[९] विघ्नबाधाका बाबजुद पनि जयप्रसाद ढकालले बौद्धिकताका क्षेत्रमा परिचित भएका छन् र प्राप्त गरेका औपचारिक शिक्षाको व्यावहारिक क्षेत्रमा पनि प्रयोग गर्दै आएको देखिन्छ ।

## २.१.३ पेसा/व्यवसाय

जयप्रसाद ढकालको पैत्रिक सम्पत्ति नै प्रशस्त भएकाले आर्थिक अवस्था सुदृढ रहेको देखिन्छ । त्यसैले उनले घरायसी उद्योग, व्यापार तथा खेतीलाई नै आफ्नो आयआर्जनको स्रोत बनाएको पाइन्छ । उनी हाल पनि ठूलो परिमाणमा रबर उद्योग, अनारसको खेती तथा नरिवल-सुपारीजस्ता नगदे खेतीलाई नै अवलम्बन गरी आफ्नो जीविका चलाइरहेका छन् । आफ्नो मूल पेसा व्यापार-व्यवसाय भए पनि सामाजिक, साहित्यिक र बौद्धिक क्रियाकलापमा ढकाल जहिले पनि सक्रिय रहेका देखिन्छन् ।

## ३.१.४ भ्रमण तथा अनुभव

जयप्रसाद ढकालले विद्यार्थी जीवनकालमा तथा विभिन्न सन्दर्भमा नेपालका प्राय: सबै विकास क्षेत्रको स्थलगत भ्रमण गर्नुका साथै भारत तथा अमेरिकाका प्रमुख सहरहरूको भ्रमण गरेको कुरा उनका यात्रा संस्मरणहरूबाट जानकारी प्राप्त हुन्छ ।[१०]

## २.१.५ स्वभाव

जयप्रसाद ढकाल मझौला कद तथा गहुँगोरो वर्णमा शान्त तथा गम्भीर देखिन्छन् । भद्रता तथा मिलनशील उनको चरित्रका परिचायक हुन् भन्दा अस्वाभाविक हुँदैन । आफ्नो

[८] ऐजन ।

[९] ऐजन ।

[१०] श्रीमतीको सम्झनामा शोधनायकले प्रकाशित गरेको **जीवन स्मारक स्मृति ग्रन्थ**बाट प्राप्त जानकारी ।

भनाइमा दृढ हुनु उनको वैयक्तिक विशेषता झैँ लाग्छ । अलि औपचारिक जस्तो लागे पनि सरलता उनको स्वभावमा पाइने प्रशंसनीय गुण हो । आफूसँग सोधखोज गर्न आउने जोसुकैसगँलाई आफ्नो हार्दिक व्यवहारले प्रभाव पार्न उनी सक्षम देखिन्छन् । साहित्यप्रति रुचि राख्ने कुनै पनि व्यक्तिसँग साहित्यिक छलफलमा बस्दा उनी समय बितेको पत्तै पाउँदैनन् ।

व्यक्तिगत सरसफाइलाई सम्यताको परिचयात्मक ठान्ने ढकाल सधैँ सफा पहिरनमा देखिन्छन् । सर्वसाधरण नेपालीझैँ उनी सामान्यतया सर्टपाइन्ट नै लगाउँछन् । शारीरिक स्वास्थ्यका लागि शाकाहारी भोजन बढी फाइदाजनक हुने हुँदा ढकालले पनि शाकाहारी भोजन नै रुचाएको देखिन्छ ।

## २.६ सम्मान, पुरस्कार तथा कृतिहरू

कुनै पनि व्यक्तिमा अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गराउन अनुकूल वातावरणको आवश्यकता पर्दछ । अझ त्यसलाई निरन्तरता दिन उसको प्रतिभाको उचित कदर हुनुपर्छ अनि मात्र त्यसबाट प्राप्त हौसलाले उसको प्रतिभालाई अझ निख्खर बनाउन महत्त्वपूर्ण भूमिका खेल्छ । पुरस्कार तथा सम्मानले व्यक्तिको प्रतिभालाई प्रगतिको शिखरमा पुऱ्याउन अहम् भूमिका निर्वाह गर्छ । यसै सन्दर्भमा जयप्रसाद ढकालको साहित्यिक प्रतिभाको उचित कदर गर्दै नेपाली समालोचनाको क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेबापत् समना परिवार इलामले २०५४ साल माघ १४ गते विशाल कवि गोष्ठीको आयोजनामा उनलाई दोसल्ला ओढाएर अभिनन्दित गरेको कुरा उल्लेखनीय छ । त्यसैगरी नेपालको प्रजातन्त्र प्राप्तिका लागि पुऱ्याएको योगदानको कदर गर्दै नेपाल सङ्ग्राम सेनानी समूहद्वारा बिर्तामोडमा २०५३ सालमा 'प्रजातन्त्र सेनानी' उपाधिबाट उनलाई सम्मानित गरिएको देखिन्छ । त्यस्तै नेपाली साहित्यमा उनले गरेको योगदानबापत् २०५२ मा देवकोटा स्मृति भवन भद्रपुर झापा, २०५९ मा नवरङ्ग साहित्य प्रतिष्ठान धरमपुर झापाबाट र २०६० मा धरणीधर पुरस्कार प्रतिष्ठान विराटनगरले ढकाललाई सम्मानित गरेको कुरा थाहा पाइन्छ ।[११] यस्ता अनेकौँ उत्साहप्रद कार्यले साहित्यककार ढकाललाई अझ शक्ति प्रदान गरेको महसुस हुन्छ ।

समालोचक ढकालका साहित्य सेवासँग सम्बन्धित समालोचनात्मक र अन्य ग्रन्थहरू पुस्तकाकार रूपमा प्रकाशित कृतिहरू निम्नानुसार छन् :

---

[११] डिकमान विरही **जनआन्दोलन** साप्ताहिक (२०६४ साउन १ गते ) पृ. ४ ।

१. **साहित्य र संस्कृति** (२०५२)

२. **आधुनिक नेपाली आलोचना** (२०५७)

३. **आधुनिक नेपाली पत्रजगत्** ( २०५९ समीक्षा

## २.२ जयप्रसाद ढकालको व्यक्तित्व

जयप्रसाद ढकाल नेपाली बौद्धिक जगत्का सशक्त प्रतिभाका रूपमा स्थापित भएका छन् । उनी पेसामा व्यापार-व्यवसायी भए पनि नेपाली भाषा-साहित्य र समाजका सेवक पनि हुन् । समग्रमा नेपाली जगत्का बहुमुखी प्रतिभा भएका जयप्रसाद ढकाल नेपाली साहित्यकार हुन् र विशेष रूपमा हेर्दा नेपाली साहित्यका सशक्त समालोचक एवम् बौद्धिक व्यक्तित्व हुन् । यसै सन्दर्भमा यहाँ साहित्यकार ढकालका व्यक्तित्वका विविध पाटाहरूको सङ्क्षिप्त चर्चा निम्नानुसार गरिएको गरिएको छ :

### २.२.१ साहित्यिक व्यक्तित्व व्यक्तित्व

पूर्वीय मान्यताअनुसार साहित्यको प्रयोजन धर्म, अर्थ, काम र मोक्ष प्राप्ति तथा अलौकिक आनन्द प्राप्तिका लागि होस् या पश्चिमी मान्यताअनुसार मानसिक शान्ति प्राप्तिका लागि होस् साहित्यले जीवन र जगत्को सौन्दर्य तथा वास्तविकता खोजी गर्ने कुरा सर्वमान्य तथ्य हो । यसै तथ्यअनुरूप ढकाल पनि साहित्यसेवामा समय बिताउन पाउँदा आफ्नो जीवन सफल भएको ठान्दछन् । साहित्यले जीवन र जगत्को वास्तविकतालाई देखाउने कुराप्रति दृष्टिपात गर्दै खासगरी समालोचनाको माध्यमले साहित्यलाई यथार्थ र व्यावहारिक धरातलबाट उत्थान गर्न प्रयासरत देखिन्छन् । वर्तमान साहित्यमा देखापरेको विसङ्गतिवादी लेखनले साहित्यको वास्तविक सौन्दर्यलाई नष्ट गरिरहेको तथ्यप्रति सबै साहित्यसर्जक सचते हुनुपर्ने आवश्यकता औंल्याउने ढकालले यथार्थवादी समालाचना धारालाई अँगालेको कुरा थाहा हुन्छ ।[१२] ढकालको साहित्यिक व्यक्तित्वलाई निम्नानुसार विभिन्न उपचरणमा विभाजन गरी अध्ययन गरिएको छ :

#### २.२.१.१ समालोचक व्यक्तित्व

नेपाली साहित्यमा जयप्रसाद ढकाल समालोचकका रूपमा स्थापित प्रतिभा हुन् । समालोचकले राजहंसले दूध र पानी छुट्याएझैं सत्यान्वेषण गर्न सक्नुपर्छ त्यसैले सफल समालोचक बन्न गाह्रो कार्य हो । साँचोझुटो तथा सत्यासत्यलाई यथार्थ रूपमा प्रस्तुत गरी

[१२] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

पाठक समक्ष आफ्नो प्रभाव छोड्न सफल ढकाल २१ औं शताब्दीको मध्यतिरका नेपाली समालोचनाका एक यथार्थवादी समालोचक हुन् भन्ने कुरा उनका प्रकाशित लेख तथा रचनाबाट स्पष्ट हुन्छ । वर्तमान परिप्रेक्षमा विश्व साहित्यमा देखापरेको विसङ्गतिवादको प्रभाव नेपाली साहित्यमा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा परिहेको तथ्यलाई मध्यनजर गर्दै त्यसबाट नेपाली साहित्यको सौन्दर्यलाई जोगाउन उनले यथार्थवादी समालोचनालाई अँगालेको देखिन्छ । **साहित्य र संस्कृति** (२०५२) ढकालको पहिलो समालोचनात्मक पुस्तकाकार प्रमुख कृति हो जसमा नेपालका प्रमुख साहित्यकारका विभिन्न कृतिहरूको यथार्थवादी दृष्टिले समालोचना गरिएको छ । त्यसपछि उनको **आधुनिक नेपाली आलोचना** ( २०५७) समीक्षात्मक दोस्रो पुस्तक प्रकाशित भएको देखिन्छ । यसमा राष्ट्रका महान् लेखक, कलाकार, मेची अञ्चलका केही साहित्यकार र आञ्चलिक साहित्यको सङ्क्षिप्त विवेचना गरिनाका साथै साहित्य, इतिहास र आधुनिकताको सन्दर्भको पनि लघु चर्चा गरेको पाइन्छ । त्यसपछि समालोचक ढकालको तेस्रो समालोचनात्मक कृतिको रूपमा **आधुनिक नेपाली पत्रजगत्** (२०५९) प्रकाशित भएको छ ।

उनले यी समालोचनात्मक कृतिहरूमा नेपाली साहित्यका विभिन्न कृति र कृतिकारहरूलाई यथार्थवादी तथा तुलनात्मक कसीमा जाँचेर त्यसको मूल्य निर्धारण गर्ने काम गरेका छन् । ढकाल नेपाली साहित्यको समालोचना क्षेत्रमा विशिष्ट अध्ययनशील समालोचक हुन् ।

## २.२.१.२ कवि व्यक्तित्व

कविता विश्व साहित्यकै अति प्राचीन विधामा मात्र नभएर अति स्वाभाविक रूपमा मान्छेका विचार तथा भावनाको रसात्मक अभिव्यक्ति हो । प्रायश: साहित्यकारहरूको साहित्यसृजनाको आरम्भ कविताबाट नै हुन्छ । यस तथ्यबाट ढकाल पनि अलग रहन सकेनन् । उनले स्कुले जीवनदेखि नै फुटकर कविता लेखी विभिन्न कविगोष्ठीहरूमा वाचन गर्ने गरेका बताए पनि उनको प्रथम प्रकाशित फुटकर कविता भने 'उषा पलाउला कि?' ( २०१३)[१३] नै भएको भन्ने बुझिन्छ । त्यस्तै "सपना"[१४] तथा "एक रातको भेट"[१५] आदि उनका फुटकर कविताहरू विभिन्न पत्रिकामा प्रकाशित भएका छन् । खासगरी युवा जोस

---

[१३] जयप्रसाद ढकाल 'उषा पलाउला कि?' **रहर** (बनारस : चूडामणि रेग्मी : २०१३) ।

[१४] जयप्रसाद ढकाल 'सपना' 'इन्दु' (१/१ : १०१७ वैशाख/जेष्ठ) ।

[१५] जयप्रसाद ढकाल 'एक रातको भेट' **छहारी** (१/२/३, २०१५ असोज/मङ्सिर) ।

तथा उमङ्गको छचल्कोसँगै लेखिएका उक्त कविताहरूमा बढी प्रेमप्रणय तथा भावनात्मकजस्ता विषयहरू रहेका छन् ।

### २.२.१.३ कथाकार व्यक्तित्व

जयप्रसाद ढकाल बहुमुखी प्रतिभा सम्पन्न साहित्यकार भएकाले आख्यान विधाअन्तर्गत कथा विधामा पनि उनले आफ्नो प्रतिभालाई प्रस्तुत गरेको देखिन्छ । आख्यान विधाअन्तर्गत उनले कथा विधामा कलम चलाएका छन् । उनका विभिन्न पत्रपत्रिकामा प्रकाशित कथाहरू निम्नानुसार छन् :

१. 'कन्नेदान'[१६]

२. 'कथा'[१७]

यी कथाका अतिरिक्त उनले अरू पनि कथा लेखेका भए पनि यिनै कथालाई उनको कथाकार व्यक्तित्वको परिचयको रूपमा लिइन्छ । वर्णनात्मक शैलीमा लेखिएका उक्त कथाहरूमा सामाजिक कुरीतिप्रतिको विद्रोहको विगुल फुकिएको पाइन्छ । केही कथाहरूमा सामाजिक असमानताको समेत चित्रण गरिएको पाइन्छ । सरल भाषाशैलीमा लेखिएका उक्त कथाहरू कथाकार ढकालका आभ्यासिक लेखनका परिचायकझैँ प्रतीत हुन्छन् तर पनि सामयिक र प्रभावकारी भने पर्याप्त छन् ।

### २.२.१.४ स्मृति लेखक व्यक्तित्व

गद्यलेखनका विभिन्न पक्षअन्तर्गत स्मृतिलेखन पनि एक पक्ष हो । स्मृति साहित्य संस्मरणकै नयाँ स्वरूप भएकाले ढकालको शब्दप्रयोग (स्मृति साहित्य) मात्र केही नौलो देखिन्छ । वास्तवमा कुनै व्यक्ति, वस्तु वा घटनाका सम्बन्धमा लेखक साक्षात्कार भएर त्यसबाट उसमा परेको प्रत्यक्ष असरलाई व्यक्तिगत अनुभूतिमा ढालेर लेखिने लेखाइ नै स्मृति हो । त्यसलाई समाजोपयोगी बनाई प्रस्तुत गरेपछि स्मृतिले साहित्यको रूप लिन्छ र त्यसैलाई स्मृति साहित्य साहित्य भनिन्छ । ढकालले विभिन्न पत्रपत्रिकामार्फत् स्मृति साहित्यलाई पाठक समक्ष प्रस्तुत गरेको देखिन्छ । उनले हाल स्वर्गीय धर्मपत्नी जयादेवी ढकाल 'चुनू' का स्मृतिमा **जीवन-स्मारक** पुस्तक आफ्नै निगरानी र अनुरोधमा प्रकाशित गरेका छन् ।

---

[१६] जयप्रसाद ढकाल 'कन्नेदान' **नौलो पाइलो** (१/२ : २०१३ साउन) ।

[१७] जयप्रसाद ढकाल 'कथा' **नौलो पाइलो** (२/१ २०१३ असोज) ।

### २.२.२ साहित्येतर व्यक्तित्व

### २.२.२.१ सामाजिक व्यक्तित्व

मानिस सामाजिक प्राणी भएकाले समाजमा नै उसको व्यक्तित्वको विकास हुन्छ । व्यक्ति-व्यक्ति मिलेर समाजको निमार्ण भएको हुन्छ भने समाजले पनि व्यक्तिको व्यक्तित्वको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । अर्कातिर समाजमा पनि व्यक्तिको अहम् भूमिकालाई नकार्न सकिँदैन । यसरी व्यक्ति र समाजबीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । यसकारण कुनै व्यक्तिको चर्चा गर्दा उसको सामाजिक व्यक्तित्वको चर्चा गर्नु अनिवार्य देखिन्छ ।

समाजवादी विचारधाराबाट प्रभावित ढकालले समाजको विकास लागि कतिपय महत्त्वपूर्ण काम गरेको देखिन्छ । यस्ता सामाजिक कार्यहरूमा बाँध, पैनी, मठमन्दिर आदिको निमार्ण, विभिन्न सामाजिक सङ्घसंस्थाहरूलाई जग्गा दान तथा आर्थिक सहयोग गर्ने आदि कार्यहरू गरेको पाइन्छ । उनले झापा, शनिश्चरे बजार नजिक पर्ने बिरिङ्ग खोलाको कटानले गर्दा शनिश्चरे बजारलाई खतरा पुऱ्याउने सम्भावनादेखि त्यस अवस्थाबाट जनधनको क्षति रोक्न उक्त खोलाको तटबन्धनमा सक्रिय भूमिका निभाएको कुरा स्थानीय बासिन्दाहरू बताउँछन् ।[१८] ढकाल शिक्षा प्रेमी व्यक्ति भएकाले मेची बहुमुखी क्याम्पसमा नेपाली विषयको स्नातकोत्तर कक्षा सञ्चालननार्थ उल्लेखनीय आर्थिक सहयोग गर्ने अग्रपङ्क्तिमा ढकाल रहेको बुझिन्छ ।[१९] त्यस्तै मेची अञ्चल अस्पताल भद्रपुरको एउटा कोठा निमार्ण गरिदिएको पनि देखिन्छ । ढकालले २०२१ सालदेखि २०२३ सालसम्म शनिश्चरे मा. वि. झापाको सञ्चालक समितिको सचिव भएर विद्यालयको विकास निर्माणसम्बन्धी कार्य पनि गरेका छन् । सोही विद्यालयमा २०२४ सालदेखि २०२७ सालसम्म सञ्चालित लक्ष्मी इन्टरकलेजम लगभग चार वर्षसम्म राजनीतिशास्त्र विषयको अध्यापन बिना पारिश्रमिक स्वयंसेवा गरेको विद्यालयको अभिलेखबाट थाहा हुन्छ । सामाजिक भावना भएका ढकाल सामाजिक कार्यमा कति पनि पछि परेका देखिँदैनन् । हालै मात्र उनले शनिश्चरेस्थित क्षेत्रीय स्वास्थ्य चौकीलाई जग्गा प्रदान गरेको कार्यले पनि उनको समाज सेवाको भावना स्पष्ट झल्किन्छ ।

यसरी जयप्रसाद ढकाल सक्रिय समाजसेवी व्यक्तित्व हुन् । उनी आफ्ना क्षमताअनुसार आफ्नो समाजको उत्थान र प्रगतिका निम्ति तल्लीन रहने व्यक्तित्व पनि

---

[१८] स्थानीय प्रबुद्ध व्यक्तिहरूबाट प्राप्त जानकारी

[१९] मेची क्याम्पसको विज्ञान विभागको चन्दादाता नामावली अध्ययनबाट प्राप्त जानकारी ।

हुन् । ढकालले सामान्य सामाजिक काम देखि लिएर विभिन्न सङ्घसंस्थाका उच्च पदमा समेत रही सामाजिक सेवाको काम गरेको देखिन्छ । तसर्थ जयप्रसाद ढकाल जति मात्रामा साहित्यकार हुन् त्यत्तिकै मात्रामा समाजसेवी पनि हुन् । उनको यस समाजसेवी व्यक्तित्वले उनी संलग्न गरेका क्षेत्रमा ठूलै लाभ भएको छ । त्यस क्षेत्रसँगै संलग्न व्यक्तिहरूले पनि ठूलै योगदान भएको महसुस गरिरहेका छन् । उनको सामाजिक कार्यको चर्चा गर्दा झापाको बौद्धिक व्यक्तित्व एवम् शनिश्चरे मा. वि. का तत्कालीन २०२१ तिरका प्रधानाध्यापक मोहन जोशी भन्दछन् : 'उनी उदार भावनाले सामाजिक कार्यमा लाग्ने व्यक्ति हुन् ।'[२०] यसले पनि उक्त कुराको पुष्टि हुन्छ ।

## २.२.२.२ राजनैतिक व्यक्तित्व

देशको राजनीतिले व्यक्तिको जीवनमा प्रत्यक्ष वा अप्रत्यक्ष जस्तो रूपमा भए पनि प्रभाव पारेको हुन्छ । अझ मानिस चेतनशीत एवं विवेकशील प्राणी भएकोले उसको विचार तथा विवेकले कुनै पनि कुरामा कसीको काम गर्न सक्छ । त्यसैले मान्छेले राजनीतिक विचारको चयन गर्दा आफ्नो अनुकूल वा विवेकले ठानेको विचारमा आबद्ध हुनुपर्दछ । यसका अतिरिक्त कुनै राजनैतिक विचारको अवलम्बन गर्नुमा उसको परिवेशले पनि प्रभाव पारेको हुन्छ । त्यसैले मान्छेलाई विचारले बाँध्ने प्राणी भनिएको हुनपर्दछ ।

जयप्रसाद ढकालले छात्रजीवनदेखि नै मार्क्सवादी राजनैतिक चिन्तनमा आबद्ध भई कम्युनिस्ट पार्टीका कार्यकर्ता भएर राजनीतिमा पर्दापण गरेको देखिन्छ । प्रगतिवादी समालोचक डी.पी. अधिकारीले अँगालेको राजनैतिक चिन्तनले ढकालमा प्रेरणाको काम गरेको बुझिन्छ । विद्यार्थी जीवनदेखि नै विभिन्न राजनैतिक गतिविधिमा ढकालको संलग्नता भएको प्रस्ट हुन्छ । विद्यार्थी हककितका कुरादेखि लिएर विभिन्न राष्ट्रिय सवालमा पनि उनको सक्रिय संलग्नता रहेको देखिन्छ । २००७ सालपछि आएको अस्थिर राजनीतिक परिस्थितिले नागरिक हक एवम् अधिकारको उल्लङ्घन भई देशमा पुन निरङ्कुश शासन हाबी हुन लागको थियो । यसै परिप्रेक्ष्यमा देशमा आमनिर्वाचन गर्न अविलम्ब मिति तोक्नुपर्छ भनी प्रजातान्त्रिक मोर्चा (नेपाली काङ्ग्रेस, नेपाल राष्ट्रिय काङ्ग्रेस र नेपाल प्रजा परिषद्) ले गरेको भद्रअवज्ञा आन्दोलनमा ढकालले उपत्यका इन्टर कलेज युनियनका कार्यवाहक सभापतिको हैसियतले विद्यार्थीहरूको ठूलो सङ्ख्याको नेतृत्वसहित मोर्चाले आयोजना गरेको २०१४ माघ २२ गतेको ठूलो विरोध प्रदर्शनमा सक्रिय रूपमा भाग लिएका

[२०] सोमनाथ पौड्याल, पूर्ववत्, पृ. १८ ।

थिए ।[२१] ढकालको राजनैतिक विचारधारा तथा राजनैतिक जीवनका बारेमा झापाली साहित्यकार दान खालिङ लेख्छन् : "हाम्रो समयको सबभन्दा शक्तिशाली राजनैतिक दर्शनले उनी दीक्षत भए यौवनको संघारमै त्यसले गर्दा उनी उत्तेजित भए उनी जहाँ पनि तर्क गर्ने ............।[२२] यस भनाइबाट पनि उनले मार्क्सवादी साजनैतिक चिन्तनलाई आफ्नो राजनैतिक विचारधाराका रूपमा आम्मसात् गरेको कुरा स्पष्ट हुन्छ । उनको राजनैतिक चिन्तनले आरम्भिक कालको उनको लेखाइमा प्रशस्त प्रभाव पारेको देखिन्छ । यसै दर्शनलाई अँगालेर अगाडि बढ्दै गएका ढकाल २०१८ साल (सन् १९६२) तिर प्रगतिशील लेखक सङ्घ नेपालका सचिव भएको देखिन्छ ।[२३] समय र परिस्थितिले मान्छेको सोचाइ वा चिन्तनमा परिवर्तन ल्याँउछ । सम्भ्रान्त परिवारमा जन्मिएका ढकाल एक समाजवादी चिन्तन हुनु आफैमा महत्त्वपूर्ण कुरा हो । विश्वराजनीतिमा साम्यवादी व्यवस्था असफल हुँदै जानु तथा आफ्नै परिवारमा कम्युनिस्ट व्यवस्थावादीहरूको निर्मम प्रहारबाट आफ्नो दाजुको हत्या हुनु आदि कारणहरूले उनको वैचारिक धरातलमा खलबल तथा हलचल पैदा भएको देखिन्छ । फलस्वरूप आफूले अँगाल्दै आएको राजनैतिक चिन्तनप्रति वितृष्णा जागेको पाइन्छ । यसले उनको साहित्यिक जीवनमा पनि केही नकारात्मक असर गरेको देखिन्छ ।

यस पश्चात् पञ्चायती व्यवस्थालाई उपयोग गर्दै तत्कालीन व्यवस्थामा राष्ट्रिय पञ्चायतमा वर्गीय सङ्गठनहरूको प्रतिनिधित्व गर्ने व्यवस्था भए अनुरूप स्नातकहरूको वर्गीय सङ्गठन रा. प. सदस्यका लागि उम्मेद्वार भए पनि विजयी हुन सकेको देखिँदैन । पञ्चायती व्यवस्थामा यस्ता सानातिना राजनैतिक गतिविधि गरे पनि उनका ती प्रयासहरू खासै सफल भएको पाइँदैन ।

ढकाल हाल आएर सक्रिय राजनैतिक जीवनबाट टाढा रहे पनि वर्तमान परिप्रेक्ष्यमा प्रजातन्त्र नै विश्वको एक मात्र निर्विकल्प राजनैतिक प्रणाली भएको आत्मसात् गर्दै प्रजातन्त्रमै आफ्नो विश्वास भएको बताउँछन् ।[२४]

## २.२.२.३ मिलनसार व्यक्तित्व

मानिस सामाजिक प्राणी भएकोले ऊ समाजदेखि अलग रहन सक्दैन । त्यसैले व्यक्ति पूर्ण रूपमा आफैँमा निर्भर रहन सक्दैन । प्रकृतिले नै मान्छेलाई एकअर्कामा निर्भर बनाएको

---

[२१] सुरेन्द्र बहादुर के.सी., **नेपाल कम्युनिष्ट आन्दोलनको इतिहास** (पहिलो भाग), (काठमाडौंः विद्यार्थी पुस्तक भण्डार २०५७)

[२२] दान खालिङ् 'साहित्य र संस्कृतिमा जयप्रसाद ढकाल', **समकालीन** साप्ताहिक (काठमाडौं २०५२ चैत्र २९ गते)

[२३] जयप्रसाद ढकाल, **साहित्य र संस्कृति** (झापा : श्रीमती चुनू ढकाल : २०५२)

[२४] शोधनायकबाट प्राप्त जानकारी ।

जस्तो लाग्छ । त्यसैले होला मान्छेले अनेक मित्र बनाउँछन् । बालक होस् वा युवक अथवा वृद्ध नै किन नहोस् हरेक व्यक्तिले आफूमा अनुकूलको मित्र बनाउँछन् । जयप्रसाद ढकाल साहित्यप्रेमी व्यक्ति भएकाले कतिपय प्रसिद्ध साहित्यकारका साथै आफ्ना समकालीन तथा स्थानीय धेरै साहित्यकारसगँ गहिरो मित्रता भएको उनी बताउँछन् । त्यसका अतिरिक्त आफ्ना गृहस्थी जीवनमा पनि अनेकौं मित्रहरू बनाउन उनी सफल देखिन्छन् । आफ्ना मित्रहरूलाई परिआएको बेलामा तन, मन, वचन र कर्मले सहयोग गर्नु उनको विशेषता देखिन्छ । एक असल मित्रका लागि सर्वस्व अपर्ण गर्न पछि नपर्ने ढकाल मित्रमाथि धोका गर्नु अपराध ठान्छन् । धेरै समयदेखि उनका सम्पर्कमा रहनु भएका मित्र रुद्र न्यौपानेका विचारमा उनी मित्रताको पूर्ण निर्वाह गर्ने असल मित्र हुन ।[२५]

## २.२.२.४ बौद्धिक व्यक्तित्व

अध्ययन-अध्यापनले व्यक्तिको ज्ञान तथा बौद्धिकताको विकास गर्ने कुरालाई कसैले नकार्न सकिँदैन । ढकाल एक अध्ययनशील व्यक्ति भएको हुँदा उनले समाज, राजनीति, साहित्य आदि कुनै विषयमा आफ्नो सारगर्भित तर्क प्रस्तुत गर्ने गरेको पाइन्छ । उनी राजनीतिशास्त्रको छात्र भएको नाताले राजनीतिकका अनेक चर्चित सिद्धान्तको राम्रो अध्ययन गरेको देखिन्छ । त्यसैले उनले विभिन्न सभागोष्ठीमा भाग लिने गरेको देखिन्छ । विगतदेखि हालसम्म पनि उनको यो परम्परा कायमै छ ।

## २.२.२.५ पारिवारिक व्यक्तित्व

जयप्रसाद ढकाल एक सम्भ्रान्त साथै एक बृहत् परिवारमा जन्मिएका व्यक्ति हुनाले एक असल गृहस्थीमा हुने सबै गुणहरू उनमा पूर्ण रूपमा भेटिन्छ । आफूले पनि उच्च शिक्षा हासिल गरेका हुँदा आधुनिक युगमा व्यक्तिको शिक्षादीक्षा दिने कार्य तथा अन्य कतिपय पारिवारिक दायित्व निभाउन उनी सफल देखिन्छन् । उनले अक्षरारम्भ आफ्ना अग्रज दाजुदिदीबाट गरेको हुनाले उनी सानैदेखि नै मिलनसार तथा मिहिनेती व्यक्ति हुन् भन्ने कुरा थाहा हुन्छ । उनले आफ्ना सन्तानहरूलाई राम्रो स्कुल, कजेलमा शिक्षा लिने व्यवस्था मिलाई दिएका थिए । आफ्ना सन्तानले विदेश (अमेरिका) जस्ता मुलुकमा गएर पढाइमा उच्च स्थान ल्याउन सफल भएकामा उनी खुशी व्यक्त गर्दछन् । यसरी ढकाल आफ्नो परिवार राम्ररी सञ्चालन गरी बस्नुका साथै आफ्ना आफन्तजनहरूमा उनको राम्रो

[२५] स्थानीय रुद्र त्यौपानेबाट प्राप्त जानकारी अनुसार ।

सम्बन्ध भएको कुरा बुझिन्छ । सबै व्यक्तिहरूका लागि उनको घरद्वार खुल्ला रहेको देखिन्छ । यसबाट उनको पारिवारिक जीवन सफल रहेको पाइन्छ ।

समग्रमा उनी उनका नतागोता तथा परिवारभित्र एक असल तथा सरल प्रतिष्ठित व्यक्तिका रूपमा स्थापित भएका देखिन्छन् । गाउँ, समाजमा सबैले उनलाई "जय काका" भनी सम्बोधन गर्नुबाट उनको लोकप्रियता तथा पारिवारिक प्रशंसा उच्च रहेको कुरा स्पष्ट हुन्छ ।

## २.७.९ अन्य व्यक्तित्व

अन्य व्यक्तित्वमा अध्ययनशील व्यक्तित्व, अभिप्रेरक व्यक्तित्व, नेतृत्वशील व्यक्तित्व पर्दछन् । उनका व्यक्तित्व आन्तरिक तथा बाह्य दुवै पक्षको अध्ययन गर्दा उनको व्यक्तित्वको प्रमुख पक्ष साहित्यिक व्यक्तित्व नै देखिन्छ । साहित्यको फाँटमा पनि उनी स्रष्टाभन्दा दृष्टाकै रूपमा सफल देखिन्छन् । मिलनशीलता, स्पष्टता, तार्किकताजस्ता उनका व्यक्तित्वमा देखिने प्रमुख विशेषता हुन् । सामाजिक भावना भएका व्यक्ति हुनाले गाउँसमाजमा उनी लोकप्रिय देखिन्छन् । उनको प्रमुख क्षेत्र साहित्य भएकाले साहित्यको अनुशीलनमा आफ्नो अधिकतम समय बिताएको देखिन्छ । आफ्नो कोठामा बसेर घन्टौँघन्टासम्म एकाग्र भई अध्ययन गर्ने अथवा पुस्तकालयका सबै पुस्तक पढिसक्ने हिम्मत गर्ने ढकाल साँच्चै अध्ययनशील व्यक्ति हुन् । अनेक विषयका पुस्तक, पत्रिकाहरू पढ्नु नै आफ्नो प्रमुख सौख रहेको बताउने ढकाल तीन रात तीन दिनसम्म एकोहोरो पढ्न सक्ने व्यक्तिका रूपमा रहेको पनि जानकारी हुन आएको छ ।[२६]

ढकाल साहित्यमा यथार्थवादी समालोचकका रूपमा आफूलाई प्रस्तुत गरिहेका छन् । समग्रमा भन्नुपर्दा ढकाल ५० को दशकका एक यथार्थवादी समालोचकका रूपमा देखिएका छन् । राजनीतिक नेतृत्वभन्दा प्राज्ञिक नेतृत्व नै मन पराउने ढकाल साँच्चै बौद्धिक नेतृत्वका प्रतिभा हुन् भन्न सकिन्छ ।

[२६] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

## तेस्रो परिच्छेद

## समालोचनाको सैद्धान्तिक स्वरूप

### ३.१ समालोचनाको अर्थ र परिमाण

साहित्यका मूलभूत रूपमा दुईवटा पाटाहरू रहेका छन् : सिर्जना र समालोचना । यी दुवै परस्परमा अन्योन्याश्रित विधाहरू हुन् । सृजनात्मक विधाहरूको तुलनामा समालोचना नयाँ विधा हो तथापि समालोचना र सृजनात्मक विधाका बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको छ । समालोचना शब्दको अर्थ 'राम्ररी हेर्ने साधन' वा 'विशिष्ट हेराइ' भन्ने हुन्छ । यसको व्युत्पत्ति हेर्दा सम्+आ+लोच्+(ल्युट्+अन) +आ बाट 'समालोचना' शब्दको निर्माण भएको हो । यो शब्द अङ्ग्रेजीको क्रिटिसिज्म (Critisism) शब्दको पर्यायवाची शब्दको रूपमा नेपालीमा आएको हो । यस शब्दलाई क्राइटेस (Krites) शब्दबाट बनाइएको भनिन्छ र यसको अर्थ बेग्ल्याउनु, भिन्न देखाउनु, निर्णय गर्नु, छिन्द्रान्वेषण गर्नु हो ।[२७] नेपालीमा Criticism को रूपान्तरण शब्दको रूपमा 'समालोचना' शब्दको प्रयोग भएको छ । यसको अर्थ कृतिको गुण-दोष केलाई त्यसको मूल्याङ्कन गर्नु भन्ने हुन्छ ।[२८]

नेपाली साहित्यको समीक्षा परम्परामा समालोचनाको प्रारम्भिक चरण निकै विवादास्पद रह्यो । समालोचना र आलोचना शब्दका अर्थले निकै लामो रडाको मच्चाइरह्यो । आलोचना भनेको मात्र टीकाटिप्पणी हो र समालोचना भनको चाहिँ गुण र दोषको छानबिनसमेत हो भन्ने जस्तो विभेदक अर्थ लगाउने पनि काम भयो । यद्यपि अङ्ग्रेजीमा Criticism र हिन्दीमा आलोचना शब्दले नै समालोचनाको अर्थ वहन गरेको देखाइएको छ । यस दृष्टिले आलोचना नै समालोचना हो र समालोचना नै आलोचना हो भन्ने कुरा सिद्ध हुन्छ ।[२९]

समालोचना र आलोचना शब्द सामान्य रूपमा एउटै अर्थबोधक भए पनि नेपाली परम्परामा दोषदर्शन र गुणदर्शन क्रमले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने परम्परा रहेकाले आलोचना दोषदर्शनतर्फ बढी प्रयोग हुँदै आएकाले समीक्षा वा मूल्याङ्कनका लागि समालोचना शब्द नै नेपालीमा स्वीकार्य हुँदै आएको पाइन्छ । समग्रमा भन्दा साहित्यिक

---

[२७] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **नेपाली गद्यभाषा साहित्य र इतिहास**, (काठमाडौँ : नवीन प्रकाशन २०६०), पृ. ३०७ ।

[२८] ऐजन ।

[२९] राजेन्द्र सुवेदी, **नेपाली समालोचना परम्परा र र प्रवृति**, (बनारस : भूमिका प्रकाशन, २०६१), पृ. ९ ।

कृतिको गुणदोषलाई वस्तुपरक दृष्टिले हेरी त्यसको मूल्याङ्कन गर्नु समालोचना हो भन्न सकिन्छ । कुनै साहित्यकारको विशेषता वा साहित्यिक कृतिको गुणदोषको विवेचना, व्यक्ति, कृति, लेखप्रबन्ध आदिको आलोचना, समीक्षा, मूल्याङ्कन नै समालोचना हुन् ।

यस क्रममा समालोचना विधा सृजनात्मक साहित्यका बारेमा लेखिएको साहित्य हो । साहित्यकारको मर्मलाई पाठकसमक्ष पुऱ्याउने काम समालोचनाले गरेको हुन्छ । समालोचना विधामा विवेक र चिन्तन प्रबल रहन्छ । समालोचना विचार र बुद्धिको उपज हो भने सृजना भाव र संवेदनाको उपज हो । त्यसैले यी दुईबीच अन्योन्याश्रित सम्बन्ध हुन्छ । यस भनाइबाट समालोचनाको अर्थ र उपयोगिता स्पष्ट भएको देखिन्छ । यसै क्रममा पूर्वीय तथा पश्चिमी विद्वान्हरूले दिएका परिभाषाहरू हेर्नु उपयुक्त देखिन्छ ।

## ३.२ पूर्वीय साहित्यको समालोचना यात्रा तथा परिभाषा

### ३.२.१ पूर्वीय समालोचना यात्रा

पूर्वीय साहित्यमा समालोचनाको प्रारम्भ करिब इ.पू. दोस्रो शताब्दीतिरका भरतले **नाट्यशास्त्र** नामक ग्रन्थ लेखेर आरम्भ गरेको पाइन्छ । छैटौँ शताब्दीका भामहले **काव्यालङ्कार** नामको पुस्तक लेखेर समालोचना क्षेत्रको सैद्धान्तिक पक्षलाई विशेष जोड दिएका छन् । सातौँ शताब्दीका दण्डीले **काव्यादर्श**, आठौँ शताब्दीका वामनले **काव्यालङ्कार सूत्रवृत्ति**, रुद्रटले **काव्यालङ्कार**, नवौँ शताब्दीका आनन्दवर्धनले **ध्वन्यालोक**, दसौँ शताब्दीका राजशेखरले **काव्यामीमांसा**, दसौँ शताब्दीकै अभिनवगुप्तले **ध्वन्यालोकको टीका**, मम्मटले **काव्यप्रकाश**, चौधौँ शताब्दीका विश्वनाथले **साहित्यदर्पण** र सत्रौँ शताब्दीका जगन्नाथले **रसगङ्गाधर**जस्ता सिद्धान्तका कृति लेखेर पूर्वीय साहित्य समालोचनाका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । अन्य थुप्रै काव्य समालोचक उद्भट, रूद्रट, धनञ्जय, कुन्तक, भोजराज, जयदेवजस्ता चिन्तकहरू पनि यसै परम्परामा देखिएका छन् । यी चिन्तकहरू पनि भावकेन्द्री र कलाकेन्द्री गरी दुई स्वरूपीय समालोचकका रूपमा अगाडि बढेका छन् । भामह, दण्डी, वामन र कन्तक क्रमशः अलङ्कार, रीति र वक्रोक्तिलाई प्रमुख मान्ने हुँदा यिनीहरू कलाकेन्द्री समालोचकभित्र पर्दछन् । भरत, आनन्दबर्द्धन, मम्मट, विश्वनाथ, जगन्नाथजस्ता विद्वान्हरू रस र ध्वनिलाई प्रधानता दिने हुनाले सैद्धान्तिक समालोचकका रूपमा देखिन्छन् । नेपाली समालोचना उक्त पूर्वीय समालोचना परम्पराबाट धेरै प्रभावित देखिन्छ र पूर्वबाटै निर्देशित पनि छ ।

## ३.२.२ पूर्वीय काव्यशास्त्रमा समालोचनाको परिभाषा

शाब्दिक रूपमा काव्य भनेको कविले रचना गरेको सृजना हो । पूर्वमा (ऋग्वेदमा) कवि शब्दलाई ब्रह्माका रूपमा लिइन्थ्यो । केही समय कविलाई सृष्टिकर्ताका रूपमा स्वीकार गरिएको भए तापनि पछि गएर कविलाई विशिष्ट अन्तर्दृष्टि सामर्थ्य सर्जकका रूपमा हालसम्म पनि लिने गरिन्छ । त्यसैले पूर्वमा केवल कविताको रचना गर्नेलाई मात्र कवि नभनेर सम्पूर्ण साहित्यको रचना गर्ने स्रष्टालाई कवि भन्ने गरेको पाइन्छ ।

पूर्वीय संस्कृत साहित्यको परम्परा लामो भएका कारण काव्यशास्त्रीय परम्परा पनि सुदीर्घ देखिन्छ । काव्यको परिभाषा गर्ने क्रममा आचार्यहरूले विभिन्न काव्यका तत्त्वहरूको निरूपण गर्दै काव्यको प्राणतत्त्वको खोजी एवम् काव्यशास्त्रको स्वरूपको गम्भीर विश्लेषण गरेका छन् । काव्यको परिभाषा दिने क्रममा विभिन्न आचार्यहरूले आआफ्नो मतानुसार काव्यको परिभाषा गरेका छन् । कसैले भावमाथि र कसैले शील्पमाथि जोड दिएर काव्यको परिभाषा गरेको पाइन्छ । नाटकको परिभाषा दिने क्रममा भरतमुनिले नाटकलाई नै काव्यको संज्ञा दिएर परिभाषा गरिएको पाइएको छ । भरतले उनको **नाट्यशास्त्र**मा गरेको परिभाषानुसार मृदुललित पदहरूले युक्त, कठिन शब्दार्थरहित, पाठकलाई आनन्द दिने, एवम् वस्तु, नेता र रसजस्ता तत्त्व संयोजित, सरल, बोधगम्य लालित्यपूर्ण साङ्गीतिक हुनुपर्दछ भनेर परिभाषा गरेका छन् ।[३०] यस परम्पराका एकातिर भामहदेखि जगन्नाथ सम्मका आचार्यहरूको सुदीर्घ शृङ्खला देखापर्दछ भने अर्कोतिर पाँच ओटा सम्प्रदायहरू रस, अलङ्कार, रीति, वक्रोक्ति र ध्वनि प्रतिष्ठित छन् । तल प्रमुख संस्कृताचार्यहरूको काव्य वा साहित्यसम्बन्धी परिभाषालाई आवश्यक समीक्षाका साथ प्रस्तुत गरिन्छ ।

**भामह**

अलङ्कार सम्प्रदायका प्रतिष्ठापक भामह खिष्टीय छैटौं शतकका आचार्य हुन् । यिनले रचना गरेको ग्रन्थको नाम **काव्यालङ्कार** हो र यस ग्रन्थमा भामहले काव्यका परिभाषा दिने क्रममा भनेका छन्:-

"शब्द र अर्थका बीच सहभाव, सामञ्जस्यता वा वक्तता समन्वित सम्बन्ध भएको रचना नै काव्य वा साहित्य हो" ।[३१] शब्द पक्ष भनेको अलङ्कार, छन्द आदि र अर्थ भनेको रस- भाव आदि दुवैको संयुक्त रूप नै काव्य हुन्छ भन्ने कुराको सङ्केत गरेर समालोचना गर्ने आधार प्रस्तुत गरेका छन् ।

---

[३०] केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त**, चौ. सं., (ललितपुर : साझा प्रकाशन, २०६१), पृ. ९ ।

[३१] भामह, **काव्यालङ्कार,** १।१६

**दण्डी**

भामह पछिका महान् आलङ्कारिक साहित्यशास्त्री दण्डी हुन् । सातौँ शताब्दीको अन्त्य र आठौँ शताब्दीको सुरुतिरका मानिने आचार्य दण्डीले आफ्नो ग्रन्थ **काव्यादर्श**मा काव्यको परिभाषा यसरी प्रस्तुत गरेका छन् :- "इष्ट अर्थले युक्त पदावली र रूप जुन शरीर हो"[३२] त्यो नै काव्य हो । यिनले पनि काव्यको रूपवादलाई जोड दिएका छन् ।

**वामन**

रीति सम्प्रदायका संस्थापक वामनको समय आठौँ शताब्दी मानिन्छ । यिनले काव्यको परिभाषा यसरी प्रस्तुत गरेका छन्:- 'गुण र अलङ्कारले युक्त तथा दोष रहित शब्दार्थ नै काव्य अर्थात् साहित्य हो ।'[३३] उनका मतमा काव्य या साहित्यको आत्मा रीति हो र रीति भनेको गुणयुक्त विशिष्ट पदरचना हो । काव्य या साहित्यको मूल वा नित्य तत्व गुण हो भने अलङ्कारचाहिँ अनित्य वा आवश्यक तत्व मात्र हो । उनी काव्य या साहित्यको वर्जित पक्षका रूपमा दोषलाई मान्दछन् ।

**राजशेखर**

राजशेखरले काव्यको परिभाषा यसरी गरेका छन् : 'समालोचकले ब्रह्माजीले नदेखेको, नजानेको पनि देख्न र जान्न सक्दछ र ब्रह्माजीभन्दा पनि सूक्ष्मदर्शी हुन्छ'[३४] भनेका छन् ।

**रूद्रट**

'ननु शब्दार्थौ काव्यम्'[३५] भनेर शब्द र अर्थको सहभाव नै काव्य हो भनेर काव्यको परिभाषा गरेका छन् ।

**आनन्दवर्द्धन**

ध्वनिका प्रतिष्ठापक आनन्दवर्द्धन नवौं शताब्दीका आचार्य हुन् । यिनको आफ्नो ग्रन्थ **ध्वन्यालोक**मा काव्यको परिभाषा यसरी दिएका छन् : 'शब्दार्थ काव्य वा साहित्यको शरीर हो भने ध्वनि भनेको आत्मा हो । ध्वनि भनेको व्यङ्ग्यार्थ हो ।'[३६] यिनले प्रस्तुत गरेको परिभाषाको कथ्य यो हो, शब्दार्थ युक्त त्यस्तो रचना नै काव्य अर्थात् साहित्य हो जुन व्यङ्ग्यार्थ प्रधान  हुन्छ ।

---

[३२] केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. १० ।

[३३] वामन, **काव्यालङ्कारसूत्रवृत्तिः** ३।१।२

[३४] डिल्लीराम तिम्सिना, अनु., **काव्यामीमांशा**, (काठमाडौँ : ने. रा. प्र. प्र., २०३०), पृ. ४५ ।

[३५] रुद्रट, **काव्यालङ्कार**, २/१ ।

[३६] आनन्दवर्धन, **ध्वन्यालोक**, १।१ ।

**कुन्तक**

वक्रोक्ति सम्प्रदायका प्रतिष्ठापक आचार्य कुन्तक हुन् । यिनको समय एघारौँ शतक मानिन्छ । यिनको ग्रन्थको नाम **वक्रोक्तिजीवितम्** हो । आफ्नो ग्रन्थमा काव्यको परिभाषा दिने क्रममा यिनी भन्दछन् ।

'शब्द र अर्थका बीचको सहभावले युक्त त्यस्तो व्यवस्थित तथा वक्रतामय कवि - व्यापारले सुशोभित रचनालाई काव्य या साहित्य भनिन्छ जुन आल्हादकारी हुन्छ ।'[३७]

**मम्मट**

ध्वनिप्रस्थापनपरमाचार्य उपाधिग्रहण गरेका ध्वनिवादी सम्प्रदायका अनुयायी मम्मटको समय एघारौँ शताब्दीको मध्यकाल मानिन्छ । यिनले लेखेको ग्रन्थको नाम **काव्यप्रकाश** हो र **काव्यप्रकाश**मा यिनले काव्यको परिभाषा यसरी दिएका छन् :

'दोषरहित अनि गुण तथा अलङ्कारले युक्त त्यस्तो शब्द र अर्थको समष्टिभावलाई काव्य या साहित्य मानिन्छ जुन कहीँकहीँ अलङ्कारले रहित पनि हुन सक्छ ।'[३८]

**विश्वनाथ**

चौधौँ शताब्दीका रसवादी आचार्य विश्वनाथ हुन् । यिनको ग्रन्थको नाम **साहित्यदर्पण** हो । **साहित्य दर्पण**मा विश्वनाथले काव्यको परिभाषा यसरी दिएका छन् :

'रसले युक्त अर्थात् रसात्मक वाक्य नै काव्य हो ।'[३९] यसप्रकार विश्वनाथ रसलाई काव्य या साहित्यको मूल तत्त्व अर्थात् आत्मा मान्दछन् । उनका मतमा रस भनेको शास्त्रसम्मत नवरस मात्र नभएर सहृदयको काव्यास्वादसँग सम्बद्ध कुनै पनि विषय समेत हो ।

**जगन्नाथ**

सत्रौँ शताब्दीका पण्डितराज जगन्नाथले आफ्नो **रसगङ्गाधर** नामक ग्रन्थमा काव्यको परिभाषा यसरी दिएका छन् : 'रमणीय अर्थलाई प्रतिपादन गर्ने शब्द नै काव्य या साहित्य हो ।'[४०] यस सन्दर्भमा 'रमणीयार्थ' शब्दले काव्यमा साहित्यले दिने अलौकिक अह्लादपूर्ण अर्थलाई जनाउनुका साथै काव्य वा साहित्यको आन्तरिक एवम् बाह्य दुवै सौन्दर्यलाई पनि जनाउँछ ।

---

[३७] कुन्तक, **वक्रोक्तिजीवितम्**, १।७ ।

[३८] मम्मट, **काव्यप्रकाश**, १।४ ।

[३९] विश्वनाथ, **साहित्यदर्पण**, १।३

[४०] जगन्नाथ, **रसगङ्गाधर**, १।१ ।

पूर्ववर्ती भामह, मम्मट आदिजस्ता आचार्यहरूका तुलनामा पण्डितराज जगन्नाथको उपर्युक्त काव्य या साहित्यसम्बन्धी परिभाषा सबैभन्दा पूर्ण मौलिक र नवीन भएकाले सर्वश्रेष्ठ ठहर्छ । यसै क्रममा उपर्युक्त परिभाषाले पूर्ववर्ती प्रायः सम्पूर्ण संस्कृताचार्यहरूको काव्य वा साहित्यसम्बन्धी मान्यता, धारणालाई सारभूत रूपमा संश्लिष्ट गरेर आफूमा समेट्न सकेको छ । यस परिभाषाको रमणीयार्थ शब्दभित्र काव्यका तत्त्वहरू रस, ध्वनि, अलङ्कार, रीति, वक्रोक्तिजस्ता सबै समाहित गर्न सकेको छ । शब्द र अर्थ दुवैको रमणीयतालाई उत्तिकै महत्त्व दिने जगन्नाथको उपर्युक्त परिभाषा नै काव्य परिभाषाको परम्परामा सर्वोत्कृष्ट लक्षण वा परिभाषा ठहर्छ ।

यसरी भामहदेखि जगन्नाथसम्म आइपुग्दा प्रमुख संस्कृताचार्यहरूको काव्य वा साहित्य परिभाषामाथि समीक्षा गर्दा विभिन्न आचार्यहरूले परिभाषा गरेका छन् । परिभाषा गर्ने क्रममा काव्यका तत्त्वहरूमध्ये कुनै एक तत्त्वलाई महत्त्व दिएर अन्य तत्त्वलाई गौण रूपमा हेर्ने गरेको पाइएको देखियो । वास्तवमा उत्तमोत्तम काव्यको रचना गर्नका निमित्त काव्यका तत्त्वहरू अलङ्कार, गुण, रीति, ध्वनि, रस, वक्रोक्ति सम्पूर्णको प्रयोग आवश्यक हुन्छ तर पूर्ववर्ती आचार्यहरूमध्ये भामहले काव्यको रूप वा सौन्दर्यपक्षमा जोड दिए । दण्डीले स्वतन्त्र सम्प्रदायको प्रवर्तन गरेनन् । उनले एकातिर अलङ्कारको महिमा गाए अर्कातिर गुणको विशिष्ट परिचय दिई नयाँ कुरो भने । वामनले अलङ्कारलाई अनिवार्य मानी त्यसको व्याख्या गरे र दण्डीबाट प्रेरणा लिई गुणप्रति विशेष पक्षपात देखाए र त्यसैका आधारमा रीतिवादको स्थापना गरे । आनन्दवर्द्धनले अलङ्कार, रीति र गुण पनि काव्यको सर्वस्व मान्नेहरूको मोह भङ्ग गर्दै ध्वनिवादको स्थापना गरे र ध्वनिलाई काव्यको प्राण सिद्ध गरे र रसवादको पुनः स्थापना गरे । ध्वनिवाद र भरतको रसवादलाई मम्मट, विश्वनाथ, जगन्नाथले यसकार्यमा उल्लेखनीय योगदान दिए । यसरी परिभाषा दिने क्रममा कसैले शिल्पवाद र कसैले भाववादको मात्र गुणगान गाएका छन् ।

निष्कर्षमा समन्वयवादीका रूपमा जगन्नाथको परिभाषा उल्लेख गर्न सकिन्छ । उनले रमणीयार्थ शब्दमा काव्यका सम्पूर्ण तत्त्वहरू समेटेको र उत्तम काव्यको निर्माण गर्न भाव र शिल्पक दुवैको समन्वय गर्दा मात्र उत्तम काव्यको निर्माण वा रचना हुन्छ । जगन्नाथको परिभाषामा भाव र शिल्प दुवैको संयोजन भएकाले उनको परिभाषामा समन्वयवादी दृष्टिकोण व्यक्त भएको पाइन्छ । उत्तम काव्य रचनामा सम्पूर्ण तत्त्वको योग आवश्यक पर्ने भएकाले र भाव र शिल्प दुवैको संयोजन अत्यावश्यक भएकोले काव्यको परिभाषा निष्कर्षमा यसरी दिन सकिन्छ :

'चमत्कारपूर्ण भाव तथा सौन्दर्यमय विशिष्ट शब्द विन्यासद्वारा सहृदयलाई अलौकिक आह्लाद प्रदान गर्ने रसात्मक ध्वन्यात्मक रम्य भाषिक अभिव्यक्ति नै साहित्य हो ।'

## ३.३ पश्चिमी समालोचनाको यात्रा तथा परिभाषा

### ३.३.१ पश्चिमी समालोचना परम्परा

पश्चिमी समालोचना युरोप र अमेरिका क्षेत्रका विद्वान्हरूले चिन्तन गरेका काव्यसम्बन्धी वा समालोचनासम्बन्धी चिन्तन यसमा ग्रिसेली विद्वान् होमरदेखि नै समालोचनासम्बन्धी पनि केही चर्चा हुँदै आएर प्लेटोको समयमा साहित्यको समालोचना पूरै नैतिक दृष्टिबाट अथवा कलात्मक वा भावनात्मक सम्बन्धमा होइन, उपदेशात्मक रूपमा लिने प्रयास गरिएको पाइन्छ भने अरिस्टोटलले भने २६ परिच्छेदको **काव्यशास्त्र** ग्रन्थ नै लेखेर पश्चिमी परम्परामा समालोचना शास्त्रको परम्परामा महत्त्वपूर्ण योगदान दिएका छन् । साहित्यका मूलभूत कुराको चर्चा गर्दै अनुकरण सिद्धान्त, दुःखान्त सङ्गठन, विरेचन सिद्धान्तजस्ता साहित्यका महत्त्वपूर्ण कुराहरूलाई चर्चा गर्दै नाटक र महाकाव्यका लागि दुःखान्तका स्थितिको चर्चा गरेका छन् । मध्य युगका होरेस, क्वाटिलियन, लंगिनसजस्ता व्यक्तिहरूले पनि समालोचनाको सैद्धान्तिक पक्षको चर्चा गरेका छन् ।

दाँतेपछि मार्को, गिर्लामो विदाको **डे आर्ट पोइटिका** (१५५७) ले समालोचना क्षेत्रमा विशेष काम गरेको पाइन्छ । वेन जोन्सन, ग्याइल्यु ड्राइडेन, पोप, डा. जोन्सनजस्ता विद्वान्हरूको पश्चिमी समालोचनामा विशेष योगदान छ । कलरिज, क्रोचे, टि.एस् इलियट, आई. ए. रिचर्डस्, हेनरी हड्सनजस्ता व्यक्तिहरूको साहित्यिक समालोचना सिद्धान्तले पश्चिमी समालोचना प्रभावित भएको छ । पश्चिममा चलेका वाद र प्रणालीले पनि समालोचना परम्परामा महत्त्वपूर्ण भूमिका खेलेको छ । यसरी पश्चिमी समालोचना परम्परा निकै लामो र धेरै महत्त्वपूर्ण पनि रेहेको देखिन्छ । यसबाट पनि नेपाली समालोचना केही न केही मात्रामा प्रभावित छ । नेपालीमा चलेका अनेक वाद पश्चिमी परम्पराबाट नै प्रभावित छन् र आधुनिक साहित्यका धेरै विधाहरू पश्चिमी समालोचना सिद्धान्तबाट सृजना हुँदै आएको कुरा पनि प्रस्ट छ ।

### ३.३.२ पश्चिमी समालोचनाको परिभाषा

पश्चिमका विद्वान्हरूले समालोचनाको व्यवस्थित परिभाषा दिने प्रयास गरेको देखिन्छ । केही पश्चिमी प्रमुख विद्वान्रूका समालोचना सम्बन्धी परिभाषा यसप्रकार छन् :

इमर्सनले समालोचनाको परिभाषा यसरी दिएका छन् : "आलोचकको कार्य शिक्षा दिनु होइन; अपितु सुस्यलाई प्रेरित या उत्साहित गर्नु हो ।"[४१]

विलियम हेनरी हड्सनले समालोचनालाई यसरी चिनाएका छन् : "समालोचना अनि सृजना गर्ने कलाकार (स्रष्टा एउटै व्यक्ति) एकै संवेदनाको तहमा पुग्न सक्ने हुनपर्दछ ।"[४२]

एरिस्टोटलले दिएको परिभाषा यस प्रकार छ : "जीवनको अनुकृति वा अनुकरणलाई साहित्य भनिन्छ ।"[४३]

म्याथु आर्नोल्डका विचारमा समालोचनाको परिभाषा यस्तो देखिन्छ : "साहित्य जीवनको आलोचना हो ।"[४४]

आइ.ए. रिचर्डस्ले दिएको समालोचनाको परिभाषा यस्तो रहेको छ : "साहित्यिक अनुभूतिबारे विचार गरी तिनको सम्यक् विवेचना तथा मूल्यनिधार्रणलाई समालोचना भनिन्छ ।"[४५]

कलरिजले समालोचनाको परिभाषा यसरी दिएका छन् : "साहित्य रचनाका नियमहरूको निधार्रण एवम् निश्चितीकरणलाई समालोचना भनिन्छ ।"[४६]

कर्लाइलले समालोचनाको परिभाषा यसरी दिएका छन् : "पुस्तक पढ्दा पर्ने प्रभावलाई समालोचना भनिन्छ ।"[४७]

ड्राइडनले दिएको परिभाषा यसप्रकार छ : "कुनै साहित्यिक कृतिको मूल्याङ्कन गर्ने कसीलाई समालोचना भनिन्छ ।"[४८]

## ३.४ नेपाली समालोचनको परम्परा र परिभाषा

### ३.४.१ नेपाली समालोचनको परम्परा

नेपाली समालोचनाको आरम्भ मूलतः प्रथम नेपाली समालोचक तथा माध्यमिक कालीन बहुमुखी प्रतिभा मोतीराम भट्टबाट **कवि भानुभक्त आचार्यको जीवन चरित्र** (१९४८)

---

[४१] राजेन्द्र सुवेदी, **पूर्ववत्**, पृ. २१ ।

[४२] ऐजन, पृ. २१ ।

[४३] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. २९२ ।

[४४] ऐजन, पृ. २९२ ।

[४५] मित्र गौतम, **वासुदेव त्रिपाठीका पुस्तकाकार प्रमुख समालोचनात्मक कृतिको अध्ययन**, (प्रकाशित स्नातकोत्तर शोधपत्र, म. र. ब. क्याम्पस, इलाम, २०६३), पृ.२३

[४६] ऐजन, पृ. २३ ।

[४७] ऐजन, पृ. २३ ।

[४८] ऐजन, पृ. २३ ।

लेखेदेखि सुरु भएको हो । उक्त मोतीराम भट्टभन्दा पूर्व पनि समालोचनाका नगण्य सङ्केतहरू देखापरेका छन् । यस्ता विद्वान्हरूमा शक्तिवल्लभ अर्याल, विद्यापति, भानुभक्त र पतञ्जलि गजुरेल आदि हुन् । यिनीहरूले साहित्यका तत्त्वका बारेमा उल्लेखसम्म गरेको पाइए पनि यसलाई समालोचनाको पूर्व पृष्ठभूमिका रूपमा मात्र लिने गरिएको छ । मोतीराम भट्टबाट थालिएको परम्परालाई **कवितारीति** लेख्ने राममणि आ.दी.ले अगाडि बढाएका छन् भने त्यसपछिका समालोचक सूर्यविक्रम ज्ञवालीले समालोचनात्मक स्वरूपलाई स्विकार्दै गुणग्राही वा प्रभाववादी समालोचना परम्पराको विकास गरेका छन् । यस चरणका प्रमुख प्रतिभा ज्ञवाली नै रहेका छन् । दोस्रो चरणको समालोचना रामकृष्ण शर्माबाट थालिन्छ । उनी प्रथम आधुनिक समालोचक मानिन्छन् । उनको ‘अङ्ग्रेजी साहित्यको प्रभाव’ (१९९९) लेखबाट नेपाली समालोचनाले आधुनिक रूप प्राप्त गरेको हो । यसपछि बाबुराम आचार्यबाट ऐतिहासिक समालोचना, यदुनाथ खनालबाट सैद्धान्तिक समालोचना, सोमनाथ सिग्देलबाट सैद्धान्तिक समालोचना, यज्ञराज सत्याल, रत्नध्वज जोशी, डिल्लीराम तिम्सिना र माधव भण्डारी, ईश्वर बरालजस्ता प्रतिभाहरूबाट ऐतिहासिक समालोचना प्रारम्भ भएको छ भने हृदयचन्द्रसिंह प्रधान, कृष्णचन्द्रसिंह प्रधान, डी.पी. अधिकारीजस्ता विद्वान्हरूले प्रगतिवादी समालोचनातर्फ अग्रसर देखिन्छन् । प्रयोगवादी र प्रभाववादी समालोचना गर्नेहरूमा रामकृष्ण शर्मा, इन्द्रबहादुर राई, तारानाथ शर्मा, वासुदेव त्रिपाठी, ठाकुरप्रसाद पराजुली, केशवप्रसाद उपाध्याय, मोहनराज शर्मा, घटराज भट्टराई, दयाराम श्रेष्ठजस्ता समालोचकहरूले समसामयिक नेपाली समालोचनाका क्षेत्रमा विविध समालोचनाका प्रकारहरूलाई अवलम्बन गर्दै नेपाली समालोचना परम्परालाई अगाडि बढाउँदै आएका छन् ।

यही समालोचनाको परम्परालाई अगाडि बढाउने ढकालको समालोचना लेखनपद्धति आफ्नै ढङ्गको रहेको छ । यथार्थवादी साहित्यलेखनका कट्टर हिमायती अनि उत्तरआधुनिक साहित्यलेखनका विरोधी ढकाल अयथार्थवादी साहित्य चिन्तनले नेपाली समाजमा विकृति र विसङ्गति भित्र्याएको चिन्ता व्यक्त गर्दै नयाँ पुस्ताका स्रष्टा र साधकहरू अयथार्थवादी धारणा व्यक्त गर्दै उनी उत्तरआधुनिक साहित्यलाई तिलाञ्जलि नै दिनुपर्ने दाबी कडाइका साथ गर्दछन् । उनको समालोचनाकारितामा प्रगतिशीलता पनि झल्किएको देखिन्छ ।

### ३.४.२ नेपाली समालोचनाको परिभाषा

नेपाली विद्वान्हरूले साहित्यको समालोचना गर्ने क्रममा निम्नलिखित परिभाषाहरू प्रस्तुत गरेको पाइन्छ :

लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) ले आफ्नो **शाकुन्तल** (२००२) महाकाव्यको भूमिकामा समालोचनालाई यसरी चिनाएका छन् :

"हुन त समालोचनाको छेडले कतै, कुत्कुत्याउँछ, चिलाउने ठाउँमा कन्याइदिन्छ, कतै लिखा परेको ठाउँमा ठुङ मार्छ, घाउ चिरिदिन्छ, रालसिगान पुच्दछ । व्याकरणले तर्कल्यावर्न्धन्याको दाँयाबाँया घुम्टो ठाउँ-ठाउँमा मिलेन भनेर नाक चेप्रयाउने अवकाश कहीँ पाउला तर रसिक अर्कै चीजमा रमाउला ।"[४९]

यदुनाथ खनालले **समालोचनाको सिद्धान्त** (२०४४) मा समालोचनाको परिभाषा यसरी दिएका छन् :

"पानीको प्रवाहलाई नदी भन्ने नाम दिन साहित्य हो, नदीको बारेमा अरु विशेष कुरा जान्नु उसको मूल, मुख खोज्नु समालोचना हो ।"[५०]

मोहनराज शर्मा र दयाराम श्रेष्ठले समालोचनाको परिभाषा **नेपाली साहित्यको संक्षिप्त इतिहास** (२०३४) मा यसरी दिएका छन् : "साहित्यिक कृतिको व्याख्या र मूल्याङ्कन समालोचना हो ।"[५१]

घनश्याम कँडेलले **नेपाली समालोचना** (२०५५) मा समालोचनाको परिभाषा यसरी गरेका छन् :

"वास्तवमा समालोचना एकातर्फ साहित्यकारका कृतिको सहृदयतापूर्वक गरिने व्याख्या र पूर्वाग्रहविहीन भएर त्यसबारे गरिने निर्णय हो भने अर्कातर्फ कृतिका जङ्गलभित्र प्रवेश गर्ने क्रममा पाठकको मार्ग निर्देशन पनि हो ।"[५२]

रामकृष्ण शर्मा (१९७८-२०४३) ले समालोचनाको परिभाषा यसरी दिएका छन् :

"सुख-दुःख, राम्रो-नराम्रो, मन पर्दो-नपर्दो इत्यादि कुराको मस्तिष्कमा जब विवेचना हुन्छ, त्यसको परिमाणस्वरूप समालोचनाको जन्म हुन्छ ।"[५३]

कृष्णचन्द्रसिंह प्रधानले **साझा समालोचना** (२०२५) मा समालोचनाको परिभाषा यसरी दिएका छन् :

"सैद्धान्तिक निरूपण तथा मूल्यान्वेषण नै समालोचना भएकाले यस कार्यमा कल्पनाको भन्दा न्यायको, भावुकताको भन्दा तर्कको, हृदयको भन्दा मस्तिष्कको महत्त्व बढी हुन्छ ।[५४]

---

[४९] लक्ष्मीप्रसाद देवकोटा, नेपाली **शाकुन्तल** (महाकाव्य), सातौ संस्करण (काठमाडौँ : साझा प्रकाशन, २०६१) भूमिकाबाट ।

[५०] यदुनाथ खनाल, **समालोचना सिद्धान्त**, चौ. सं., (काठमाडौँ : साझा प्रकाशन, २०४४), पृ ३ ।

[५१] मोहनराज शर्मा र दयाराम श्रेष्ठ, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, पा. सं., (काठमाडौंः साझा प्रकाशन, २०५६) पृ. १५७ ।

[५२] घनश्याम कँडेल, सम्पा., **नेपाली समालोचना**, (ललितपुर : साझा प्रकाशन, २०५५), पृ. ३७ ।

[५३] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ३७ ।

सूर्यविक्रम ज्ञवाली (१९५५-२०४३) ले आफ्नो **नैवेद्य समालोचना** (१९७९) मा समालोचनासम्बन्धी धारणा यसरी व्यक्त गरेका छन् :

"योग्यताको आदर गर्नु भनेको दोषपट्टि आँखा चिम्लिदिनु भनेको हैन।"[५५]

राजेन्द्र सुवेदी (२००२) ले समालोचनालाई **नेपाली समालोचनाः परम्परा र प्रवृत्ति** (२०६१) मा यसरी परिभाषित गरेको छन् :

"सृजित वस्तुको अन्ततहमा कलागत सौन्दर्यको गम्भीरतापूर्वक विवेचना गरेर सकारात्मक वा नकारात्मक परिणतिसमेतको उद्घोषण गरिदिनु समालोचना हो ।"[५६]

खगेन्द्रप्रसाद लुइटेलले समालोचनाको परिभाषा **आधुनिक नेपाली समालोचना** (२०५७) मा यसरी दिएका छन् :

"समालोचना भनेको कृतिको व्याख्या, विश्लेषण, वर्गीकरण र मूल्याङ्कन गर्ने प्रक्रिया हो ।"[५७]

## ३.५ समालोचनाको प्रकार

विश्वसाहित्यमा प्रयोग भएका आधारलाई हेरेर पूर्वपश्चिमी विद्वान्हरूले साहित्यिक कृतिको मूल्याङ्कन गर्न सृजना गरेको प्रमुखताका आधारमा समालोचनाका प्रकारहरू निम्नलिखित छन्:

१. प्रभाववादी समालोचनाः २. सैद्धान्तिक समालोचना ३. ऐतिहासिक
४. प्रगतिवादी ५. प्रयोगात्मक ६. निर्णयात्मक ७. तुलनात्मक
८. वर्णनात्मक ९. रूप-परक १०. मनोवैज्ञानिक ११. शैली वैज्ञानिक
१२. समकालीन १३. संरचनावादी १४. नारीवादी आदि प्रमुख देखिएका छन्:[५८]

### ३.५.१ प्रभाववादी समालोचना

कुनै कृति पढेर त्यसका बारेमा आफ्ना मनमा परेका प्रभावका आधारमा गरिने समालोचना प्रभाववादी समालोचना हो । समालोचनातर्फ प्रभाववादले कृतिले समालोचकका मानसिक धरातलमा पारेको प्रभावको अभिव्यञ्जनालाई बुझाउँछ ।

---

[५४] कृष्णचन्द्रसिंह प्रधान, (सम्पा), **साझा समालोचना** पा. सं., (काठमाडौं : साझा प्रकाशन, २०५८) पृ. १५८ ।

[५५] सूर्यविक्रम ज्ञवाली, **नैवेद्य समालोचना**, 'कृष्णचन्द्रसिंह प्रधान', (सम्पा.) **साझा समालोचना**, पा, सं., (काठमाडौं : साझा प्रकाशन २०५८) पृ. ९ ।

[५६] राजेन्द्रप्रसाद सुवेदी, पूर्ववत्, पृ ९ ।

[५७] खगेन्द्रप्रसाद लुइटेल, **आधुनिक नेपाली समालोचना**, (काठमाडौं : ने.रा.प्र.प्र. २०५७) पृ. २०८-२०९

[५८] ऐजन, पृ. २०९-२१० ।

यस्ता समालोचनामा आलोच्य कृति नभई वैयक्तिक प्रभाव प्रमुख रहेको हुन्छ । यस्ता समालोचनालाई व्यक्तिप्रधान समालोचना पनि भनिन्छ ।[५९]

यस प्रकारका समालोचना पनि वस्तु र सिद्धान्तलाई केही रूपमा ग्रहण गरिए पनि आफ्नो धारणा बढी प्रयोग भएको पाइन्छ । सुरुदेखि हालसम्म पनि यस प्रकारको समालोचना नेपाली साहित्यमा बढी चर्चित रहेको छ । यस पक्षमा रहेर समालोचना गर्ने समालोचकहरूमा मोतीराम भट्ट, सूर्यविक्रम ज्ञवाली, रामकृष्ण शर्मा, तारानाथ शर्मा, इन्द्रबहादुर राई, रामलाल अधिकारी, केशवप्रसाद उपाध्याय, वासुदेव त्रिपाठी, दयाराम श्रेष्ठ, जयप्रसाद ढकाल, बालकृष्ण पोखरेल भानुभक्त पोखरेल, राजेन्द्र सुवेदी, ठाकुरप्रसाद पराजुलीजस्ता प्रतिभाहरू देखिन्छन् ।[६०]

यी व्यक्तिहरूले सैद्धान्तिक, तुलनात्मक, व्याख्यात्मक र विश्लेषणात्मक पद्धतिहरूलाई समेत आत्मसात् गरेको देखिन्छ । तथापि यस समालोचना समालोचकको प्रधान र प्रभावपरकतामै रहेको कुरा देखिन आउँछ । यस क्रममा नेपाली साहित्यको पृष्ठभूमि समेतको निरूपण गरेपछि मात्र साहित्यको समीक्षा गर्न सकिन्छ भन्ने दृष्टिकोण राख्ने ढकालको समीक्षा प्रभावपरक पद्धतिमा आधारित रहेको छ । फुटकर समालोचना लेखेर पनि आफ्नो गति कायम राख्ने ढकालको नेपाली साहित्य यथार्थ दृष्टि (प्रलेस ८/२०५४) निकै उत्कृष्ट लेख मानिन्छ । यथार्थपरक दृष्टिचेतलाई प्रगतिवादको आधार स्तम्भ मान्ने ढकाल कतै प्रभावपरक र कतै समाजपरक नेपाली समालोचनाको क्षेत्रमा देखिने उल्लेख्य व्यक्ति हुन् ।[६१]

## ३.५.२ सैद्धान्तिक समालोचना

परम्परागत रूपमा स्थापित पूर्वी वा पश्चिमी साहित्य समालोचना सिद्धान्तलाई आधार मानेर गरिने समालोचना सैद्धान्तिक समालोचना हो । यस्ता समालोचना साहित्यका सिद्धान्त पक्षसँग बढी सम्बन्धित हुन्छन् । कुनै कृतिलाई विश्लेषण गर्नुभन्दा सिद्धान्तलाई अगाडि सारेर त्यसैलाई पुष्टि हुने गरी उदाहरणका रूपमा साहित्यिक कृतिहरूका अंशहरू उदाहरणमा प्रस्तुत गर्ने गरिन्छ । भरतको **नाट्यशास्त्र**, अरस्तुको **काव्यशास्त्र**, भामहको **काव्यालङ्कार**, सोमनाथको **साहित्यप्रदीप** यस्तै सैद्धान्तिक समालोचनाका कृति हुन् । इन्द्रबहादुर राई, केशवप्रसाद उपाध्याय,

[५९] ऐजन ।
[६०] ऐजन ।
[६१] ऐजन ।

मोहनराज शर्मा, ठाकुर पराजुली वासुदेव त्रिपाठी, दयाराम श्रेष्ठ, घनश्याम कँडेल, कृष्ण गौतम, कुलचन्द्र गौतम, खगेन्द्रप्रसाद लुइटेलजस्ता प्रतिभाहरू नेपाली साहित्यमा सैद्धान्तिक समालोचनामा कलम चलाउने समालोचकहरू हुन् ।[६२]

## ३.५.३ ऐतिहासिक समालोचना

कुनै कृतिको अध्ययन गर्दा रचनाकारको पूर्ववर्ती र समकालीन इतिहासलाई पनि ध्यान दिनु भन्ने मान्यता ऐतिहासिक समालोचना पद्धतिले राख्दछ । यो आधुनिक युगको लोकप्रिय समालोचना पद्धति हो । साहित्यको इतिहासलाई लिएर साहित्यको समालोचना गर्ने इतिहासका सन्दर्भमा कृति र कृतिकारको स्थान निर्धारण गर्ने, मूल्याङ्कन गर्ने समालोचनालाई ऐतिहासिक समालोचना भनिन्छ । बाबुराम आचार्य, ईश्वर बराल, बालचन्द्र शर्मा, वासुदेव त्रिपाठी, कमलमणि दीक्षित, यज्ञराज सत्याल, डिल्लीराम तिम्सिना, माधव भण्डारी, कृष्णप्रसाद उपाध्याय, दयाराम श्रेष्ठ, मोहनराज शर्मा, घनश्याम नेपाल, राजेन्द्र सुवेदी र खगेन्दप्रसाद लुइटेलजस्ता समालोचकहरूले ऐतिहासिक समालोचनामा कलम चलाएका छन् ।[६३]

## ३.५.४ प्रगतिवादी समालोचना

द्वन्द्वात्मक भौतिकवादलाई स्विकार्दै वर्गसङ्घर्षको परिप्रेक्ष्यमा आर्थिक स्थितिलाई आधार बनाउँदै साहित्यिक कृतिको मूल्याङ्कन गरिने समालोचना प्रगतिवादी समालोचना हो । माक्सवादी-समाजवादी समालोचना भनेर पनि यसप्रकारका समालोचनालाई भन्ने गरिन्छ ।

नेपाली साहित्यमा हृदयचन्द्रसिंह प्रधान, श्यामप्रसाद शर्मा, कृष्णचन्द्रसिंह प्रधान, डी.पी. अधिकारी, आनन्ददेव भट्ट, गोविन्द भट्ट, सरिता ढकाल, ऋषिराज बराल, हिरामणि शर्मा, रविलाल अधिकारी, देवीप्रसाद गौतम, जगदीशचन्द्र भण्डारी, कुशुम शर्माजस्ता प्रतिभाहरू प्रगतिवादी समालोचक मान्छिन् ।[६४]

## ३.५.५ मनोवैज्ञानिक समालोचना

[६२] ऐजन ।
[६३] ऐजन ।
[६४] ऐजन ।

पात्रको मानसिक अवस्थाको चित्रण अथवा साहित्यको मनोविज्ञानको विश्लेषण गरेर गरिने समालोचना मनोवैज्ञानिक समालोचना हो । फ्रायडले मनोविज्ञानसम्बन्धी सिद्धान्तलाई विश्वसामु प्रस्तुत गरेपछि साहित्यमा पनि यसको प्रभाव पर्न गयो । मान्छेका मनका प्रेम, ईर्ष्या, द्वेष कुराहरूलाई परम्परागत साहित्यमा पनि प्रयोग हुँदै आएको भए पनि सचेत रूपमा मानसिक ग्रन्थिहरूको विश्लेषण गर्ने मनोवैज्ञानिक समालोचना बिसौं शताब्दीमा मात्र सुरु भएको हो । यो फ्रायड, एल्डलर र युङ जस्ता व्यक्तिरूको प्रयासबाट झन् अघि बढेको छ । यो प्रवृत्ति संसार भरिकै साहित्य क्षेत्रमा व्यापक रूपमा प्रयोग हुन पुग्यो र समालोचना क्षेत्रमा पनि यसको व्यापक प्रयोग हुन गयो ।[६५]

नेपाली साहित्यमा भने मनोवैज्ञानिक समालोचना त्यति धेरै फस्टाएको छैन । यसका सैद्धान्तिक पक्षहरूको र व्यवहारिक पक्षहरूको प्रयोग भरखरभरखर मात्र हुन थालेको हो । समालोचक मुरारीप्रसाद रेग्मी मनोवैज्ञानिक नेपाली समालोचकका प्रमुख प्रतिभा मानिन्छन् । यस क्षेत्रमा कम चलाउने अन्य प्रतिभाहरू पनि देखिन थालेका छन् । यो एउटा नयाँ स्वरूपमा विकसित हुँदै गरेको पद्धतिका रूपमा मानिन्छ ।[६६]

## ३.५.६ शैलीवैज्ञानिक समालोचना

शैलीवैज्ञानिक समालोचना साहित्यिक समालोचनाका क्षेत्रमा नयाँ प्रणालीका रूपमा देखापर्दछ । यसले साहित्यको भाषाशैलीलाई विश्लेषण गरी हेर्दछ । साहित्यको भाषिक पक्षमा केन्द्रित रहेर यसले साहित्यको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्दछ । भाषाविज्ञानले सामान्य भाषालाईझैँ काव्यभाषालाई हेरेपछि शैलीविज्ञानको जन्म हुन पुगेको हो । त्यसैले यसलाई भाषाविज्ञानको नवीन शाखा पनि भनिन्छ अर्थात् भाषाविज्ञानको व्यापक अध्ययन र विश्लेषणपछि साहित्य क्षेत्रमा भाषाविज्ञानकै प्रभावमा साहित्यको शैलीलाई आधार मानेर गरिने समालोचना शैलीवैज्ञानिक समालोचना हो । अभि सुवेदी, घनश्याम नेपाल, मोहनराज शर्मा यस सिद्धान्तमा कलम चलाउने समालोचक हुन् ।[६७]

---

[६५] ऐजन ।

[६६] ऐजन ।

[६७] ऐजन ।

### ३.५.७ समकालीन समालोचना

उत्तरआधुनिकतावाद र उत्तरसंरचनावादपछिको समालोचना समकालीन समालोचना हो । यस परम्परालाई नेपाली साहित्यका "समाकालीन समालोचनाः सिद्धान्त र प्रयोग" (२०५५) लेखेर मोहनराज शर्माले यस परम्पराको नेपाली साहित्यमा सुरुआत गरेको पाइन्छ । यसमा अन्य समालोचकहरूको पनि ध्यान जाने क्रम देखिएको छ ।[६८]

### ३.५.८ नारीवादी समालोचना

नारीका हकहितका पक्षमा आवाज उठाउँदै नारीको अवस्था, स्थिति र उनीहरूका उत्थानका सन्दर्भलाई प्रमुख आधार बनाएर साहित्यिक कृतिहरूको समालोचना गर्ने पद्धतिलाई नारीवादी समालोचना भनिन्छ । पत्रपत्रिकामा यस प्रकारका रचनाहरू फाटफुट आएको देखिन्छ भने गोमा उपाध्याय, देवी शर्मा, गार्गी शर्मा, लीला लुइटेल, सुधा त्रिपाठीजस्ता महिला समालोचकहरूले यस प्रकारको समालोचना पद्धतिलाई अगाडि बढाएका छन् । नारीका रतिरागात्मक चित्रणका विरुद्ध नारी जागरणसँग सम्बन्धित रहेर नारीवादी समालोचना अगाडि बढ्ने प्रयासमा रहेको देखिन्छ ।[६९]

### ३.५.९ संरचनावादी समालोचना

साहित्यिक कृतिको संरचना पक्षलाई आधार मानेर गरिने समालोचना संरचनावादी समालोचना हो । संरचनावादको प्रभाव नेपाली साहित्यमा भन्दा नेपाली समालोचनामा बढी परेको देखिन्छ । संरचनावादलाई अंगालेर नेपालीमा खास समालोचना गर्ने व्यक्ति मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल हुन् । यसका अतिरिक्त स्नातकोत्तर तहका केही शोधकार्यमा पनि यसको प्रयोग गरिएको पाइन्छ ।

समग्रमा हेर्दा नेपाली समालोचना सैद्धान्तिक, विश्लेषणात्मक, तुलनात्मक पद्धतिलाई अँगाल्दै सैद्धान्तिक मूल्य र मान्यतालाई समेत समाविष्ट गर्दै वस्तुवादी भएर अगाडि बढ्नेतर्फ अग्रसर रहेको देखिन्छ । यसमा रामकृष्ण शर्मा, वासुदेव त्रिपाठी, केशवप्रसाद उपाध्याय, तारानाथ शर्माजस्ता प्रतिभाहरूको विशेष भूमिका

---

[६८] ऐजन ।

[६९] ऐजन ।

रहेको देखिन्छ । ऐतिहासिक र सैद्धान्तिक समालोचना पनि नेपाली साहित्यमा फस्टाएको नै देखिन्छ ।

## ३.६ आधुनिक नेपाली समालोचनामा प्रगतिशील समालोचक जयप्रसाद ढकालको योगदान

प्रगतिवादी दर्शनबाट प्रभावित हुँदै नेपाली साहित्य फाँटमा देखापरेका जयप्रसाद ढकाल नेपाली समालोचनाको विकासक्रमको तेस्रो चरण (२००७-२०२४) देखि नै फुटकर समीक्षात्मक लेखका माध्यमबाट प्रगतिशील समालोचनाका फाँटमा देखापरेका हुन् । ढकालका प्रेरणाका स्रोतका रूपमा रहेका बालचन्द्र शर्मा पनि मूलतः यस चरणका समालोचक हुन् । यस चरणको नेपाली समालोचनालाई हृदयचन्द्रसिंह प्रधान, तारानाथ शर्मा, आनन्ददेव भट्ट, बालकृष्ण पोखरेल, डी.पी. अधिकारीजस्ता समालोचकरूले हाँकेको प्रगतिवादी धारा थियो । प्रगतिशील समालोचक जयप्रसाद ढकाल पनि यसै पङ्क्तिमा देखापरेका समालोचक हुन् । उनले आफ्नो समालोचनालाई प्रगतिवाद तथा प्रभावपरक समालोचकीय पृष्ठभूमिबाट उठान गरेर यथार्थवादी समालोचनातर्फ उत्मुख गर्दै लगेको देखिन्छ ।

२०१३ सालतिर नै साहित्यलेखनमा नेपाल-भारतका विभिन्न पत्र-पत्रिकामार्फत् चर्चामा आएका ढकालका २०१३ साल कार्तिकमा 'उदय' पत्रिकामा प्रकाशित बौद्धिक प्रबन्ध 'संस्कृति' नै उनको साहित्य यात्राको प्रथम प्रकाशित रचना हो । समालोचनाको क्षेत्रमा मार्क्सवादी यथार्थवाद र गैरमार्क्सवादी यथार्थवाद वा समाजपरक यथार्थवादी समालोचनात्मक एवम् प्रगतिशील लेखहरू लेखेर नेपाली साहित्यको समालोचना फाँटमा उनले विशिष्ट योगदान पुऱ्याएका छन् । हालसम्म दुई चरणमा (पूर्वार्द्ध र उत्तरार्द्ध) समालोचनात्मक अभिव्यक्ति प्रस्तुत गर्दै आएका ढकालको प्रथम चरणमा (पूर्वार्द्ध) आफ्नो जीवन मार्क्सवादी प्रगतिवादसँगको जड सम्बन्धमा गाँसिएको र दोस्रो चरणमा (उत्तरार्द्ध) गैरमार्क्सवादी प्रगतिवादका पक्षधर भई समालोचकका रूपमा करिब साढे पाँचदशक यतादेखि निरन्तर सेवा पुऱ्याउँदै आएका छन् । यसरी लामो समयसम्म विविध पद्धति र सिद्धान्त अँगाली नवनव प्रयोगमा समालोचना गर्ने ढकालले नेपाली समालोचनाका क्षेत्रमा विभिन्न लेखहरूमार्फत् प्रगतिशील समालोचनामा विशिष्ट योगदान दिएको कुरा उनका समालोचनात्मक कृतिहरूको अध्ययनबाट प्रस्ट हुन्छ । २०१३ सालबीचको अवधिलाई

स्रष्टा ढकालको साहित्यसिर्जनाको प्रथम प्रहर वा पूर्वार्द्ध कालको रूपमा लिन सकिन्छ । समालोचक ढकालका समालोचनाको सर्सर्ती अध्ययन गर्दा उनको समालोचना यात्राको पूर्वार्द्ध कालमा जम्मा ६ वटा समालोचत्मक लेख लेखेर विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । विद्यार्थी जीवनदेखि नै मार्क्सवादी कम्युनिष्ट पार्टीका कार्यकर्ता भएका ढकालमा मार्क्सवादी विचारधारको गहिरो प्रभाव परेकोले उनका पूर्वार्द्धका लेखहरूमा मार्क्सवादी-प्रगतिवादी साहित्यिक मान्यताको प्रभाव रहेको देखिन्छ । निष्कर्षमा भन्नुपर्दा ढकाल आफ्नो साहित्यिक यात्राको पूर्वार्द्धमा मार्क्सवादी-प्रगतिवादी साहित्यिक धाराबाट प्रभावित भएका देखिन्छन् । यस अवधिमा ढकालले प्रशस्त कथा, कविता, निबन्ध, समालोचना आदि विधामा कलम चलाए पनि लामो समयसम्म विश्राम लिएको पाइन्छ । यस कालमा धेरै लेखहरू प्रगतिशील खालका देखिन्छन् ।

समालोचना र संस्मरण रचना गरी साहित्यको सृजनयात्रामा क्रियाशील जयप्रसाद ढकालको उत्तरार्द्ध काल २०४६ सालयता स्रष्टा र द्रष्टाको रूपमा राष्ट्रका अन्य समालोचकभन्दा भिन्नै पहिचान निर्माण गर्न चाहने एक यथार्थवादी चिन्तक र प्रखर प्रवक्ताका रूपमा उपस्थित भएका छन् । यस दोस्रो चरण वा उत्तरार्द्ध कालमा ढकालले **साहित्य र संस्कृति** (२०५२) नामक समालोचनाको सँगालो प्रकाशित गराएका छन् । पन्ध्रवटा लेखहरूको सङ्कलन गरिएको उक्त कृतिमा ६ वटा लेखहरू प्रथम चरणमै लेखिएका र विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् भने अन्य ९ वटा लेखहरू यसै चरणमा प्रकाशित भएका छन् । यो चरण ढकालको उर्वर र उच्च चरण हो । यस चरणका समालोचनाले ढकाललाई बौद्धिक विशिष्ट तहको व्यक्तित्वको रूपमा स्थापित गरेको छ । विश्व साहित्यको सन्दर्भमा नेपाली साहित्यको स्थिति, अवस्था र सम्भावित स्वरूपको समेत आँकलन गरेर नेपाली साहित्यको विश्लेषण गर्ने कार्यसमेत गरी यस अवधिमा ढकालले नेपाली समालोचनालाई विश्वसाहित्यको समालोचनातर्फ प्रवेश गराउने र स्थापित गराउने कार्य गरेको समेत पाइएबाट पनि ढकाल नेपाली साहित्यमा एक महत्त्वपूर्ण व्यक्ति भएको मान्न सकिन्छ । यही चरणमा **आधुनिक नेपाली आलोचना** (२०५७) दोस्रो समालोचनात्मक पुस्तकको पनि प्रकाशित गराएका छन् । यस कृतिका माध्यमबाट उनी एक यथार्थवादी समालोचक हुन् भन्न

सकिन्छ । त्यसपछि यस चरणमा ढकालले **आधुनिक नेपाली पत्रजगत्** (२०५९) समीक्षा ग्रन्थ प्रकाशित गराएका छन् ।

यथार्थवादी साहित्यलेखनका कट्टर हिमायती अनि उत्तरआधुनिक साहित्यलेखनका विरोधी ढकाल अयथार्थवादी साहित्य चिन्तनले नेपाली समाजमा विकृति र विसङ्गति भित्र्याएको चिन्ता व्यक्त गर्दै नयाँ पुस्ताका स्रष्टा र साधकहरू अयथार्थवादी साहित्य चिन्तन र लेखाइबाट सतर्क र सजक रहन आवश्यक भएको धारणा व्यक्त गर्छन् र उत्तरआधुनिक साहित्यलाई तिलाञ्जलि नै दिनुपर्ने दाबी कडाइका साथ गर्छन् । जुन कुरा आधुनिक नेपाली समालोचनाको क्षेत्रमा महत्त्वपूर्ण योगदानको रूपमा साबित भएको छ । यसबाट नेपाली समालोचनालाई व्यापक र व्यावहारिक बनाउँदै लैजाने सोच समालोचक ढकालको देखिन आउँछ । यस चरणमा पनि ढकालले अन्य समीक्षकहरूभन्दा केही भिन्न प्रगतिशील सोचविचारका साथ समालोचना गरेकाले उनलाई प्रगतिशील समालोचक पनि भन्न सकिन्छ ।

बौद्धिक स्तरको अभिव्यक्ति, भाषाको विस्तार, परिष्कार तथा परिमार्जन भाषिक सरलता, वस्तुवादी समालोचनात्मक पद्धति तथा बौद्धिकता र तार्किकताका प्रचुर प्रयोगलाई अगाडि बढाउनमा ढकालको यस चरणमा पनि उत्तिकै महत्त्वपूर्ण योगदान रहेको देखिन्छ ।

जुनसुकै क्षेत्रमा लागे पनि आफू संलग्न रहेको क्षेत्र उन्नति, प्रगति र समृद्धिमा पुऱ्याउन इमान्दारिताका साथ तल्लीन भएर लागिरहने ढकालले वस्तुनिष्ठ भएर पूर्वाग्रहरहित बन्दै विभिन्न पद्धति र प्रणालीको अवलम्बन र अनुसरण गरेर बहुलवादी सिद्धान्त अँगाल्दै नेपाली समालोचना परम्परामा व्यावहारिक, सैद्धान्तिक र शैक्षिक समालोचनाका रचनाहरू प्रस्तुत गरेका छन् । ती नेपाली साहित्यका अमूल्य निधि हुन् । यी समालोचनाहरूले उनलाई एक प्रगतिशील समालोचकका रूपमा चिनाएका छन् ।

यसरी हेर्दा जयप्रसाद ढकालको योगदान नेपाली भाषासाहित्य र विशेष गरेर नेपाली समालोचनाका क्षेत्रमा विशिष्ट र अति उच्च रहेको प्रष्ट हुन्छ । नेपाली साहित्यको पृष्ठभूमिसमेतको निरूपण गरेपछि मात्र साहित्यको समीक्षा गर्न सकिने दृष्टिकोण राख्ने ढकालको समीक्षा प्रगतिशीलतामा आधारित रहेको देखिन्छ । यथार्थपरक दृष्टिचेतलाई प्रगतिवादको आधार स्तम्भ मान्ने ढकाल कतै प्रभावपरक र

कतै समाजपरक नेपाली समालोचकको क्षेत्रमा देखिने उल्लेख्य व्यक्तित्वका रूपमा देखिन्छन् । जेहोस् नेपाली समालोचनाको इतिहासमासमालोचक जयप्रसाद खनाल पनि एक निर्भीक प्रगतिशील समालोचकका रूपमा स्थापित भएका छन् ।

# चौथो परिच्छेद

# जयप्रसाद ढकालको समालोचना यात्रा

## ४.१ विषय प्रवेश

जयप्रसाद ढकालको साहित्य यात्रालाई पहिल्याउँदै जाँदा २०१३ सालसम्म पुग्न सकिन्छ । हुन त उनले २०१०/१२ सालदेखि नै कविता तथा निबन्ध लेख्न थालेको देखिए पनि २०१३ साललाई नै उनको साहित्य यात्राको पूर्व समय बिन्दु मान्नु उचित देखिन्छ । बनारसमा विद्यार्थी जीवनदेखि नै उनले विभिन्न पत्रपत्रिकामा आफ्ना लेख-रचना प्रकाशित गर्न थालेको देखिन्छ । २०१३ साल कार्तिकमा **उदय** पत्रिकामा प्रकाशित उनको बौद्धिक प्रबन्ध 'संस्कृति' नै साहित्य यात्राको प्रथम प्रकाशित रचना हो । यसै सालमा उनको फुटकर कविता 'उषा पाउला कि?' **रहर** पत्रिकामा प्रकाशित भएको देखिन्छ । यसका अतिरिक्त यसै वर्ष ढकालको 'कन्नेदान' कथा बनारसबाट प्रकाशित हुने **नौलो पाइलो**मा प्रकाशित भएको थियो ।

विद्यार्थी जीवनदेखि नै मार्क्सवादी कम्युनिष्ट पार्टीका कार्यकर्ता ढकालमा मार्क्सवादी विचारधाराको गहिरो प्रभाव परेकाले उनका पूर्वाद्धका रचनाहरूमा पनि मार्क्सवादी-प्रगतिवादी साहित्यिको प्रभाव देखिन्छ । उनका समालोचनात्मक लेखहरू, रचनाहरू विभिन्न पुस्तक तथा पत्रिकामा छरिएर रहेका छन् र ती रचनाहरू प्रगतिशील विचारधारामा आधारित रहेका छन् ।

## ४.२ ढकालको समालोचना यात्रा

समालोचकका रूपमा लामो समयदेखि बौद्धिक र सशक्त साहित्यिक प्रतिभाका रूपमा स्थापित ढकालको समालोचना यात्रालाई विभिन्न चरणमा बाँडेर हेर्नु आवश्यक देखिन्छ । प्रगतिशील समालोचक ढकालका समालोचना यात्रामा समालोचकीय प्रवृत्ति र शिल्प सज्जामा समेत क्रमशः परिवर्तन आएको देखिन्छ । यसैले समालोचनाका पद्धति र शैलीलाई आधार मानेर ढकालको समालोचना यात्रालाई खासगरी दुई खण्डमा विभाजन गरी अध्ययन गरिएको छ :

(क) पूर्वार्द्ध चरण (२०१३ देखि २०२२ सम्म)

(ख) उत्तरार्द्ध चरण (२०४८ देखि हालसम्म)

### ४.२.१ पूर्वाद्ध चरण (२०१३-२०२२)

समालोचक ढकालको साहित्यिक यात्राको पूर्वाद्ध चरणलाई पहिलो चरण पनि भनिन्छ । यस चरणको सुरुआत २०१३ देखि भएको मानिन्छ । २०१३ देखि २०२२ साल सम्मको अवधिलाई उनको प्रगतिशील समालोचना यात्राको पूर्वार्द्ध चरण मानिन्छ । लगभग एक दशकको यो अवधिलाई ढकालको समालोचना यात्राको आभ्यासिक कालका रूपमा लिन सकिन्छ । २०१३ सालमा 'संस्कृति' र २०१५ सालमा 'बुद्ध' जस्ता बौद्धिक प्रकृतिका समीक्षा-समालोचना लेखेर समालोचना क्षेत्रमा प्रवेश गरेका हुन् । उनको **साहित्य र संस्कृति** नामक समालोचनात्मक सँगालोभित्रका समालोचनाहरू 'जगदीश शमशेरको साहित्य र कला' (२०१६), 'गोठाले र कथानक' (२०१८/१९), 'मल्लको कालो चस्मा' (२०१७), 'बालकृष्ण पोखरेल : नेपाली भाषा र साहित्य' (२०२२) आदि समालोचनाहरू यस चरणका समालोचनाहरू रहेका छन् ।

यी समालोचनाहरूको अध्ययनबाट के बुझिन्छ भने ढकाल यस चरणमा प्रगतिशील समालोचना लेखनमा आकर्षित हुँदै गएका छन् । यिनमा बौद्धिकताको मात्रा बढ्दो गतिमा देखिन्छ । यिनी मार्क्सवादी चिन्तनबाट प्रभावित भएको हुँदा 'मल्लको कालो चस्मा' तथा 'कथाकार गोठाले र कथानक' मा उनले प्रगतिशील विचारधाराबाट समालोचना गरेको देखिन्छ । यदि साहित्यबाट समाज तथा व्यक्ति लाभान्वित हुन सक्दैन भने त्यो साहित्य होइन, असाहित्य हो भन्ने धारणा व्यक्त गरेका छन् । जुन कुरा प्रगतिवादी-यथार्थवादी समालोचनाको मान्यता पनि हो । यी कारणले उनका समालोचनामा प्रगतिशीलता झल्किएको देखिन्छ । तार्किकता, भाषिक सरलता तथा स्पष्टता आदि यस चरणका यिनका समालोचनागत विशेषता हुन् ।

### ४.२.२ उत्तरार्द्ध चरण (२०४८ देखि हालसम्म)

ढकालले २०२२ सालदेखि २०४७ सालसम्म साहित्यिक गतिविधिबाट पूर्ण विश्राम लिएको देखिन्छ । झन्डै अढाइ दशक लामो मौन अलप भई आफूलाई निकै खार्दै अझ बढी नव ऊर्जा सञ्चित गर्दै साहित्यिक अध्ययनमा लागि २०४८ सालमा 'प्रगतिवादः एक दृष्टि' लेखमार्फत् उनी पुनः साहित्यफाँटमा देखा पर्दछन् । यस चरणमा ढकाल मुख्यतया समालोचना विधामा मात्र केन्द्रित भए पनि संस्मरण

लेखनलाई पनि निकै अगाडि बढाएको देखिन्छ । यसै अवधिमा उनले अगभग एक दर्जनजति संस्मरण लेखेको कुरा उनले स्वयम् भनेका छन् ।

ढकालको समालोचनात्मक यात्राको यस चरणमा उनले **साहित्य र संस्कृति** (२०५२) नामक समालोचनात्मक सँगालो प्रकाशित भएको छ । पन्ध्रवटा लेखनिबन्धहरू सङ्कलित उक्त ग्रन्थमा ६ वटा रचना (लेख) हरू प्रथम चरणमै लेखिएका र विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका देखिन्छन् । ती रचनाहरूलाई यस ग्रन्थमा पुनः प्रकाशित गर्दा कतिपय लेखनिबन्ध तथा समालोचनालाई परिमार्जित रूपमा ल्याएको पाइन्छ । यस अवधिमा ढकाल भाषिक परिष्कार तथा परिमार्जनमा विशेष सचेत देखिन्छन् । **साहित्य र संस्कृति**मा सङ्कलित समालोचनाहरूमा कतिपय लेखहरू वैचारिक किसिमका छन् भने कतिपय साहित्यका विविध विधामा केन्द्रित भएका देखिन्छन् । वैचारिक लेखहरूमा 'यथार्थवादः एक दृष्टि' तथा 'नेपाली साहित्य : यथार्थ दृष्टि' पर्दछन् ।

यो उत्तरार्द्ध चरणमा ढकालका अन्य दुई समाालोचनात्मक कृतिहरू **आधुनिक नेपाली आलोचना** (२०५७) र **आधुनिक नेपाली पत्रजगत्** (२०५९) प्रकाशित भइसकेका छन् । खासगरी उनका यस चरणका समालोचना मार्क्सवादी यथार्थवादभन्दा गैरमार्क्सवादी यथार्थवादमा केन्द्रित भएका देखिन्छन् तर उनको पहिलो चरणको प्रगतिशीलता यस चरणमा पनि रहेको देखिन्छ । केवल वर्गीय हितका निम्ति मात्र साहित्यको उपयोग गर्ने प्रवृत्तिले गर्दा साहित्यले आफ्नो वास्तविक मूल्य गुमाउने भएकोले गैरमाक्सवादी-यथार्थवादी साहित्य तथा समालोचना प्रणालीको विकास भएको देखिन्छ । यस धाराका समालोचकहरू राजनैतिक पूर्वाग्रहबाट साहित्य मुक्त हुनुपर्दछ भन्ने धारणा उनको रहेको छ । त्यसैले गैरमाक्सवादी-यथार्थवादी समालोचकहरूले साहित्यले समाजको वास्तविक अवस्थाको चित्रण गर्नुपर्दछ भन्ने मान्यता राखी समालोचनाको क्षेत्रमा अगाडि बढेका देखिन्छन् । यी विशेषताले गर्दा उनमा प्रगतिशीलता चाहिँ मुख्य रूपमा देखिएको छ ।

युरोपमा यथार्थवादी समालोचनाको विकास अठारौँ/उन्नाइसौँ शताब्दीमा नै भए पनि नेपालमा भने बीसौँ शताब्दीमा मात्र आरम्भ भएको देखिन्छ । खासगरी २००७ सालको परिवर्तनपछि नेपाली साहित्यमा प्रगतिवादी-यथार्थवादी समालोचनाको विकास हुँदै आएको देखिन्छ । यस प्रणालीलाई अघि बढाउने समालोचकहरूमा हृदयचन्द्रसिंह

प्रधान श्यामप्रसाद शर्मा, डी.पी. अधिकारी, आनन्दवेव भट्ट, गणेशलाल सुब्बा, सरिता ढकाल आदि देखापर्दछन् । यिनीहरूले बढाएको समालोचना धारामा केही परिमार्जित रूपमा जयप्रसाद ढकाल प्रस्तुत हुन्छन् । उनी साहित्यको समालोचना गर्दा माक्सवादी वर्गीय द्वन्द्वलाई आधार मान्दैनन् बरू विशुद्ध सामाजिक उपयोगिताको दृष्टिकोणलाई मुख्य आधार मान्दछन् । त्यसैले ढकालले यथार्थवादी समालोचनाको विकासमा एक नौलो आयाम थप्दै प्रगतिशीलतालाई समालोचनाको प्रमुख कसी मान्दछन् ।

साहित्यिक यात्राको उत्तरार्द्धमा ढकाल सृजनाको अपेक्षा समालोचनामा नै केन्द्रित भएको पाइन्छ । ढकालले आफ्नो वैचारिक आधारस्वरूप जीवनोपयोगी तथा व्यावहारिक यथार्थवादी दृष्टिलाई लिएको देखिन्छ । यस आधारमा उनी कृति तथा कृतिकारको मूल्याकन गर्दछन् । यसै आधारमा हेर्दा जयप्रसाद ढकाल एक यथार्थवादी समालोचक हुनुका साथै सैद्धान्तिक कम तथा अधिक व्यावहारिक समालोचक हुन् । सहज, सरल रूपमा वस्तुपरक शैली प्रस्तुत गर्दै समालोचना बौद्धिक कसरत मात्र होइन, शिक्षा हासिल गर्न चाहने विद्यार्थीवर्गका लागि ज्ञान र शिल्पको पथनिर्देशक पनि हुनुपर्छ भन्ने प्रगतिशील धारणा उनका यस चरणका समालोचनाहरूमा प्रस्तुत भएको पाइन्छ । यस चरणका समालोचनात्मक लेखहरूमा उनले विसङ्गतिवादी साहित्यको विरोध गरेर प्रगतिवादका आधारमा समाजोपयोगी साहित्य रचना हुनुपर्दछ भनेका छन् । करिब पाँचदशक लामो समालोचना यात्रामा संलग्न भएका ढकालको समालोचनात्मक शैली परिष्कृत, परिमार्जित रहेको पाइन्छ । यसरी विभिन्न साहित्यकार र कृतिहरूको वस्तुपरक, सामाजिक यथार्थवाद र गैरमार्क्सवादी धारामा केन्द्रित भएर समालोचना गर्ने प्रगतिशील समालोचक ढकालको ध्यान अब झन् शैक्षिक तथा कृतिगत समालोचनाको रचनातर्फ आकृष्ट होस् भन्ने हाम्रो अपेक्षा रहेको छ ।

# पा“चौ“ परिच्छेद

# प्रगतिशील समालोचक जयप्रसाद ढकालका समालोचनात्मक कृतिहरूको अध्ययन-विश्लेषण

## ५.१ परिचय

नेपाली साहित्यमा विभिन्न विधामा कलम चलाइसकेका प्रगतिशील समालोचक जयप्रसाद ढकालले समालोचना विधामा पनि कलम चलाएका छन् । खासगरी नेपाली साहित्यकार, साहित्यिक कृति र साहित्यसम्बन्धी विश्लेषणमा उनको समालोचना केन्द्रित भएको छ । २०१३ सालदेखि समालोचना क्षेत्रमा कलम चलाउन थालेका ढकालका समालोचनात्मक लेखहरूलाई सङ्गृहीत गरी तीनवटा समालोचनात्मक कृतिहरू प्रकाशित भएका छन् भने केही समालोचनात्मक लेखहरू भने विभिन्न पत्रपत्रिकामा छरिएर रहेका पाइन्छ । **साहित्य र संस्कृति** (२०५२), **आधुनिक नेपाली समालोचना** (२०५७) र **आधुनिक नेपाली पत्र-जगत् समीक्षा** (२०५९) ढकालका समीक्षात्मक प्रकाशित कृतिहरू हुन् । यी कृतिमा सङ्गृहीत समालोचनाहरू सङ्ग्रहमा सङ्कलित हुनुपूर्व केही पत्रपत्रिकामा प्रकाशित भएका पाइन्छन् भने केही भएका छैनन् । यहाँ यिनै समालोचनात्मक कृतिहरूको अध्ययन-विश्लेषण प्रगतिशीलताका आधारमा निम्नानुसार गरिएको छ :

## ५.२ ‘साहित्य र संस्कृति’ कृतिको विश्लेषण

### ५.२.१ कृति परिचय

**साहित्य र संस्कृति** नामक समालोचनात्मक कृति सर्वप्रथम २०५२ सालमा श्रीमती जया ढकाल ‘चुनू’ले प्रकाशित गरेकी हुन् । प्रस्तुत कृतिको मुखपृष्ठ सेतो रङमा रहेको छ । मुखपृष्ठको सिरानमा **साहित्य र संस्कृति** र पुछारमा जयप्रसाद ढकाल लेखिएको छ । मुखपृष्ठभन्दा पछाडि एक पाना खाली छ । त्यसपछिको पेजमा मुखपृष्ठकै व्योहोरा दोहोऱ्याइएको छ । त्यस पृष्ठको अर्कापट्टि सर्वाधिकार, संस्करण, मूल्य, प्रकाशक र मुद्रक आदि कुराको विवरण दिइएको छ । यसभन्दा पछि ‘मन्तव्य’ शीर्षकमा वासुदेव त्रिपाठीको नौ पृष्ठको लामो कृतिको समीक्षात्मक लेख रहेको छ भने यो मन्तव्यपछि लेखकले ‘दुई शब्द’ शीर्षकमा ५ पृष्ठमा आफ्ना भनाइ राखेका छन् । आकारप्रकारका दृष्टिले मध्यम खालको देखिने प्रस्तुत कृति १६८ पृष्ठमा संरचित भएको छ । जम्मा पन्ध्रवटा लेखहरू समाविष्ट

भएको उक्त कृतिभित्र केही लेखहरू व्यक्तिकेन्द्री, केही लेखहरू साहित्यिक कृति केन्द्री र केही लेखहरू साहित्यसम्बन्धी रहेका छन् । यस कृतिको मूल्य रु. १२०।- रहेको छ ।

## ५.२.२ विषयवस्तु

यस कृतिमा सङ्कलित पन्ध्रवटा समालोचनात्मक लेखहरू रहेका छन् । यी लेखहरूमा जयप्रसाद ढकालले व्यक्ति, कृति, सिद्धान्त र विविध विषयमा विश्लेषण तथा मूल्याङ्कन गरेका छन् । यी समालोचनात्मक लेखहरूमा प्रयुक्त विषयवस्तुलाई कृतिमा लेखहरूको क्रमानुसार निम्नानुसार प्रस्तुत गरिएको छ :

### ५.२.२.१ संस्कृति

**साहित्य र संस्कृति** समालोचनात्मक ग्रन्थको पहिलो समालोचनात्मक लेख 'संस्कृति' रहेको छ । यो लेख यस कृतिमा सङ्कलित हुनु अगावै **उदय** (२०१३ : वाराणसी) पत्रिकामा प्रकाशित भएको देखिन्छ । यस लेखमा ढकालले संस्कृतिका बारेमा बृहत् छलफल गरेका छन् । संस्कृति भनेको जातीय पहिचान हो त्यसैले समाजमा संस्कृतिको महत्त्व अधिक हुन्छ । समाजको विकासका क्रममा समय र परिस्थितिअनुसार विभिन्न किसिमका चालचलन र रीतिरिवाजहरू विकास हुँदै कालान्तरमा संस्कृतिको रूप लिएर देखापर्दछन् । यसरी चालचलन र रीतिरिवाजहरू व्यक्तिका निजी स्वार्थमा विकास भएका छन् भने त्यस्ता चालचलन र रीतिरिवाजहरूलाई संस्कृति नभनेर कुसंस्कार भन्नुपर्दछ र त्यस्ता कुसंस्कारहरूलाई निर्मूल पारी समाजबाट हटाउनुपर्छ भन्ने ढकालको धारणा रहेको देखिन्छ । संस्कृति देशका सम्पत्ति हुन् । यिनलाई जोगाएर राख्न प्रत्येक व्यक्ति तथा समुदायहरू साँगुरो घेराबाट माथि उठ्न सक्नुपर्छ । यसो भएमा मात्र साझा संस्कृतिको विकास गरी देशको राष्ट्रिय गौरव तथा प्रतिष्ठालाई जोगाउन सकिन्छ । प्रत्येक जातिका आआफ्ना संस्कृतिहरू नेपाली संस्कृति हुन् । यस्ता संस्कृतिलाई जोगाएर राख्नु प्रत्येक नेपालीको कर्तव्य हुनजान्छ । यस्ता संस्कृतिको प्रवर्धन भएमा देशको उन्नति र भलो हुने कुरा निश्चित छ भन्ने ढकालको विचार रहेको छ ।

पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका सम्पूर्ण नेपालीहरूको साझा संस्कृति नै नेपाली संस्कृति हो । यसलाई हामीले सजाउन सके जातीय उन्नति अवश्यम्भावी छ भन्ने लेखकको विचारबाट वास्तविक राष्ट्रियताको अभिव्यक्त भएको पाइन्छ । यति मात्र नभई

विश्व मानवीय संस्कृतिको विकास गर्न सकेमा 'वसुदैव कुटुम्बकम्'को भाव सार्थक हुन सक्ने थियो भन्ने धारणाबाट लेखकले मानवतावादी दृष्टिकोण व्यक्त गरेका छन् । यसरी ढकालले यस लेखमा संस्कृतिको महत्त्व र संस्कृतिलाई कसरी जोगाउनु पर्छ भन्ने बारेमा आफ्ना विचारहरू व्यक्त गरिएको छ ।

## ५.२.२.२ 'जगदीश शमशेरको साहित्य र कला'

प्रस्तुत समालोचना **साहित्य र संस्कृति** कृतिको दोस्रो समालोचनात्मक लेख हो । यस कृतिमा सङ्कलित हुनपूर्व यो समालोचना **कोपिला** (बनारस : २०१६) साहित्य पत्रिकामा प्रकाशित भएको पाइन्छ । ढकालको समालोचना यात्रामा पूर्वार्द्ध चरणमा लेखिएको यो लेख शमशेरको 'नेपाली साहित्य र कलामा आधुनिक गतिशीलताको आवश्यकता' शीर्षकलाई स्पष्ट पार्ने सन्दर्भमा लेखिएको हो । यो लेख जम्मा पाँच पृष्ठमा विस्तारित छ ।

जगदीश शमशेरले साहित्य र कलामा विकास हुन सकेन भनी गुनासो गरेको प्रसङ्गलाई उल्लेख गर्दै ढकाल लेख्छन् : साहित्य र कला जीवनसित सम्बन्धित र समाजका प्रतिबिम्बहरू हुन् । साहित्य हावामा सृजित हुँदैन; यसको मूलकारण वा आधार नै समाज र सामाजिक गतिविधिहरू हुन् । समाजबाट निरपेक्ष रही साहित्यको सृजना गर्ने प्रयास गरियो भने त्यो यथार्थमा साहित्य हुन सक्तैन र समाजोपयोगिताका दृष्टिले अर्थहीन तथा मूल्यहीन हुन्छ । सामाजिक वा राजनीतिक परिवर्तनका लागि साहित्य वा कलाको प्रभाव पनि महत्त्वपूर्ण हुन्छ । मनुष्य समाजको विकाससँगसँगै साहित्य र कलाको जन्म, विकास र मरण हुन्छ । त्यसैले साहित्य र कलाको विकास हुन मनुष्य जातिको विकास हुनु आवश्यक रहेको कुरालाई ढकालले इङ्गित गरेका छन् । साहित्य समाजको ऐना भएकाले समाजको विकासमा साहित्यको ठूलो हात रहेको यथार्थलाई पनि उनले यस लेखमा प्रस्ट पारेका छन् । यसैगरी ढकालले यस लेखमा साहित्यसम्बन्धी दृष्टिकोणलाई प्रस्तुत गर्दै यथार्थ जगत्को अनुकरण नै साहित्य भएकाले साहित्यकार समाजबाट अलग हुन सक्तैन भन्न धारणालाई पनि प्रस्तुत गरेका छन् ।

शमशेरले साहित्य वा कलाकारलाई कायरका रूपमा लिएको सन्दर्भलाई कोट्याउँदै ढकालले शमशेरलाई सामाजिक प्रगति नचाहने वा प्रगति गर्न सक्ने क्षमता नभएका व्यक्तिका रूपमा चित्रण गरेका छन् । यसरी नै शमशेरले कवि सम्मेलनलाई नारा सम्मेलन र भोटको सवाईभन्दा सस्ता खाले कविता भनी वास्तविक सृजनलाई मूल्यहीन बनाउने जुन

प्रयत्न गरे त्यो एकदमै अतथ्यपूर्ण छ भनी विश्लेषण गरेका छन् । ढकालका विचारमा मनुष्य जीवनका ऐतिहासिक घटना र वस्तुगत सम्बन्धलाई आँखा चिम्लिँदा प्रयोगवादी विचारधाराबाट साहित्य र कलाको मौलिकता नै नष्ट हुन्छ । यसैले २००७ सालदेखि यताका रचनामा पहिलाचन्दा बढी प्रगतिवादी धारा र ठाडो नारा पनि देखापरे । लेखनाथ र देवकोटा पनि यो प्रगतिवादी धाराबाट प्रभावित भएका उदाहरण प्रस्तुत गर्दै ढकालले २००७ सालको क्रान्तिले नेपाली साहित्यमा नयाँ जोश उत्पन्न गरायो र यसले साहित्यिक क्षेत्रलाई पनि गहिरो रूपमा प्रभावित गऱ्यो भनेका छन् । यस भनाइमा ढकालले प्रगतिशील साहित्यको व्याख्या गर्न खोजेको देखिन्छ । ढकाल आफ्नो जीवनको पूर्वार्द्धतिर समाजवादी राजनैतिक चिन्तनबाट प्रभावित भएको हुँदा उनको साहित्य र कलाको व्याख्यामा पनि द्वन्द्वात्मक भौतिकवादको आङ्गिक प्रभाव देखापर्छ; जुनकुरा यस लेखको निम्न भनाइले पुष्टि गर्दछ : 'प्रगतिकै निम्ति सङ्घर्षमय जीवनमा विश्वास गर्नुपर्दछ । ....सङ्घर्षमय जीवनको वास्तविक तारतम्य बुझ्न नसकी जिउँदो साहित्य, कला र टेक्टिकको माग पूरा हुन सक्तैन ।'

यसरी ढकालले यस समालोचनात्मक लेखमार्फत् साहित्य र कलासम्बन्धी जीवनदृष्टिलाई प्रस्ट पार्न खोजेका छन् । प्रगतिकै निम्ति सङ्घर्षमय जीवनमा विश्वास राख्नुपर्छ । पूर्वार्द्ध चरणमा उनमा देखिएको मार्क्सवादी राजनैतिक चिन्तनले आफ्नो साहित्यिक धारणा निर्धारण गर्न महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । यसरी जगदीश शमशेरको साहित्य र कलासम्बन्धी धारणा भ्रमपूर्ण रहेको तथ्यलाई प्रस्ट पार्दै ढकालले आफ्नो साहित्य र कलासम्बन्धी दृष्टिकोण यस लेखमार्फत् प्रस्तुत गरेका छन् ।

### ५.२.२.३ मल्लको कालो चस्मा (गगल्स)

प्रस्तुत समालोचनात्मक लेख **साहित्य र संस्कृति** समालोचना ग्रन्थमा सङ्कलित हुनुपूर्व २०१७ सालमा त्रिचन्द्र कलेजबाट प्रकाशित गरिने **कलेज लाइट** पत्रिकामा प्रकाशित भएको पाइन्छ । यस समालोचनात्मक लेखमा ढकालले नेपाली साहित्यमा प्रभुत्व जमाएका स्व. विजयबहादुर मल्लको प्रसिद्ध मनोविश्लेषणात्मक कथा 'कालो चस्मा' (गगल्स) लाई प्रगतिशील यथार्थवादी दृष्टिकोणले विवेचना गरेका छन् । ढकालले यस कथालाई सामाजिक धरातलमा रही समाजसापेक्ष दृष्टिकोणमा व्याख्या गर्ने काम गरेका छन् ।

आफ्नी स्वास्नी छिमेकी साथीसँग मस्त सुतिरहेको देख्दा पनि यस कथाको मुख्य पात्र पतिदेवले कुनै प्रतिक्रिया नदेखाउनु ज्यादै असामान्य अवस्था हो । यही कुरालाई नै

कथाकारले मूल रूपमा देखाउन खोजेको कुरा हो भनी ढकालले विश्लेषण गरेका छन् । भोलिपल्ट बिहान उसकी पत्नीको बोलीवचन र हाउभाउमा पति लठ्ठ पर्नु कृत्रिमता भए पनि पतिदेवले त्यसलाई स्वभाविक मान्नु समाजको नैतिक मर्यादामाथि गम्भीर चोट पुऱ्याउनु हो भनी ढकाल भन्दछन् । सामाजिक मूल्य र मान्यतामा आँच आउने खालको रचनाले कृतिको मूल्य खस्कन जान्छ; त्यसैले साहित्यकारलाई जाच्ने कसौटीका रूपमा समाजलाई उभ्याउँदै ढकाल लेख्छन् : 'साहित्य समाजको प्रतिबिम्ब हो । साहित्यकारलाई जाँच्ने र तौलने मुख्य आधार समाज भएकाले प्रत्येक समाजको यथार्थतामा भर पर्नु स्वाभाविक हुन जान्छ; यसकारण समाजभन्दा पर रहेर रचना जिउँदो रहन सक्दैन भने ढकालको ठहर छ ।

यी भनाइहरूबाट ढकालको साहित्यलाई हेर्ने दृष्टि समाजपरक यथार्थवादी रहेको देखिन्छ । मल्लको प्रस्तुत कथा यौनमनोविश्लेषणमा आधारित भए तापनि यसले सामाजिक नैतिक मूल्य र मान्यतालाई गुमाएकाले ढकालका दृष्टिमा यो कथा उत्कृष्ट बन्न सकेको छैन । ढकालले प्रगतिवादी समालोचक डी. पी. अधिकारीको मान्यतालाई पनि कथाको विश्लेषणको आधार बनाएको छ । यस लेखमाथि टिप्पणी गर्दै वासुदेव त्रिपाठीले ढकाल चर्चित प्रगतिवादी यथार्थवादी समालोचक भएकाले सामाजिक यथार्थवादी मान्यताका आधारमा मानिस कामुक प्राणी नभई सामाजिक दृष्टिले उत्तरदायी व्यक्ति हुने कुरामा जोड दिएका भनी उल्लेख गरेको देखिन्छ ।

यसरी ढकालले यस कथाको आलोचनाको कसीका रूपमा सामाजिक नैतिक मान्यतालाई आधार बनाएका छन् । यो कथाको विश्लेषणमा ढकाल कथाका हरेक पक्षको सूक्ष्मतातिर नगई केवल कथाको कथ्यमा नै केन्द्रित भएका देखिन्छन् । ढकालले कथाको शिल्प पक्षको उजागर भने गरेका छैनन् । मूल रूपमा ढकालले यस लेखमा विजय मल्लको उक्त कथाले सामाजिक धरातल बिर्सिई सामाजिक मूल्य र मान्यतामा आँच आउने खालेको कथा भएकाले यो कथा उत्कृष्ट हुन नसकेको भन्ने निष्कर्ष निकालेको देखिन्छ ।

### ५.२.२.४ 'बालकृष्ण पोखरेल : नेपाली भाषा र साहित्य'

**साहित्य र संस्कृति** समालोचनात्मक कृतिमा सङ्कलित 'बालकृष्ण पोखरेल : नेपाली भाषा र साहित्य' लेख तेस्रो क्रममा रहेको छ । यस लेखमा जयप्रसाद ढकालले भाषाशास्त्री तथा साहित्यकार बालकृष्ण पोखरेलको कृति **नेपाली भाषा र साहित्य**सम्बन्धी चर्चा गरेका छन् । यो लेख **साहित्य र संस्कृति** कृतिमा सङ्कलित हुनुपूर्व **भानु** (निबन्ध विशेषाङ्क,

२०२२) मा सर्वप्रथम प्रकाशित भएको बुझिन्छ । यस लेखको प्रकृतिलाई हेर्दा यो लेखलाई समालोचनाभन्दा बौद्धिक प्रबन्ध भन्न सुहाउँदो रहेको छ ।

नेपाली भाषाका क्षेत्रमा बालकृष्ण पोखरेलको योगदान महत्त्वपूर्ण रहेको छ । यति हुँदाहुँदै पनि बालकृष्ण पोखरलले आफ्नो पुस्तक **नेपाली भाषा र साहित्य**लाई नेपाली भाषाको प्रथम भाषिक कृति भनेको कुराप्रति ढकाल सहमत देखिँदैनन् । बालकृष्ण पोखरलेभन्दा पहिला भाषाशास्त्री महानन्द सापकोटाले भाषाको अध्ययन गरिसकेका र सापकोटाका भाषासम्बन्धी लेखहरू पत्रपत्रिकामा प्रकाशित भइसकेको कुरालाई पोखरेलले भुल्नु नहुने धारणा ढकालको रहेको छ ।

बनारसको विद्यार्थी जीवनकालमा केही उत्साही युवकहरू बालकृष्ण पोखरेल, तारानाथ शर्मा, कोशराज रेग्मी, बल्लभमणि दाहाल, जयप्रसाद ढकाल, चूडामणि रेग्मी, गणेश भण्डारी, वीरेन्द्र खुजेली, सरिता ढकाल आदिले तत्कालीन विभिन्न पत्रपत्रिकाका माध्यमबाट भाषिक उन्नति गर्ने ठूलो जमर्को गरेको कुरा उल्लेख गर्दै झर्रोवादी आन्दोलन यिनीहरूकै नेतृत्वमा अगाडि बढेको तथ्य ढकाल प्रस्तुत गर्दछन् । झर्रोवादी आन्दोलन भाषिक क्षेत्रको यथार्थवादी आन्दोलन भएको कुरा यस आन्दोलनका हस्तीहरूको दाबी भए पनि झर्रोवाद आन्दोलनले पनि भाषा वैज्ञानिक मान्यतालाई छोडी जथाभावी भाषिक परिवर्तन गर्न नहुने धारणा ढकालको रहेको छ । भाषाको वास्तविकता बुझ्न यसको गम्भीर गहन अध्ययन गर्नुपर्छ । त्यसो नभएमा भाषाका बारेमा गरिएका टिप्पणी अधुरो तथा तथ्यहीन हुने धारणा ढकालको रहेको देखिन्छ । अन्त्यमा लेखक जयप्रसाद ढकालले बालकृष्ण पोखरेलको उक्त कृतिको शीर्षक कृतिअनुसार नभएको विचार व्यक्त गरेका छन् । पोखरेलको उक्त कृतिमा साहित्य नभएकाले यसको शीर्षक विषयवस्तुअनुसार नभएको ढकालको दाबी छ तर ढकालको यस भनाइप्रति पाठकवर्ग पूर्णतः आश्वस्त हुन नसक्ने स्थिति देखापर्छ किनभने सो पुस्तकमा प्राचीन साहित्यकारका लेखरचना भएको कुरा स्वयम् उनले उल्लेख गरेका छन् ।

यसरी यस लेखमार्फत् ढकालले झर्रोवादको प्रशंसा गर्दै भाषाको उन्नतिका लागि यस्ता आन्दोलनले महत्त्वपूर्ण योगदान दिँदै भाषाको प्रगति तीव्र रूपमा हुने विचार व्यक्त गरेका छन् । यसैगरी बालकृष्ण पोखरेलको भाषिक योगदानको चर्चा गर्दै **नेपाली भाषा र साहित्य** कृतिको शीर्षक सार्थक नभएको कुरा उल्लेख गरेका छन् ।

### ५.२.२.५ बुद्ध

प्रस्तुत 'बुद्ध' ढकालको बौद्धिक प्रबन्ध हो । यो प्रबन्ध सर्वप्रथम **कोपिला** (२०१५ : वाराणसी) पत्रिकामा प्रकाशित भएको देखिन्छ । पछि ढकालले उक्त लेखलाई परिमार्जित रूपमा **साहित्य र संस्कृति** समालोचनात्मक कृतिको पाँचौं क्रममा सङ्गृहीत गरेका छन् । ढकालले यस लेखमा शान्तिका दूत गौतम बुद्धको विचारलाई व्यापक अर्थमा विवेचना गरेका छन् । प्राचीन कालमा बुद्धले दिएका दर्शनमा प्रशस्त आधुनिकताका सङ्केतहरू पाइने हुँदा यस दर्शनले व्यापकता पाएको भन्ने हो भन्ने ढकालको धारणा रहेको छ । बौद्धिक साहित्य तथा दर्शनले जरा गाडिसकेको नेपालमा बुद्ध दर्शनको व्यापक प्रचार हुन नसके पनि यसले वस्तुगत सत्यमा बढी विश्वास गर्ने हुँदा आंशिक रूपमा भए पनि नेपालमा यसले आफ्नो प्रभाव गहिरो रूपमा छाडेको पाइन्छ । ढकालले बुद्धको अध्यात्म दर्शनलाई मार्क्सवादी भौतिक दर्शनसँग केही हदसम्म समानता देखाउने प्रयास गरेका छन् । ढकाले बुद्धका खासगरी चारवटा उपदेशहरू निम्न छन् : (क) ईश्वर नमान्नु, (ख) आत्मा नित्य नमान्नु, (ग) ग्रन्थ स्वतः प्रमाणित नमान्नु र (घ) पूर्व र पश्चात् जीवनप्रवाह नमान्नु ।

यी चारवटा उपदेशहरूमध्ये पहिलाका तीन उपदेशसँग मार्क्सवाद नजिक रहेको कुरा ढकाले भनेका छन् । ढकालले बुद्धवादसँग मार्क्सवादको तुलनात्मक टिप्पणी गरेका छन् । बुद्ध दर्शनको छाप नेपालमा गहिरो रूपमा परेको कुराको चर्चा गर्दै ढकालले बुद्ध दर्शनले नेपाली साहित्यलाई पनि छोएको कुरा गरेका छन् । यो लेख ढकालको बौद्धिक प्रबन्ध भएकाले यस लेखमा ढकालले आफ्नो समालोचकीय सीपको प्रशस्त उपयोग पनि गरेका छन् । ढकालको समालोचना यात्राको पूर्वार्द्ध चरण मार्क्सवाद र प्रगतिवादी धारामा केन्द्रित भएकाले यस लेखमा पनि बुद्धका दर्शनहरूलाई मार्क्सवाद र प्रगतिवादी विचारधारासँग तुलनात्मक अध्ययन गर्दै बुद्धका दर्शनमा पनि मार्क्सवादी र प्रगतिवादी धाराअनुरूप व्याख्या गर्ने जमर्को गरेको देखिन्छ । गम्भीर विचार र गहकिला तर्कहरूले यो लेखले बौद्धिक उच्चता प्राप्त गर्न सकेको पाइन्छ । यसरी यस लेखमा प्रगतिशीलता झल्किएको पाइन्छ ।

### ५.२.२.६ 'कथाकार गोठाले र कथानक'

**साहित्य र संस्कृ**ति समालोचनात्मक कृतिको छैटौं क्रममा रहेको 'कथाकार गोठाले र कथानक' समालोचनात्मक लेख नेपाली साहित्यका प्रसिद्ध साहित्यकार गोविन्दबहादुर मल्ल

'गोठाले'को कथासङ्ग्रह **कथैकथा**सँग सम्बन्धित छ । प्रस्तुत लेख **साहित्य र संस्कृति** नामक समालोचनात्मक कृतिमा सङ्कलित हुनुपूर्व सर्वप्रथम **रूपरेखा** (१९ : २०१८, चैत/वैशाख) पत्रिकामा प्रकाशित भएको देखिन्छ । त्यसपछि यही लेख परिमार्जित रूपमा विभिन्न पत्रपत्रिकामा पुनःपुनः प्रकाशित भएको पनि देखिन्छ ।

उक्त समालोचनात्मक लेखमा ढकालले गोविन्दबहादुर मल्लको **कथैकथा** कथासङ्ग्रहका कथाहरूको कथानकको चर्चा गर्ने क्रममा कथाका अन्य तत्त्वहरूको बारेमा पनि केही चर्चा गरेको देखिन्छ । नेपाली कथासाहित्यको विकासक्रममा गोठालेले दिएको योगदान चर्चा गर्दै ढकालले गोठालेलाई २००७ सालपछिका कथाकारका रूपमा उभ्याएका छन् । गोठालेको कथालेखनको सुरुआत भने २००७ सालभन्दा अघि नै भएको कुरा ढकालले बताएका छन् । यस लेखमा ढकालले गुरुप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला तथा भवानी भिक्षुको कथाकारिताको सापेक्षतामा गोठालेको तुलनात्मक अध्ययन प्रस्तुत गरेका छन् । गोठालेले आफ्ना कथामा व्यक्तिको यथार्थ चित्रण गरेको हुँदा उनी प्रकृतवादी र अतियथार्थवादी कथाकार बन्न पुगेका छन् भन्ने ढकालको भनाइ छ । आधुनिक नेपाली कथाका क्षेत्रमा भवानी भिक्षु, विश्वेश्वरप्रसाद कोइराला तथा गोठाले मनोवैज्ञानिक क्षेत्रका कथाहरू हुन् । आधुनिक नेपाली कथामा विश्वेश्वरप्रसाद कोइरालाद्वारा आरम्भ भएको मनोवैज्ञानिक धारामा भवानी भिक्षु र गोविन्दबहादुर मल्लले नयाँ आयाम थपेको कुरालाई चर्चा गर्दै ढकालले कोइरालाको शिल्पगत तथा कथ्यगत उचाइसम्म भने भिक्षु र गोठाले पुग्न नसकेको चर्चा गरेका छन् । भिक्षुका कथामा बढी भावुकता पाइन्छ भने गोठालेका कथाले यथार्थ चित्रण गर्ने क्रममा सामाजिक मर्यादालाई कायम राख्न नसकेको ठहर ढकालको रहेको छ ।

ढकालले यस लेखमा गोविन्दबहादुर मल्लको कथासङ्ग्रह **कथैकथा**का चौधवटा कथाहरूको सङ्क्षिप्त कथानकको चर्चा गरेका छन् । यसैगरी कथाको सिद्धान्त एवम् समाजोपयोगी यथार्थवादी चिन्तनको दार्शनिक व्याख्यासमेत यस लेखमा ढकालले गरेकाले यो लेख केही लामो आयाममा प्रस्तुत छ ।

जयप्रसाद ढकालले गोठालेको कथाकारितालाई नै प्रकृतिवाद र अतियथार्थवादसँग जोडेर आलोचना गरेका भए पनि यो गोठालेको कथाको एक पक्ष मात्र हो । गोठालेका 'चुनाव', 'कृष्ण मैया', 'म जुजुमान', 'मेरो बाबा', 'भाँडो' आदि कतिपय कथाका कथानकलाई

हेर्ने हो भने यी कथामा कल्पना र अतियथार्थवादका अंश प्रायः भेट्न सकिँदैन । उक्त कथाहरूमा गोठालेले सामाजिक परिवेशबाट विषयवस्तु लिई मान्छेको मनको विश्लेषण गर्ने काम भएको छ । यस खालका कथामा सामाजिक मर्यादा र शिष्टतालाई तिरस्कार गर्ने खालका घटनाहरू प्रायः संयोजन गरिएको पाइँदैन । त्यसैले ढकालले गोठाले अतियथार्थवादी र प्रकृतिवादी कथाकार भनी एकपक्षीय दृष्टिले मात्र हेरेको देखिन्छ । यहाँ ढकालले भारतीय आलोचक मोहन राकेशको 'कथा व्यत्तिः विशेष वा समूह विशेषको यथार्थ होइन, त्यो हाम्रो समग्र सामाजिक जीवनको यथार्थ हो' भन्ने भनाइबाट प्रभावित भई गोठालेका कथाहरूलाई सामाजिक उपयोगिताका दृष्टिले मूल्याङ्कन गरेका छन् । उनको मूल्याङ्कनले गोठालेको कथाकारितको मूल पाटोलाई केही ओझेलतिर लगेको देखिन्छ ।

## ५.२.२.७ 'प्रगतिवाद : एक दृष्टि'

**साहित्य र संस्कृति** समालोचनात्मक कृतिअन्तर्गत सातौँ क्रममा 'प्रगतिवाद : एक दृष्टि' नामक समालोचनात्मक लेख सङ्कलित छ । यस लेखमा ढकालले प्रगतिवादको नयाँ सन्दर्भमा व्याख्या-विश्लेषण गरेका छन् । प्रगतिवादको परम्परागत अर्थप्रति असहमत देखाउँदै ढकालले साहित्य समाज सापेक्ष हुने हुनाले साहित्यले सामाजिक परिपाटीमा नयाँ प्रगति र कामना गरेको हुन्छ । त्यस्तो साहित्यलाई प्रगतिवादी साहित्य भन्न सकिन्छ । उन्नाइसौँ शताब्दीमा देखापरेको मार्क्सवादी चिन्तन आर्थिक-सामाजिक मान्यताअनुसार रचित साहित्यलाई मात्र प्रगतिवादी साहित्य भन्ने गरिन्थ्यो तर यो परम्परा स्वयंमा अप्रगतिवादी साहित्य हो भनी ढकालले भनेका छन् । प्रगति भनेको नै परिवर्तन हो तर त्यो परिवर्तन समाजसापेक्ष हुन सकेन भने प्रगतिवादको मान्यतालाई कायम गर्न सकेको देखिँदैन । त्यसैले प्रगतिवादी साहित्य भनेको परिवर्तनकामी हुनु हो । प्रगतिवादी हनु मार्क्सवादी र कम्युनिस्ट हुनै पर्ने अनिवार्य रहँदैन भन्ने ढकालको विचार रहेको छ । उनको यो विचार समसामयिक देखिन्छ ।

विश्वमा महायुद्धपछि आएको वैचारिक परिवर्तनले भारतीय तथा नेपाली साहित्यमा पनि ठूलो प्रभाव पारेको तथ्य प्रस्तुत गर्दै ढकालले भारतमा प्रेमचन्दको अध्यक्षतामा सन् १९३२ तर प्रगतिशील लेखक सङ्घको स्थापना भएको थियो । नेपाली साहित्यमा पनि प्रगतिशील लेखक सङ्घको स्थापनापूर्व नै लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण सम आदि साहित्यकारहरूले आफ्ना कृतिमा प्रशस्त प्रगतिवादी विचार व्यक्त

गरिसकेका थिए भन्ने कुराको चर्चा गर्दै ढकालले प्रगतिवादलाई व्यापक अर्थमा बुझ्नुपर्ने धारणा औँल्याउँछन् । प्रगतिवादी साहित्यलाई कम्युनिस्ट पार्टीको घोषणा पत्रझैँ कम्युनिस्ट पार्टीको शब्द बनाउनले त्यो साहित्य हुन सक्दैन बरू राजनैतिक भाषण चाहिँ हुन जान्छ । त्यसैले प्रगतिवादलाई साँगुरो घेराबाट मुक्त गर्नुपर्ने आवश्यकताप्रति ढकाल सचेत गराउँदछन् । प्रगतिको तात्पर्य भनेको उन्नति गर्नु हो । विकासको खुड्किलो चढ्नु हो । त्यसैले प्रगति वा प्रगतिवादका सम्बन्धमा सामूहिक सोचाइ हुन नसके प्रगति शब्दको व्यापकतामा आघात पुग्छ । ढकालले प्रस्तुत लेखमा प्रगतिवादी समालोचक हृदयचन्द्रसिंह प्रधानको विचारलाई उद्धृत गर्दै प्रगतिवादलाई सही अर्थ दिन खोज्दछन् जुन निम्नअनुसार छ : “कवितामा भावको आवेगमा शब्द तावेदार भएर आउनु पर्छ । यही शब्द साँचो हो अर्थात् यही शब्द हाल्नुपर्छ भन्ने विचार गरी शब्द घुमाइयो भने कविताको हत्या मात्र हुन्छ, कविता हुँदैन ।” यस भनाइबाट प्रगतिवादका नाउँमा अस्वाभाविक शब्द प्रयोग गरियो भने साहित्यले स्वाभाविकता गुमाउँछ र त्यो असाहित्य बन्दछ भन्ने निचोड निकाल्न सकिन्छ जुन कुराप्रति ढकालको पनि सहमति रहेको पाइन्छ । प्रस्तुत लेखमा साहित्यिक उग्रवादले साहित्यकार तथा साहित्य दुवैको मर्यादामा आँच पुऱ्याउँछ भन्ने भनाइ यसप्रकार छ : “विद्रोहका नाउँमा केही जिद्दी रचनाकार साहित्यिक सृष्टिमा ठाडो नाराबाट प्रभावित छन् । यस्ता असामाजिक रचनाबाट अहित मा हुने हुँदा मानवीय दृष्टिमा जनकल्याण बन्न सक्दैन र कहिल्यै पनि त्यस्तो साहित्यिक अराजकता प्रगतिमार्गको बाधक बन्दछ, अनुशासन विहीन हुन्छ र अशान्तिलाई मात्र प्रोत्साहन दिन्छ भने त्यस्तो रचनाले कसरी सुन्दर मावन जीवनको विकास गर्न सक्ला ?”

यसरी ढकालले यस लेखमा प्रगतिवाद शब्दको व्याख्या गर्दै प्रगतिवादलाई साँगुरो घेराबाट मुक्त गर्न नसके साहित्यिक अराजकता सिर्जना हुने खतराप्रति सबै सर्जकहरूलाई सचेत गराएका छन् । यस लेखलाई ढकालको उत्तरार्द्ध चरणको वा पुनरागमनपछिको साहित्यिक मान्यता वा प्रगतिवादी नवमान्यताका रूपमा लिन सकिन्छ ।

### ५.२.२.८ नेपाली साहित्यको स्वर्णयुग (१९७५-२००७)

**साहित्य र संस्कृति** समालोचनात्मक कृतिभित्रको आठौँ लेख ‘नेपाली साहित्यको स्वर्णयुग (१९७५-२००७)’ रहेको छ । यस लेखमा ढकालले नेपाली साहित्यको इतिहासमा स्वर्ण युगको निर्धारणमा नयाँ मान्यता प्रस्तुत गरेका छन् । कुनै पनि समयमा नयाँ मोड

आउन देश, काल र वातावरणले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । ढकालले यिनै कुरालाई मध्यनजर गर्दै १९७५ देखि २००७ सालसम्मको समयावधिलाई नेपाली साहित्यको स्वर्ण युग मानेका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा देखिएको परिवर्तन पनि यो स्वर्गयुगको स्थापनाको पृष्ठभूमिमा देखिएको देखिएको कुराको चर्चा ढकालले गरेका छन् । यसैगरी विश्वमा प्रथम र द्वितीय विश्वयुद्धपछि विश्वमा देखिएको परिवर्तनले नेपाल तथा नेपालीलाई पनि प्रभाव पारेको थियो । यी युद्धले गर्दा विश्वका हरेक राष्ट्रका सामाजिक, आर्थिक, राजनैतिक तथा सांस्कृतिक क्षेत्रमा पनि व्यापक परिवर्तन आएको पाइन्छ । नेपालमा पनि यसैबेला दासप्रथा, सतीप्रथाजस्ता सामाजिक संस्कारको अन्त्य पनि भएको कुराको उल्लेख गर्दै ढकालले यी विश्वयुद्धले नेपाली जनतामा राजनैतिक चेतना छरेको कुरा पनि उल्लेख गरेका छन् ।

यिनै पृष्ठभूमिमा नेपाली साहित्यको कविता विधामा लेखनाथ पौड्यालको आगमन भयो र उनको आगमनसँगै नेपाली साहित्यले वि. सं. १९७५ देखि आधुनिकताको खुड्किलो समात्न सफल भयो भनी ढकालले भनेका छन् । पौड्यालले नेपाली कविताको कथ्य र शिल्प दुवै रूपमा परिष्कार गरी कवितालाई आधुनिकतातिर ल्याएका हुन् भन्ने ढकालको भनाइ छ । यसैगरी बालकृष्ण समले नेपाली नाटकलाई पाश्चात्य साहित्यको आधार लिएर आधुनिक युगमा प्रवेश गराए भने यसमा गोपालप्रसाद रिमालले नयाँ मोड ल्याएको चर्चा पनि ढकालले गरेका छन् । यसै परिवेशमा आख्यानलाई पनि आधुनिकतातिर डोऱ्याउने आख्यानकारहरू रूपनारायण सिंह, रुद्रराज पाण्डे, गुरुप्रसाद मैनाली आदि हुन् भन्ने तथ्य प्रस्तुत गर्दै समग्रमा नेपाली साहित्यमा आधुनिकताको सूत्रपात यस समयमा भएकाले यस समयलाई नेपाली साहित्यको स्वर्ण युग हो भन्ने धारणा ढकालले व्यक्त गरेका छन् ।

त्यस समयमा राणाहरूको निरङ्कुश शासनव्यवस्थाले व्यक्तिको स्वतन्त्र विचारमाथि अङ्कुश लगाएको बेलामा पनि साहित्यले आधुनिक जग वरण गरेको विचार व्यक्त गर्दै ढकालले वर्तमान समय भनेको प्रतिस्पर्धाको समय हो । यस समयमा साहित्यमा पनि प्रतिस्पर्धा हुनु स्वाभाविक हो तर वर्तमान साहित्यिक जगत्मा विभिन्न गुटबन्दी र अस्वस्थ प्रतिस्पर्धा देखिएकाले नेपाली साहित्यको विकासमा ठूलो अवरोध खडा भएको र साहित्यको अवनति हुँदै गएको धारणा ढकालको रहेको छ ।

साहित्यको विकासमा समालोचनाले महत्त्वपूर्ण भूमिका खेल्ने कुराको चर्चा गर्दै ढकाल साहित्यको उपयुक्त मूल्याङ्कनले मात्र साहित्यकारलाई हौसला प्रदान गर्दछ । साहित्यको मूल्याङ्क उपयुक्त नभए साहित्यकारमा नराम्रो प्रभाव पर्छ । त्यसैले समालोचकले निष्पक्ष भई साहित्यको मूल्याङ्कन गर्नुपर्ने धारणा पनि ढकाल व्यक्त गर्दछन् । यसरी प्रस्तुत लेखमा ढकालले साहित्यको विकासमा देखापरेका केही समस्याहरूलाई प्रस्ट पार्दै नेपाली साहित्य १९७५-२००७ सम्म जति विकास भयो त्यसपछि त्यसको विकास हुन सकेको छैन । विकास नहुनुमा समालोचकहरू दोषी भएको कुरालाई व्यक्त गरेका छन् ।

## ५.२.२.९ 'साहित्यिक समस्या'

**साहित्य र संस्कृति** समालोचनात्मक कृतिभित्रको नवौं लेख 'साहित्यिक समस्या' शीर्षकमा लेखिएको छ । यस लेखमा ढकालले साहित्यको विकास र प्रवर्धनमा देखापरेका विविध समस्याहरूलाई केलाएका छन् ।

यस लेखमार्फत ढकालले कलाकारले वस्तुजगत् र कलाको एकअर्काको सम्बन्धलाई बुझ्न नसकेकाले साहित्यमा ठूलो समस्या रहेको कुरा बताएका छन् । उनी सम्पूर्ण कलाकारले कला र वस्तुजगत्को सम्बन्ध के हो ? भनेर बुझ्नु अत्यन्त आवश्यक रहेको कुरा बताउँछन् । सर्वप्रथम व्यक्तिलाई सबैभन्दा पहिलो र ठूलो समस्या आर्थिकको पर्दछ । यो आर्थिकको समस्याबाट साहित्यकारहरू पनि अलग रहेका छैनन् भन्दै ढकालले यही आर्थिक समस्याले गर्दा साहित्यकारहरूले आफ्नो जीवन पूर्णतः साहित्यसेवामा दिन नसकेका हुन् । विविध समस्या र घरपरिवारको लालनपालनमा लाग्नुपर्ने भएकाले साहित्यकारले आफ्नो प्रतिभा हुँदाहुँदै पनि साहित्यप्रति समय दिन नसक्नु साहित्यको विकासको ठूलो अड्चन हो भनेका छन् । यसरी साहित्यको विकासका लागि साहित्यकारहरूलाई त्यस्तो आर्थिक अभावबाट पूर्ण मुक्त गराउन सरकारले ध्यान दिनुपर्दछ भन्ने ढकालको धारणा रहेको छ । अर्कातिर येनकेन प्रकारेण समय निकालेर साहित्यकारले रचना रचे तापनि ती रचनाहरू पुस्तकाकार कृतिका रूपमा छाप्न नसक्दा कैयौं साहित्यकारका पाण्डुलिपिहरू त्यत्तिकै नष्ट भएर जाने गरेको यथार्थ हाम्रा अगाडि विद्यमान छ । जसरी भए पनि पुस्तकाकार कृतिका रूपमा त्यो रचना प्रकाशित भए पनि हाम्रो जस्तो देशमा पुस्तक किनेर पढ्ने मानिस बिरलै भेटिन्छन् । यसरी हरेक पक्षबाट साहित्यको विकासमा अड्चन रहेको छ । यो एउटा साहित्यकारको मात्रै समस्या होइन । सम्पूर्ण राष्ट्रिय साहित्यिक समस्याका

रूपमा आज हाम्रो देशमा देखिएको कुरा हो भनी ढकाल भन्दछन् । यसरी पुस्तक प्रकाशन गर्न कठिन हुनु, त्यसमाथि पुस्तकले उपयुक्त पाठक प्राप्त गर्न नसक्नु आदि साहित्यका क्षेत्रका मूलभूत समस्याहरू हुन् । यस्ता समस्याहरूलाई सुल्झाउन सरकारी स्तरबाट नै नयाँ कदम चलिनुपर्ने धारणा ढकाल व्यक्त गर्दछन् ।

यसरी आर्थिक अभावमा पारिवारिक समस्यालाई सुल्झाउन कतिपय साहित्यकारहरू राजनीतिपट्टि लागी राजनीतिको प्रभावमा परी निम्न साहित्यको सिर्जना गर्न लागेपछि साहित्यका मानमर्यादाको उल्लङ्घन बढिरहेको यथार्थ पनि ढकालले यस लेखमा कोट्याएका छन् ।

साहित्यको विकास नहुनुमा आर्थिकलगायत अन्य विविध समस्याहरू पनि रहेका छन् । मुलुकमा अशान्तिको अवस्थाले गर्दा साहित्यकारहरूले उच्च प्रकारको रचना दिन सकेका छैनन् । यसैगरी मुलुकमा एकतन्त्रीय शासन पद्धतिले निम्त्याएका विकृति र विसङ्गतिले साहित्यकार उन्मुक्त अवस्थामा कल्पना गर्न सक्ने अवस्था पनि रहँदैन । यस्ता स्थितिले स्वतः साहित्यको विकासमा बाधा उत्पन्न गर्दछ भन्ने ढकालको धारणा रहेको छ । आज हरेक क्षेत्रमा देखिएको प्रतिस्पर्धा साहित्यमा पनि हुनु आवश्यक छ अनि मात्र अन्य क्षेत्रको विकासझैँ साहित्यको पनि विकास सम्भव छ । साहित्यको विकासको अर्को आधार भनेको समालोचना पनि हो । समालोचकहरूले प्रभावका आधारमा निम्न तहको साहित्यलाई उच्च तहमा पुऱ्याउने र उच्च तहको साहित्यलाई निम्न तहमा पुऱ्याउने कुकृत्यले पनि साहित्यको विकासमा बाधा उत्पन्न गरिरहेको छ । समालोचकले सही मूल्याङ्क गरी साहित्यकारलाई सुझाव वा हौसला दिनसक्नुपर्छ अनि मात्र साहित्यको विकास तीव्र गतिमा हुनसक्छ भन्ने ढकालको धारणा रहेको छ । यसरी यस लेखमा ढकालले साहित्यजगत्को विकासमा देखिएका समस्याहरूलाई वस्तुगत आधारमा मूल्याङ्क गर्न काम गरेका छन् ।

### ५.२.२.१० 'रिमालको नाटक 'यो प्रेम !'

कृतिकेन्द्रीअन्तर्गत पर्ने ढकालको **साहित्य र संस्कृति** कृतिभित्रको अर्को लेख 'रिमालको नाटक 'यो प्रेम !' रहेको छ । प्रस्तुत लेखमा ढकालले गोपालप्रसाद रिमालको साहित्यिक योगदानको चर्चा गर्दै रिमालले नै नेपाली नाट्यसाहित्यमा इब्सेनी यथार्थवादलाई भित्र्याएको कुरा उल्लेख गरेका छन् । सामाजिक धरातलमा उभिएर रिमालले खास गरी नारीसमस्यालाई यथार्थ रूपमा यस नाटकमा देखाउन खोजको कुरालाई प्रस्तुत गर्दै नारी

जातिमाथि हुने अन्याय, शोषणका विरुद्ध विद्रोहको राँको बाल्न यो नाटक समर्थ भएको छ भन्ने ढकालको विश्लेषण रहेको छ । यस प्रकारका कृति लोक कल्याणकारी हुने भएकाले यस्ता कृतिको सामाजिक महत्त्वलाई ढकाल प्रशंसा गर्दछन् ।

यस नाटकका प्रमुख गङ्गा र शेखर प्रेमसँगैकै सेरोफेरोमा कथानक गुम्फित भएको चर्चा गर्दै ढकाल उक्त नाटकको कथानकको विकास स्वाभाविक रूपमा भएको कुरा प्रस्तुत गर्दछन् । यस नाटकको कथ्यका साथै शिल्पमा पनि यथार्थवादी झल्किएको छ भन्ने कुरा ढकालको रहेको छ । सरल गद्यात्मक शैली तत्कालीन परिवेशमा नौलो नै ठहर्दथ्यो भन्दै त्यसबेलाको नाट्यधारालाई बालकृष्ण समकै नाटकले नेतृत्व गरेको बेला रिमालको नाट्यशैली नौलो लाग्नु स्वभाविकै हो भनी ढकाल ठान्दछन् । धेरै अङ्क एवम् अनेकौं दृश्यले नाटको सम्प्रेषणीयतामा अवरोध खडा गर्ने तथ्यलाई बुझी रिमाल यस कुराप्रति सचेत भएका छन् भन्ने दृष्टि यथार्थवादी भएको कुरालाई ढकाल पुष्टि गर्दछन् । त्यस्तै रिमालले नाटकमा थोरै पात्रको प्रयोग गर्नु, केवल तीन अङकमा मात्र कथानकलाइ विभाजन गर्नु तथा तेस्रो अङ्कमा मात्र दृश्य विभाजन गरिने **यो प्रेम !** नाटकको संरचनागत विशेषता भएको कुरा उल्लेख गर्दछन् । थोरै पात्रहरूको प्रयोग, नान्दी, प्रस्तावना, सूत्रधार, मङ्गलाचरण, भरतवाक्य, नेपथ्य, स्वगतकथन आदि उपयोग नगरिई समाजिक धरातलबाट विषयवस्तु लिई नारी समस्यालाई उजागर गर्नु र नाटकको संरचनागत रूप आदि तत्त्वहरू यथार्थवादी धाराअनुरूपका रहेका छन् भन्ने ढकालको भनाइ रहेको छ ।

यौवनाशक्त शेखरको कथित प्रेमलाई उदाङ्गो पार्दै उसको कुत्सित नियतिको विद्रोह गङ्गाबाट हुनु, उसको स्वार्थपूर्ण प्रेमलाई तिरस्कार गर्नु, नेपाली नारीमा नयाँ चेतना विस्तार गर्नु एवम् सामाजिक कुरीतिप्रति विद्रोहको ज्वाला दन्काउनु यस नाटकका सकारात्मक पक्ष हुन् भन्ने ढकालको भनाइ रहेको छ । यी विशेषताले गर्दा यो कृति यथार्थ धरातलबाट सृजित यथार्थवादी कृति भएको हुँदा यसको सामाजिक मूल्य अधिक भएको ठहर ढकालको रहेको छ । ढकालले यस नाटकका कमजोरी पक्षलाई औंल्याउँदै गद्य शैलीको वरण गरे पनि लामालामा संवादले **यो प्रेम !** नाटक अभिनायत्मक भन्दा पाठ्य हुन पुगेकाले औपन्यासिक कलाको शरणमा पुगेको कुरा उनी प्रस्तुत समालोचना उल्लेख गर्दछन् ।

### ५.२.२.११ 'नाटक तथा एकाङ्कीमा गोविन्द गोठाले'

**साहित्य र संस्कृति** समालोचनात्मक कृतिको एघारौं क्रममा 'नाटक तथा एकाङ्कीमा गोविन्द गोठाले' नामक समालोचनात्मक लेख रहेको छ । यो लेख सर्वप्रथम

**साहित्य र संस्कृति**मा नै सङ्कलित भएको हो । यस लेखमा जयप्रसाद ढकालले गोविन्दबहादुर मल्ल 'गोठाले'का प्रमुख नाटक र एकाङ्कीको अध्यनन गरी उनको नाट्यकारिताका बारेमा चर्चा गरेका छन् । सर्वप्रथम ढकालले गोठालेको **च्यातिएको पर्दा** (२०१३) नाटकको विवेचना गर्दै गोठालेले यस नाटकमा आधुनिक नाट्यशिल्पको प्रयोग गरेको चर्चा गरेका छन् । दृश्य विभाजन नगरिएको तीन अङ्के यस नाटकमा गोठालेले थोरै पात्रको प्रयोग गर्नु, मञ्चको साधारण सजावट गर्नु, पात्रलाई सामान्य भेषभूषामा प्रस्तुत गर्नु आधुनिक नाट्यशिल्पका तत्त्वहरू हुन् भन्ने विचार ढकालले व्यक्त गरेका छन् ।

जयप्रसाद ढकालले यस लेखमार्फत निम्नमध्यमवर्गीय परिवारको विसङ्गतिपूर्ण जीवनको चित्रण गर्नु यस नाटकको मूल विशेषता भएको कुरा व्यक्त गरेका छन् । यस नाटकका प्रमुख पात्रहरू घरको आर्थिक अवस्था नाजुक भएपछि रक्सी पसल थापी जीविकोपार्जन गर्न बाध्य देखिन्छन् । खासगरी आमा, जानकी तथा उसकी छोरी मननानी यस नाटकका विसङ्गतिका प्रतीक जस्तै भएर नाटकमा उभिएका छन् भन्ने विचार ढकाल व्यक्त गर्दछन् । आफ्नी तरुनी छोरी भट्टी पसलमा राख्नु, छोरी मननानीले आफ्ना आमाबाबु तथा दाजुभाइको इच्छा विपरीत जड्याहा गोकुलमानलाई रोज्नु नाटकको विसङ्गतिपूर्ण घटना भए पनि यो बीसौँ शताब्दीले ल्याएको यथार्थ स्थिति हो भन्ने कुराप्रति ढकाल विश्वस्त हुन सक्दैनन् । आफ्नो संस्कृति, धर्म, सामाजिक परम्परा र मर्यादा विपरीत मननानीले गरेको निर्णय दुर्दशापूर्ण तथा सामाजिक प्रयोजनका दृष्टिले महत्त्वहीन भएको कुरा ढकालले व्यक्त गरेका छन् । यसैगरी यस नाटकमा नाटककारले प्रतीकहरूको प्रयोग पनि सबल नभई दुर्बल रूपमा प्रयोग गरेका छन् भन्ने धारणा ढकालको रहेको छ ।

जयप्रसाद ढकालले यस समालोचनात्मक लेखमा गोविन्दबहादर मल्ल गोठालेको 'म कसरी हार्छु' एकाङ्कीको पनि सङ्क्षिप्त विवेचना गरेका छन् । यस एकाङ्कीमा एउटा गरिब परिवार राजनीतिमा लागेर त्यसपरिवारको अवस्था दयनीय बनेको घटनालाई प्रस्तुत गरिएको चर्चा ढकालले गरेका छन् । यसरी नै विभिन्न शक्तिशाली पात्रहरूको प्रयोग गरिएको यस नाटकको उद्देश्य मूल रूपमा प्रस्ट नभएको चर्चा ढकालले यस लेखमा गरेका छन् । यस नाटकमा गोठालले असङ्गति र निरुद्देश्य प्रतीकको प्रयोग गरेकाले यस नाटकको उद्देश्य पाठकले प्रस्ट बुझ्न नसकेको स्थितिलाई नै यस लेखमा ढकालले मूल रूपमा दर्साउन खोजेको देखिन्छ ।

यसैगरी यसै लेखमा ढकालले गोठालेको अर्को एकाङ्की 'युगको शिकार' (२०३४) को पनि सङ्क्षिप्त विवेचना गरेका छन् । यस एकाङ्कीमा प्रयुक्त पात्रहरूका सङ्गतिहीन क्रियापलापहरूले नाटकलाई विसङ्गतितर्फ धकेलेको चर्चा ढकालले यस लेखमा चर्चा गरेका छन् । यसैगरी ढकालले यस लेखमा गोठालेले गरेका प्रतीकहरू त्यति सार्थक नभएको कुरा व्यक्त गरेका छन् । यस एकाङ्कीकी नायिका एक शिक्षित युवती नै युगको शिकार बन्न पुगेको घटना यस एकाङ्कीमा देखाइएको छ । एक शिक्षित युवतीका लागि योग्य वरको अभाव नै उसको मानसिक विकारको कारण बनेको कुरा यस नाटकमा गोठालले देखाउन खोजको मूल उद्देश्य हो भनी ढकाल भन्दछन् । सामाजिक परिवेशले सिर्जेको व्यक्तिको मानसिक समस्याको विकास हुँदाहुँदै पनि त्यसको खोजी नाटककारबाट नभएकाले नाटककी नायिका प्रभा विसङ्गतिपूर्ण सामाजिक अवस्थाको शिकारका रूपमा नभएर त्यस्ता सामाजिक विकृतिउपर जाइलाग्ने विद्रोही नायिकाको रूपमा प्रस्तुत गनुपर्ने धारणा ढकालको रहेको पाइन्छ । यसरी यस एकाङ्कीलाई ढकालले समाजपरक समालोचना प्रणालीको आधारमा गर्न खोजेको देखिन्छ ।

प्रस्तुत समालोचनात्मक लेखमा ढकालले गोठालेको अर्को एकाङ्की 'भोको घर' ( २०३४) को पनि सङ्क्षिप्त विवचेना गरेका छन् । खासगरी ढकालले यस एकाङ्कीको कथावस्तुमा केन्द्रित रही आलोचना प्रस्तुत गरेका छन् । यस एकाङ्कीमा गोठालेले उपत्यकाली मध्यमवर्गीय परिवारको आर्थिक अवस्था खच्किँदै भएको मुख्य समस्यालाई देखाउनु नाटककारको यथार्थोन्मुखता हो भन्ने धारणा प्रस्तुत गर्दै ढकालले उक्त पारिवारिक समस्याको उचित समस्या निकाल्न नसक्नु यस एकाङकीको मुख्य कमजोरी हो भन्ने धारणा व्यक्त गरेका छन् । समस्यामाथि यथार्थपक तथा समाधानमूलक योजना कुनै पात्रबाट नल्याइनु र मुख्य समस्याप्रति कुनै पारिवारका सदस्यहरूको ध्यानाकर्षण नहुनुले यस नाटकबाट समाज कत्ति पनि लाभान्वित हुन नसकेको निष्कर्ष ढकालको रहेको छ । यसरी नै यस एकाङ्कीमा प्रयुक्त दन्त्यकथाले कथानकको विकासको गतिलाई अवरूद्ध समेत गरेको भनाइ ढकालको रहेको छ ।

## ५.२.२.१२ 'भोलि के हुन्छ ? मा विजय मल्ल'

**साहित्य र संस्कृति** समालोचनात्मक कृतिको एघारौँ क्रममा 'भोलि के हुन्छ ? मा विजय मल्ल' लेख सङ्कलित छ । यो लेख ७ पृष्ठमा संरचित छ । यस लेखमा ढकालले

विसङ्गतिवादी नाटककार विजय मल्लको प्रसिद्ध नाटक **भोलि के हुन्छ** ? को सर्वाङ्गीण चर्चा गरेका छन् । सजावटका अनावश्यक झन्झटबाट मुक्त उक्त नाटक दृश्यविहिन तीन अङ्कमा संरचित छ रहेको कुरा ढकालले बताएका छन् ।

ढकालले आधुनिक नेपाली नाट्यसाहित्यमा सम र रिमालका परम्पराबाट अलग्गिएर मल्ल दाजुभाइले नाट्यसाहित्यमा अस्तित्ववादको बाटो समातेको कुरा उल्लेख गर्दै ढकालले अस्तित्ववाद नेपाली साहित्यमा प्रगतिवाद तथा प्रयोगवादको विरोधमा आएको सन्दर्भ उल्लेख गरेका छन् । नेपाली साहित्यमा विजय मल्लको **भोलि के हुन्छ** ? नाटकले सर्वप्रथम यही वाद अँगालेको चर्चासमेत गरेका छन् ।

खासगरी दोस्रो विश्वयुद्धपछि पश्चिमी साहित्यमा विकसित भएको अस्तित्वाद भारतीय साहित्य हुँदै नेपाली साहित्यमा भित्रिएको पाइन्छ । अस्तित्ववादी चिन्तनको धरातल विसङ्गतिवाद नै भए तापनि मल्लको यो नाटक अस्तित्वादभन्दा विसङ्गतिवादसँग नै निकट देखिन्छ भन्ने ठहर ढकालको रहेको छ । नाटकको संरचनागति प्रविधिलाई हेर्दा पनि प्रस्तुत नाटक विसङ्गतिवादी नाट्य संरचनासँग तुलनीय रहेको बताउँदै ढकालले यस नाटकमा नाटककारले कतिपय परम्परागत नाट्यमान्यता वा परम्परागत नाट्यशिल्प जस्तै सूत्रधार, नान्दी, भरतवाक्य आदिलाई स्थान दिइएको छैन भनी प्रस्ट पारेका छन् ।

ढकालले यस नाटकको शिल्पपक्षलाई भन्दा कथ्यलाई नै बढी प्राथमिकता दिएको पाइन्छ । यस नाटकका प्रमुख पात्रका रूपमा रहेका छोराहरू मोहन र सुवर्ण सम्पत्तिका निहुँमा आफ्नी आमाको हत्या गर्ने जस्तो कार्यमा उन्मुख हुनु, आफ्नो योजनामा सफल नहुँदा आत्महत्या गर्नु, माधुरीको प्रेम सफल हुन नसक्ने देखी आत्महत्या गर्नुजस्ता क्रियाकलापहरूले नाटक विसङ्गतिवादतर्फ उन्मुख भएको छ भन्ने भनाइ ढकालको रहेको छ ।

अस्तित्ववादको परिचय दिँदै ढकालले निरीश्वरवादी अस्तित्ववाद नै आधुनिक अस्तित्ववादीको मूल दर्शन हो भनी ढकालले भनेका छन् । अस्तित्ववादी फ्रान्सेली लेखक तथा दार्शनिक जा पाल सार्त्रको अस्तित्ववादी जीवनदृष्टिमाथि ध्यान दिने हो भने विसङ्गतिका माध्यमबाट जीवनमूल्यको खोजी गर्नु नै अस्तित्ववाद हो । यस दृष्टिकोणमा **भोलि के हुन्छ** ? नाटकलाई हेर्दा यस नाटकका केही पात्रहरू जीवनको निस्सारताबोधपश्चात् अस्तित्वको खोजी गर्नुको साटो जीवनलाई समाप्त पार्दछन् । केवल

यस नाटककी आमाको चरित्रलाई मूल्याङ्कन गर्ने हो भने अस्तित्वका केही सङ्केतहरू पाइन्छन् तथापि नाटकको मूल कथ्यले विसङ्गतिलाई अँगालेको देखिन्छ । यस दृष्टिकोणमा ढकालको भनाइ विपरीत देखिन्छ ।

साहित्य लोककल्याणकारी हुनुपर्छ भन्ने ढकालको मान्यता यहाँ प्लेटोका मतसँग केही हदसम्म मिल्न जान्छ । ढकालको साहित्यलाई मापन गर्ने आधार समाजको हित वा लोककल्याणकारी भावना हो भन्ने देखिन्छ । त्यसैले प्रस्तुत विसङ्गतिवादी नाटकका पात्रका क्रियाकलाप तथा संवादको यथार्थ जीवनमा कुनै मूल्य नभएको ठहर ढकालको भएको पाइन्छ । प्रस्तुत लेखमा उक्त नाटकका विसङ्गतितपूर्ण क्रियाकलापहरूबारे ढकालले यसो भनेका छन् : 'दुर्बल माधुरी र कुख्यात मोहनलाई उभ्याएर चिताएको नपुगे बहुलाउने तथा आत्महत्या गर्ने पशुतुल्य पात्रका सृजनामा नचुक्ने नाटककारबाट कुनै अवस्थामा पनि लोक कल्याणकारी सृजन सम्भव छैन ।' यसरी प्रस्तुत समालोचनामा ढकालको समालोचनासम्बन्धी धारणा स्पष्ट रूपमा देखापर्दछ ।

प्रस्तुत नाटकमा लामा संवाद, स्वगतकथनको बढी प्रयोग तथा पात्रका मनगढन्ते कुरा आदि यस नाटकका आलोच्य पक्ष भएको कुरा ढकाल व्यक्त गर्दछन् । त्यसैले यस नाटकको धरातल बिल्कुल अयथार्थवादी भएको ठहर ढकालको रहेको देखिन्छ । ढकाल यस प्रकारका कृति जनउपयोगी नहुने भएकाले उनी विसङ्गतिवादी साहित्यको सकारात्मक पक्षप्रति पनि आश्वस्त हुन सकेका देखिँदैनन् ।

### ५.२.२.१३ 'मल्लको नाटक : एक चर्चा'

**साहित्य र संस्कृति** समालोचनात्मक कृतिको तेह्रौँ लेख 'मल्लको नाटक : एक चर्चा' शीर्षकको रहेको छ । यस लेखमा समालोचक ढकालले नाटककार विजय मल्लको नाट्यकारिताको चर्चा गरेका छन् ।

मल्ल परिवार साहित्यिक वातावरणमा हुर्केको हुनाले विजय मल्लले आफ्नो पारिवारिक वातावरणबाट साहित्यसृजना गर्न थालेको कुरा ढकाल बताउँछन् । मल्लका पिता ऋद्धिबहादुर मल्लको सम्पादनमा **शारदा** साहित्यिक पत्रिकाको प्रकाशनले गद्य साहित्यले पद्य साहित्यको हाराहारी हुर्कन पाएको चर्चा गर्दै यही वतावरणले मल्ललाई पनि साहित्यिक सृजनातिर प्रवृत्त गराएको ठहर ढकालको रहेको छ ।

नेपाली नाटकलाई आधुनिक युगमा प्रवेश गराउने कार्य बालकृष्ण समबाट भएको हो । यसको विकासमा रिमाल, गोठाले र मल्लको योगदान महत्त्वपूर्ण रहेको छ भनी ढकाल भन्दछन् । सम र रिमाललाई २००७ साल अघिका र गोठाले र मल्ल २००७ सालपछिका नाटककार हुन् भनी ढकालले बताएका छन् ।

दोस्रो विश्वयुद्धपश्चात् युरोपबाट भारत हुँदै नेपाली नाट्यसाहित्यमा अस्तित्ववाद प्रवेश भयो । त्यही अस्तित्ववादी चिन्तनमा आधारित रही विजय मल्लले नाटकको रचना गरेका छन् भनी ढकालले भनेका छन् । गोठाले र मल्लले नाटकमा मानव कल्पित, भूतप्रेत, मृतमानव आदि पात्रहरूलाई मिथक, प्रतीक र बिम्बका माध्यमबाट उभ्याएका छन् । अस्तित्ववादी नाटककारहरू भाषिक परिवर्तनमा जोड दिने भएकाले मल्लका नाटकहरूमा अनावश्यक कल्पना, वीभत्स या त्रासदीको वर्णन ज्याए भए तापनि भाषिक रोचकताले नाटक सफल भएका छन् भनी ढकालले लेखेका छन् ।

यसै लेखमा ढकालले विजय मल्लले समलाई रूढीवादी नाटककार हुन् भनी लगाएको आक्षेपको पनि खण्डन गरेका छन् । आधुनिक नेपाली नाटकको शून्यस्थितिमा समले पूर्वीय तथा पाश्चात्य दुवै सिद्धान्तको आत्मसात् गरी जति नाटकहरू लेखे त्यो समको नाट्यक्षेत्रमा महत्त्वपूर्ण योगदान हो । त्यसैले समलाई रूढीवादी नाटककार भनी मल्लको लगाएको आक्षेपसँग लेखक सहमत छैनन् ।

ढकालले समको समन्वयवादी र रिमालको यथार्थवादले उर्बर बनाएको नेपाली नाट्यक्षेत्रमा गोठाले र मल्लले अतियथार्थवादी र अस्तित्ववादी चिन्तन ल्याएको चर्चा गरेका छन् । यसै पृष्ठभूमिमा विजय मल्लले रिमालको **मसान** नाटकसँग आफ्नो नाटक 'च्यातिएको पर्दा'को तुलनात्मक अध्ययन गर्दै आफ्नो नाटकलाई उच्चकोटिको भनी दाबा गरेको प्रसङ्ग ढकालले कोट्याएका छन् । ढकालले दुई नाटकका प्रमुख नायिकाको चरित्रको भूमिकाको तुलनात्मक अध्ययन गर्दै 'च्यातिएको पर्दा'की मननानीको तुलनामा **मसान**की युवतीको चरित्र उच्चकोटिको रहेकाले **मसान** नाटक नै उच्च रहेको छ भनी भनेका छन् ।

विजय मल्लले गोठालेका 'भोकोघर' र 'म चुनाव जित्छु' नाटकलाई विश्वनाटकसँग दाँज्ने काम गरेको प्रसङ्गको चर्चा गर्दै ढकालले 'भोकोघर'मा खान नपाएका पात्रहरूको उपस्थापन गरी कल्पनामा बाँच्न सिकाउँदैमा त्यो नाटक उत्कृष्ट हुन सक्दैन, बरू यो नाटक एकाङ्कीका गुणबाट वञ्चित विसङ्गत सृजन बन्न पुगेको कुरा बताएका छन् । अर्को

'म चुवान जित्छु' नाटकमा विसङ्गत योजना, शैली र उद्देश्य रहेकाले यो नाटक पनि सफल छैन भन्ने ठहर ढकालको रहेको छ ।

यस लेखमा मल्लका केही प्रमुख नाटकहरूको चर्चा गर्दै ढकालले अतियथार्थवादी नाटककार गोठाले र अस्तित्ववादी नाटककार विजय मल्ल एउटै समयमा आआफ्ना विशेषता भएका नाटककार हुन् । नेपाली नाट्यसाहित्यमा सम, रिमाल, गोठाले र मल्ल आआफ्ना विशेषताले नाट्यसाहित्यमा स्थापित भएका छन् भनी उल्लेख गरेका छन् । यसरी स्थापित भएका नाटककारहरूले आफू ठूलो भनी अन्य नाटककारहरूलाई आक्षेपपूर्ण भनाइ राख्नु भ्रम मात्र हो । वास्तवमा आआफ्ना स्थानमा सबै नाटककारहरू समान रहेका छन् भन्ने समन्वयवादी दृष्टिकोणले ढकालले निष्कर्ष निकालेका छन् ।

## ५.२.२.१४ 'पूर्ववर्ती आधुनिक नाटककार : सम

**साहित्य र संस्कृति** नामक समालोचनात्मक कृतिको चौधौं क्रममा 'पूर्ववर्ती आधुनिक नाटककार :सम' समालोचनात्मक लेख सङ्गृहीत भएको छ । यस लेखमा ढकालले नाट्य क्षेत्रमा नाट्यसम्राट भनेर चिनिने बालकृष्ण समको नाट्यकारितको बारेमा चर्चा गरेका छन् । सम नाटकका क्षेत्रमा प्रवेश गर्नुमा उनको पारिवारिक वातावरणले सहयोग गरेको चर्चा ढकालले यस समीक्षामा गरेका छन् । बाजे डम्बर शमशेरको दरबारमा हुने गरेको नाट्य मञ्चनले सममा ठूलो सकारात्मक प्रभाव परेको र नाटक मञ्चन गर्दै र हेर्दै उनी नाटक लेखनकार्यतिर प्रवृत्त भएका हुन् भनी ढकाल भन्दछन् । वि. सं. १९८६ मा प्रकाशित **मुटुको व्यथा** नाटकले नेपाली नाटकको विकासक्रममा आधुनिकता भित्रिएको हो र नाटकलाई आधुनिक कालमा भित्र्याउने काम समबाटै भएको हो । उनले पूर्वीय नाट्य परम्परा तथा सेक्सपियरेली नाट्य परम्परालाई समन्वय गरी नेपाली नाटकको विकासमा युगान्तकारी परिवर्तन ल्याएको चर्चा ढकालले गरेका छन् । सममा पूर्वीय साहित्यका प्राचीन विद्वान् भरतमुनिको प्रभाव परेको थियो भन्ने भनाइ ढकालको रहेको छ । यसरी नै जीवनको उत्तरार्द्धतिर सममा हेनरिक इब्सेनको यथार्थवादको पनि सामान्य प्रभाव परेको कुरा ढकालले चर्चा गरेका छन् ।

समले आफ्ना नाटकमा ऐतिहासिक, पौराणिक, सामाजिक आदि विषयवस्तुहरूलाई ग्रहण गरेको चर्चा गर्दै उनका नाटकहरू समाजोपयोगी भएको विचार ढकालले प्रस्तुत गरेका छन् । यसरी नै समका ऐतिहासिक नाटकले नेपालको इतिहासका अमर व्यक्तित्वलाई

पाठक र दर्शकसँग भावनात्मक रूपमा निकट भएको चर्चा ढकाल गर्दछन् । पुराणसम्बन्धी विषयवस्तु लिएर आधुनिक ढाँचामा नाटक लेखेकाले उनका पौराणिक नाटकहरू सम्प्रेषणीय र लोकप्रिय बनेका चर्चा भन्ने धारणा ढकालको रहेको छ । यसरी अनेक दृष्टिले समका नाटकहरू महत्त्वपूर्ण हुँदाहुँदै पनि समले आफ्ना नाटकमा दृश्य तथा पात्रविधानमा चाहिँ त्यति ध्यान नदिएको कुरा ढकालले प्रस्तुत गरेका छन् । समका अधिकांश नाटकहरूमा पात्रहरूको बढी भीडभाड तथा लामा संवादले कथानक अल्मलिनुका साथै रोचकतामा अवरोध ल्याएको कुरा ढकालले भनेका छन् । यसरी नै समका **मुकुन्द इन्दिरा**, **म**, **ध्रुव** आदि नाटकहरूका प्रमुख पात्र इन्दिरा, सुनीति आदि चरित्रहरूको भूमिकाप्रति पनि ढकाल असन्तुष्टि व्यक्त गर्दछन् । इन्दिराले व्यभिचारी पतिप्रति पूर्ण भक्ति देखाउनुले समले नारी जातिलाई दुर्बल तथा निरीह प्राणीका रूपमा हेरेको देखिन्छ भने **ध्रुव**की सुनीति विद्रोहिणी बन्न नसक्नुले समाजमा परिवर्तन ल्याउन नसक्ने धारणा ढकालको रहेको छ । नाटकको उद्देश्यदेखि लिएर सबै तत्त्वहरूले समाजलाई अग्रगति दिन सके मात्र नाटक सम्पूर्ण तवरले महत्त्व ठहरिन्छ भन्दै ढकालले प्रगतिवादी दृष्टिकोणले समका नाट्यप्रवृत्तिको विवेचना गरेका छन् ।

यसरी यस समालोचनात्मक लेखमा नेपाली नाट्यजगत्का नाट्य सम्राट् बालकृष्ण समको व्यक्तित्वको परिचय गराउनुका यथार्थवादी दृष्टिकोणअनुसार उनको नाट्यकारिताको चर्चा गरेका छन् । समका नाटकका केही सीमाहरूलाई समेत देखाइएको यस समालोचनाले नाटककारका लागि निकै महत्त्वपूर्ण सुझाव हुन सक्ने देखिन्छ ।

## ५.२.२.१५ 'विष्णुभक्त प्रह्लाद'

**साहित्य र संस्कृति** समालोचनात्मक कृतिको पन्ध्रौँ तथा अन्तिम समालोचनात्मक लेख 'विष्णुभक्त प्रह्लाद' रहेको छ । यो समालोचनात्मक लेख नाटककार बालकृष्ण समको नाटक **प्रह्लाद**सँग सम्बन्धित छ । यस लेखमा ढकालले **प्रह्लाद** नाटकको सर्वपक्षीय समालोचना गरेका छन् । पाँच अङ्कमा विभाजित कथावस्तुलाई सोह्रवटा दृश्यहरू समावेश गरेकाले दृश्यको विभाजन आधिक्य भएको जसले गर्दा व्यावहारिकता तथा नाटकको रोचकतामा कमी भएको टिप्पणी ढकालको रहेको छ । कथानकको विकास भने स्वाभाविकै रूपमा भएको कुरा ढकाल चर्चा गर्दछन् । नाटककार समले यस नाटकमा विभिन्न ठाउँ तथा समयका दृश्य देखाएकाले त्रयान्वितिको पालनाको उचित निर्वाह हुन नसकेको धारणा ढकालको रहेको छ ।

समाजको उपयोगिताका आधारमा यस नाटकको विश्लेषण गर्दै ढकालले नाटकमा धेरै पात्रहरूको प्रयोग उचित नभएको कुरा व्यक्त गरेका छन् । बहुल पात्रको प्रयोगले गर्दा दर्शकलाई जति प्रभाव पार्नुपर्ने हो त्यो हुन नसकेको कुरा ढकाल उल्लेख गर्दछन् । नाटकको प्रमुख पात्र प्रह्लाद भौतिक रूपमा कमजोर भए तापनि आत्मिक रूपमा दृढ रहेको छ तर ऊ मानवीय भन्दा ज्यादा अलौकिक गुण भएकाले दर्शकले नायकलाई स्वाभाविक ठान्न कठिन पर्ने धारणा ढकालको रहेको छ । यसकारण समले यस नाटकको नायकको स्थापन व्यावहारिक दृष्टिले उपयुक्त भएको छैन भनी ढकाल आलोचना गर्दछन् । प्रह्लादका बारेमा टिप्पणी गर्दै ढकाल लेख्छन् : "आधुनिक नेपाली जीवनको आदर्श कायम गर्न असफल विष्णुभक्त समको प्रह्लाद आदर्श नायक बन्न सकेन ।" यस वाक्यका आधारमा ढकालले नायकलाई प्रगतिवादी दृष्टिकोणका आधारमा केलाउन खोजेको देखिन्छ ।

नाटककार समले यस नाटकको विषयवस्तु बढी विश्वसनीय बनाउन खोजे पनि यो पूर्ण रूपमा पौराणिक नाटक हो भन्ने धारणा ढकालको रहेको छ । पौराणिक नाटकलाई ऐतिहासिकको जलप लगाएर प्रह्लाद र हिरण्यकसिपुलाई प्रतीकात्मक रूपमा आधुनिक समाजका गान्धी र हिटलरका रूपमा उभ्याउन खोजेको भन्ने नाटककारको भनाइप्रति ढकाल असहमत देखाउँछन् । लोककल्याण कार्यमा आफ्नो जीवन अर्पण गर्ने गान्धी रहस्यपूर्ण अलौलिक शक्तिमा विश्वास राख्ने प्रह्लादलाई एकै पात्रका रूपमा राख्न नमिल्ने धारणा ढकालको रहेको छ ।

प्रस्तुत लेखमा ढकालले नाटकको नाटकीय द्वन्द्वको बारेमा पनि केही चर्चा गर्दै नाटकमा अध्यात्मवाद र भौतिकवादबीचको द्वन्द्व प्रस्ट रूपमा देखिएको छ भनी भनेका छन् । यसरी नै यी दुई भिन्न विचारको प्रतिनिधित्व प्रह्लाद र हिरण्यकसिपुबाट भएको भए पनि नाटकको नायक भगवान् विष्णुको नामको आलापमा लागेको हुँदा सक्रिय जीवनवादी दृष्टिले नाटकको द्वन्द्व कमजोर भएको विचार ढकालले व्यक्त गरेका छन् ।

यसरी यस समालोचनात्मक लेखमा ढकालले प्रह्लाद नाटकको कथानकका साथै प्रत्येक अङ्क र दृश्यका साथै घटनाको विस्तार वर्णन गरेका छन् । जसले गर्दा यो लेख निकै लामो आयाममा फैलिएको छ । ढकालले यस लेखको निष्कर्षमा समले कतिपय दृश्य संयोजनमा उति विचार नपुऱ्याएको धारणा व्यक्त गर्दै हिरण्यकसिपुको अन्त्य मञ्चमै भएकाले नाटकको रोचकतामा केही खल्लो पन देखिएको कुरा ढकालले गरेका छन् ।

### ५.२.३ भाषाशैलीय विन्यास

यस कृतिको भाषामा सरलता र स्पष्टता भएकाले कठिन एवम् जटिल कुरा बुभ्न गाह्रो पर्दैन । यो कृति खोजअनुन्धानमूलक रहेको छ । कृतिका लेखमा प्रयुक्त भएका कुराहरूलाई पुष्टि गर्नका लागि फुटनोटको प्रयोग गरिएको भए तापनि फुटनोट राख्ने विधिमा चाहिँ फुटनोटको नियम अँगालिएको छैन । कृतिमा प्रयुक्त भाषा सपाट, गम्भीर, चिन्तनयुक्त रहेको छ । नेपाली साहित्यबारे सङ्क्षिप्त चर्चा र बीचबीचमा टिप्पणी गर्नुजस्ता विशेषताले ढकाल यहाँ केही वस्तुवादी समालोचकका रूपमा देखिए पनि मूल रूपमा उनी प्रभाववादी समालोचक हुन् । यस कृतिको भाषा विश्लेषणात्मक एवम् विवरणात्मक रहेको छ ।समालोचनात्मक लेखहरूमा विषयवस्तुको तटस्थ रूपमा वर्णन नगरी आफ्नो धारणालाई पनि समावेश गरिएको छ । लेखहरूका बीचमा अङ्ग्रेजी भाषाका शब्दहरूको पनि प्रयोग गरिएको भने मूल रूपमा कृतिमा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । केहीकेही समालोचनात्मक लेखहरूको विषयवस्तुअनुसारको शीर्षक राखिएको देखिँदैन । जस्तै : यस कृतिको तेह्रौं लेख 'मल्लको नाटक एक चर्चा' शीर्षक दिइएको छ भने लेखको विषयवस्तुचाहिँ सम, रिमाल, गोठाले र विजय मल्लमा केन्द्रित भएको छ । यिनै केही सीमाहरू रहेको उक्त कृतिको भाषाले सरलता, सुबोधता र स्पष्टता आदि विशेषताहरू बोकेको देखिन्छ ।

## ५.३ आधुनिक नेपाली आलोचना' कृतिको विश्लेषण

### ५.३.१ कृतिपरिचय

प्रस्तुत **आधुनिक नेपाली आलोचना** कृति सर्वप्रथम २०५७ सालमा वाणी प्रकाशन, विराटनगरबाट प्रकाशित भएको हो । यो कृति तीनवटा विधाहरूका लेखहरू समावेश गरी प्रकाशित गरिएको छ । कृतिमा पहिलो भागमा समालोचना खण्ड, दोस्रो भागमा संस्मरण खण्ड र तेस्रो भागमा परिशिष्ट खण्ड राखिएको छ । समालोचना खण्डमा जम्मा चौधवटा विभिन्न प्रकृतिका विवेचनात्मक लेखहरू समावेश भएका छन् । कृतिको आवरण पृष्ठ नीलो रङमा रहेको छ भने आवरण पृष्ठको सिरानदेखि मध्यभागसम्म ठूला अक्षरमा **आधुनिक नेपाली आलोचना** भनी कृतिको शीर्षक दिइएको छ । पुछारमा भने कृतिलेखकको नाम राखिएको छ । आवरण पृष्ठदेखि पछाडि १ पाना खाली छ । खाली पानादेखि पछाडि अर्को पृष्ठमा कृतिको शीर्षक, लेखक, प्रकाशक र मूल्य राखिएको छ भने त्यस पानाको अर्कापट्टि

प्रकाशक, संस्मरण, मिति, प्रति, सर्वाधिकार आदिको विवरण दिइएको छ । विवरणपश्चात् प्रस्तुत कृति मातापितामा समर्पित गरिएको छ । यहाँभन्दा पछाडि 'प्रकाशकीय' शीर्षकमा २ पृष्ठको परशुप्रधानको 'मन्तव्य' रहेको छ भने योभन्दा पछि 'भूमिका' शीर्षकमा लेखकले पाँच पृष्ठमा आफ्ना भनाइ राखेका छन् । यसभन्दा पछाडि विषयसूची राखिएको छ । प्रस्तुत कृति जम्मा १८९ पृष्ठमा संरचित भएको छ भने यस कृतिको मूल्य रु. १०० रहेको छ ।

## ५.३.२ विषयवस्तु

**आधुनिक नेपाली आलोचना** कृतिभित्रको पहिलो भागमा समालोचना खण्डअन्तर्गत समालोचनात्मक लेखहरू सङ्गृहीत गरिएका छन् । सङ्कलित लेखहरूमध्ये केही कृतिकेन्द्री, केही प्रतिभाकेन्द्री, केही सिद्धान्तकेन्द्री र अन्य विविध विषयप्रकृतिका रहेका छन् । कृतिभित्र राखिएको क्रमानुसार यी लेखहरूको विषयवस्तुलाई निम्नानुसार अध्ययन-विश्लेषण गर्ने काम गरिएको छ :

### ५.३.२.१ 'साहित्य : इतिहास र चर्चा'

**आधुनिक नेपाली आलोचना** समालोचनात्मक कृतिको पहिलो समालोचना खण्डको पहिलो लेख 'साहित्य : इतिहास र चर्चा' रहेको छ । यस लेखमा जयप्रसाद ढकालले साहित्यको विकासको विशद् चर्चा गरेका छन् । मानवको विकाससँगसँगै साहित्यको विकास हुँदै आएक भए तापनि साहित्यसृजना भएको धेरै वर्षपछि मात्र साहित्यको इतिहासलेखन सुरु भएको कुरा ढकालले औँल्याएका छन् ।

ढकालले यस लेखमा प्रमुख रूपमा नेपाली साहित्येतिहास लेखनमा भएका कार्यहरू उल्लेख गर्दै ती कार्यहरूमाथि सामान्य टिप्पणी पनि गरेका छन् । बाबुराम आचार्यदेखि साहित्यको इतिहासलेखन प्रारम्भ भए तापनि समग्र साहित्यकारको आकाङ्क्षाअनुरूपको साहित्यको इतिहास वर्तमानसम्ममा नलेखिएको र सो कार्य गर्न व्यक्तिद्वारा सम्भव नहुने भएकाले त्रिभुवन विश्वविद्यालय र नेपाल प्रज्ञा प्रतिष्ठानले यस कार्यमा कदम चाल्नुपर्ने धारणा ढकालको रहेको छ । साहित्य समाजको ऐना हो । समाजबाट नै साहित्य उत्पन्न भएको हुँदा साहित्यको विकासमा सामाजिक, आर्थिक, राजनैतिक आदि परिवेशको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ भनी ढकाल भन्दछन् । साहित्यको इतिहासलेखक पनि यी परिस्थितिहरूसँग सम्बन्धित हुनुपर्दछ । साहित्यको सही मूल्याङ्कन हुन सके मात्र साहित्यको

इतिहासलेखन सम्भव छ नत्र गलत मूल्याङ्कनले इतिहास लेखनले पूर्णता पाउन सक्दैन भन्ने ठहर ढकालको रहेको छ । विश्वसाहित्यको तुलनामा नेपाली साहित्यको विकास निकै पछि मात्र प्रारम्भ भएको देखिन्छ । साहित्य रचनाका आधारमा हेर्दा पनि साहित्येतिहासलेखन धेरै पछि मात्र प्रारम्भ भएको चर्चा गर्दै ढकाल इतिहासलेखनमा जेजति कार्य भएका छन् ती महत्त्वपूर्ण र मूल्यवान् रहेका छन् भनी विवेचना गर्दछन् ।

यसपछि ढकालले यस लेखमा नेपाली साहित्येतिहास लेखनमा भएका प्रमुख कार्यहरूको सङ्क्षिप्त विवरण प्रस्तुत गरेका छन् । साहित्यको इतिहास लेख्ने कार्य सर्वप्रथम **पुराना कवि र कविता** (२००३) कृतिमार्फत् बाबुराम आचार्यले प्रारम्भ गरे । यस परम्परालाई विभिन्न साहित्येतिहासकारहरूले अगाडि बढाएको देखिन्छ । डा. ईश्वर बरालले **झ्यालबाट** (२००५), **हिमालचुली** (२०१२), **सयपत्री** (२०१३) लेखेर यस यात्रालाई अगाडि बढाए भनी ढकाल उल्लेख गर्दछन् । यसरी नै यस यात्रालाई अग्रगति दिने सिलसिलामा कमल दीक्षितका **बुइँगल** तथा फुटकर लेखहरूको भूमिका पनि महत्त्वपूर्ण रहेको छ । यसैगरी यही पथमा तारानाथ शर्माको **नेपाली साहित्यको इतिहास** (२०२७), मोहनराज शर्मा र दयाराम श्रेष्ठको **नेपाली साहित्यको संक्षिप्त इतिहास** (२०३४) ले पनि महत्त्वपूर्ण भूमिका खेलेका छन् भनी ढकालले चर्चा गरेका छन् । साहित्यको इतिहासलेखनमा उत्तरवर्ती इतिहासकारहरू घनश्याम नेपाल, डी. पी. अधिकारी, गणेशबहादुर प्रसाईं, रत्नध्वज जोशी, केशवप्रसाद उपाध्यायहरूको भूमिका पनि महत्त्वपूर्ण रहेको छ भन्दै ढकालले यी विद्वान्हरूका कृतिमा पनि साहित्यको इतिहास रेखाङ्कन गरिएको छ भनी चर्चा गरेका छन् । ढकालले आञ्चलिक साहित्यको इतिहासलेखनमा रविमान लमजेलको भूमिका महत्त्वपूर्ण रहेको उल्लेख गर्दै उनका **मेची अञ्चलको साहित्यिक रूपरेखा** (२०४२) तथा **कोशी अञ्चलको साहित्यिक इतिहास** (२०५२) जस्ता कृतिले मेची र कोशीको साहित्यको इतिहासलाई स्पष्ट पार्ने काम भएको छ र यी कृतिहरूले राष्ट्रिय साहित्येतिहासलेखनमा महत्त्वपूर्ण दस्तावेजको कार्य गर्ने कुरा पनि ढकालले उल्लेख गरेका छन् ।

यस लेखमार्फत् ढकालले नेपाली साहित्यको इतिहास लामो नभए तापनि यस क्षेत्रमा भएका जेजति कार्यहरू छन् ती महत्त्वपूर्ण छन् । यी तथ्यहरूले राष्ट्रिय साहित्यको इतिहासलेखनमा अग्रणी भूमिका निर्वाह गर्नेछन् भन्ने कुरालाई कसैले नकार्न सक्दैन भन्ने ठहर उनको रहेको छ । यस लेखमार्फत् ढकालले साहित्यको संवर्द्धन र विकासमा योगदान

दिने व्यक्तिहरूको चर्चा गर्दै समग्र साहित्यको विकासमा सरकारले चासो राख्नुपर्ने धारणा पनि व्यक्त गरेका छन् ।

## ५.३.२.२ 'भानु : आदिकवि र आधुनिकताको प्रसङ्ग'

**आधुनिक नेपाली आलोचना** कृतिको समालोचना खण्डको दोस्रो लेख 'भानु : आदिकवि र आधुनिकताको प्रसङ्ग' शीर्षकको रहेको छ । यो लेख झापाको शनिश्चरे प्रकाशनको आयोजनाअनुसार भानुजयन्तीको उपलक्ष्यमा लेखिएको सारसङ्क्षेप लेख हो भनी ढकालले उल्लेख गरेका छन् । यस लेखमा समालोचक ढकालले भानुभक्तलाई आदिकवि भन्नुपर्ने आधारहरू प्रस्तुत गर्दै उनलाई आदिकवि मान्नुपर्ने विचार व्यक्त गरेका छन् । यसरी नै यस लेखमा साहित्यको आधुनिकताका बारेमा पनि ढकालले सङ्क्षिप्त टिप्पणी गरेका छन् ।

पृथ्वीनारायण शाहले खण्डित राज्यहरूलाई एकीकरण गरी आधुनिक नेपालको निर्माणपछि नेपालमा आधुनिकताका छिटपुट रेखाहरू देखापर्न थालेका थिए । यसै पृष्ठभूमिमा भानुको आगमनले उन्नाईसौँ शताब्दीदेखि नेपाली भाषा र साहित्यले आधुनिकता प्राप्त हुने मौका पाएको कुरा ढकाल व्यक्त गर्दछन् । पूर्वीय आध्यात्मिक तथा वैदिक शिक्षाको अध्ययन-अनुशीलनबाट निर्मित आचार्यको व्यक्तित्वले नेपाली साहित्यलाई जीवन्त तुल्याएका छन् । ढकालले भानुभक्तको आदिकवित्वको चर्चा गर्ने क्रममा उनीभन्दा पहिलेका कविहरू सुवानन्द दास, शक्तिबल्लभ, उदयानन्द, भक्तिकालका इन्दिरस, विद्यारण्यकेशरी, वसन्त, यदुनाथ, रघुनाथ आदि देखिए पनि भानुभक्तलाई नै आदिकवि मानिनुमा उनको सफल काव्यकारिता नै हो भन्ने ठहर गरेका छन् ।

नेपाली साहित्यको इतिहासमा भानुको उदयले साहित्यमा युगपरिवर्तन भएको चर्चा गर्दै भानुभक्तले अनेकौँ कृतिहरू लेखेर नेपाली भाषाको उत्थान गरेको कुरा ढकालले लेखेका छन् । यसरी नै भानुभक्तलेप संस्कृत वाल्मीकि रामायणलाई नेपालीमा अनुवाद गरे । अनुवाद गर्दा उनले नेपाली जीवनअनुरूप मौलिकता पनि थपे जुन कुरा उनीपूर्वका कुनै कविहरूले गर्न सकेका थिएनन् । त्यसले भानुभन्दा पूर्वका कविहरू जीवन्त बन्न सकेका हुन् भने भानुभक्त आदिकविका रूपमा प्रतिष्ठापित बन्न पुगेको चर्चा ढकालले गरेका छन् । भानुभक्तले तत्कालीन नेपाली जीवनलाई आफ्ना रचनामा यथार्थ रूपमा उतार्न सफल भएका छन् । भानुभक्तका **बधुशिक्षा**, **अलकापुरी कान्तिपुरी नगरी**जस्ता कृतिहरू सामाजिक

जीवनलाई प्रतिनिधित्व गर्ने रचनाहरू हुन् भनी ढकाल भन्दछन् । उनका रचनाको मूल कथ्य सामाजिक शोषण तथा अन्यायका विरुद्ध सशक्त आवाज उठाउनु हो । आदिकवि संस्कृत काव्यपरम्पराको उपलब्धि हो । संस्कृत परम्परामा पनि आदिकवि वाल्मीकिभन्दा पहिले नै वैदिक साहित्य अस्तित्वमा आइसकेको भए तापनि वाल्मीकिलाई नै आदिकवि भनिएको छ । त्यसैअनुरूप नेपाली भाषामा पनि भानुभक्तभन्दा अगि धेरै कविहरू देखिए पनि भानुभक्तको कवित्व प्रतिभा उच्चकोटिको भएकाले उनलाई आदिकवि भन्दा अत्युक्ति हुँदैन भनी ढकालले भनेका छन् ।

यसरी पृथ्वीनारायण शाहले नेपाललाई एकीकरण गरेकाले उनलाई नेपालका राष्ट्रपिता भनिन्छ भने नेपाली भाषासाहित्यमा भानुभक्तले नौलो आयामका साथ भाषाको एकीकरण गरेकाले उनलाई आदिकवि भनिएको हो भनी ढकालले व्याख्या-विश्लेषण गरेका छन् ।

## ५.३.२.३ 'युवाकवि मोतीराम भट्ट'

**आधुनिक नेपाली आलोचना** कृतिको पहिलो समालोचना खण्डअन्तर्गतको तेस्रो लेख 'युवाकवि मोतीराम भट्ट' शीर्षकको रहेको छ । यो कृतिमा प्रस्तुत लेख सङ्कलित हुनुपूर्व सर्वप्रथम साप्ताहिक **समकालीन** (२०५३, पुष २५ र माघ ३ गते) पत्रिकामा प्रकाशित भएको देखिन्छ । यस लेखमार्फत समालोचक ढकालले युवाकवि मोतीराम भट्टको जीवनी तथा व्यक्तित्वको परिचयात्मक विश्लेषण गरेका छन् ।

नेपालको सम्पन्न सहर काठमाडौँमा जन्मेका मोतीराम भट्ट साहित्यसेवामा संलग्न हुनामा उनको पारिवारिक पृष्ठभूमि, तत्कालीन काठमाडौँको परिवेश, उनले ग्रहण गरेको शिक्षादीक्षाले महत्त्वपूर्ण भूमिका खेलेको कुरा ढकाल चर्चा गर्दछन् । कवि भट्ट ब्राह्मण परिवारमा जन्मेका हुँदा जन्मजात रूपमा उनले पाएको वैदिक संस्कार तथा हावापानीले उनको कवित्व प्रतिभा प्रस्फुटन गराउनमा थप योगदान पुऱ्याएको कुरा ढकालले औँल्याएका छन् । बाल्यकालदेखि भारतको शैक्षिक क्षेत्र बनारसमा बस्दै त्यहाँको विकसित वातावरणमा शिक्षाग्रहण गरेका भट्टले मातृभाषाको सेवा गर्न अग्रसर भएका देखिन्छन् । नेपाली साहित्यको यात्रालाई विकसित गराउन भट्टले आफ्ना समकालीन युवायुवतीहरूलाई सङ्गठित गरी 'मोती मण्डली' तथा 'मोती कृष्ण कम्पनी' (पुस्तकालय) जस्ता मण्डली तथा संस्थाको

स्थापना गरी साहित्यको उत्थानमा पुऱ्याएको योगदान महत्त्वपूर्ण रहेको छ भनी ढकालले विवेचना गरेका छन् ।

प्रेस तथा छापाखानाका अभावमा पाठ्यसाहित्यको विकास हुन नसकेको अवस्थामा मोतीराम भट्टले भाषासाहित्यमा जीवन समर्पित गरी योगदान दिने भानुभक्त आचार्यप्रति श्रद्धा गर्दै उनको **रामायण**लाई प्रकाशित गरेर मेचीदेखि महाकालीसम्मका नेपाली जनमानससमक्ष पुऱ्याउन सफल भए । जुन कार्यले आदिकवि भानुभक्त आचार्य सम्पूर्ण नेपालीहरूका ढुकढुकीमा सजिएर रहेका छन् भन्ने ढकालको भनाइ रहेको छ । यी कार्यहरूका अतिरिक्त मोतीराम भट्टले साहित्यसृजना पनि गरेको कुरा चर्चा गर्दै ढकालले भट्टले बाल्यकालदेखि सायरी लेखनबाट सुरु गरेको साहित्यरचना यात्रा गजल साहित्य, खण्डकाव्य र नाटक विधासम्म फैलिएको छ भनी भनेका छन् । यसरी नै छोटो जीवनकालमा भट्टले अनेकौँ गजल, प्रशस्त फुटकर कविता एवम् दर्जनौँ सङ्ख्यामा नाटक तथा खण्डकाव्यको रचना गरी आफूलाई बहुमुखी प्रतिभाका रूपमा नेपाली साहित्यमा चिनाएका छन् भनी ढकाल भन्दछन् । मूल रूपमा भानुभक्तलाई आदिकवि भानुभक्तका स्थापित गराउनमा भट्टको योगदान महत्त्वपूर्ण रहेको कुरालाई नेपाली जनमानसले जस्तै परिस्थितिमा पनि भुल्नु नहुने विचार ढकालको रहेको छ । नेपाली कविताको विकास यात्रामा अनुवाद परम्परा र भक्तिधारालाई बिदा गर्दै शृङ्गारिक भावधारालाई नेपाली साहित्यमा भित्र्याउने श्रेय भट्टलाई जान्छ । भट्टले शृङ्गारिक धारा मात्र भित्र्याएनन् साहित्यमा लेखनगत मौलिकतासमेत ल्याए भन्ने ठहर ढकालको रहेको छ ।

यिनै विशेषताले मोतीराम भट्ट नेपाली साहित्यमा सधैँ मोतीजस्तै चम्किरहेका छन् भनी ढकाल भन्दछन् । यस लेखमा ढकालले मोतीराम भट्टको साहित्यिक योगदान र उनका साहित्यका विविध पाटाहरूको चर्चा गर्दै उनले नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदानको चर्चा गरेका छन् ।

### ५.३.२.४ 'लेखनाथको काव्यभाषामा रूप र अन्तर्वस्तु'

**आधुनिक नेपाली आलोचना** समालोचनात्मक कृतिको चौथौ लेख 'लेखनाथको काव्यभाषामा रूप र अन्तर्वस्तु' शीर्षकको रहेको छ । यो लेख यस कृतिमा सङ्कलित हुनुपूर्व **समकालीन** साप्ताहिक (२०५४, वैशाख १२, १९ र २६ गते) मा धारावाहिक रूपमा प्रस्तुत भएको पाइन्छ । यस लेखमा जयप्रसाद ढकालले कविशिरोमणि लेखनाथ पौड्यालको नाट्य

र काव्यका आधारमा उनको रूप (शिल्प) तथा कथ्यलाई केलाउने प्रयास गरेका छन् । लेखनाथको आगमनले नेपाली कविताले आधुनिक रूप प्राप्त गर्न सकेको कुरालाई चर्चा गर्दै ढकालले पौड्यालको काव्यभाषा अभूतपूर्व भएको कुरा प्रस्तुत गर्दछन् । पौड्याललले काव्यको भाषामा देखाएको शिल्पले उनी नेपाली पाठकमाझ सम्मानित र प्रशंसनीय भएका थिए । देवकोटाले पनि पौड्यालको परिस्कारपूर्ण भाषाको हृदयदेखि नै सम्मान गरेका थिए भनी ढकाल लेख्छन् ।

लेखनाथ पौड्याल नेपाली साहित्यको मोतीरामका युगदेखि पूर्वआधुनिक कालसम्मका प्रतिनिधित्व गर्ने एक मात्र महान् कवि हुन् । अविकसित नेपाली जनमानसमा हुर्किएका भएर पनि उनले शृङ्गारिक, प्राकृतिक वर्णन, नीति-उपदेश तथा भक्तिभाव आदि परिमार्जित काव्यभाषा ल्याई नेपाली साहित्यको कला महान् परिवर्तन गरे । उनको यो परिवर्तनकामी कार्यले वा काव्यभाषाले रूप र शैलीमा विजय प्राप्त गरेको हो भनी ढकालले विवेचना गरेका छन् । यति हुँदाहुँदै पनि लेखनाथले आफ्ना कृतिको कथ्यमा भने आधुनिकता ल्याउन नसकेको विचार ढकाल व्यक्त गर्दछन् । लेखनाथले काव्यविधाइतर नाटक विधामा पनि हात हालेका छन् । उनले मौलिक तथा अनुवाद दुवै प्रकारका नाटकहरू लेखेका भए पनि ती नाटकहरूले आधुनिकताको सिँढी टेक्न नसकेको चर्चा गर्दै ढकालले पूर्वीय अध्यात्म दर्शनको चेतनाबाट लेखनाथले काव्यको अन्तर्वस्तु निर्मित भएको हुँदा युगानुकूल आधुनिकता उनका समग्र काव्य तथा नाटकमा भेट्न सकिँदैन भनी विश्लेषण गरेका छन् । नाटकलेखनमा पौड्याल संस्कृत परम्परामा केन्द्रित भएका छन् । संस्कृत परम्परामा केन्द्रित भएकाले उनी रूढ परम्परा मुक्त हुन नसकेकाले उनले नाटक विधामा सफल प्राप्त गर्न नसकेको हो भनी ढकाल भन्दछन् । यस लेखमा ढकालले पौड्याललको **तरूणतपसी** कृतिको अन्तुर्वस्तुमा केन्द्रित भई विस्तृत विवेचना गरेका छन् । पूर्वीय अद्वैत अध्यात्म दर्शनमा केन्द्रित उक्त काव्यमा वृक्ष-तपसीको दृष्टिबाट सम्पूर्ण जीवनजगत्को निरीक्षण गर्ने पद्धति अयथार्थ भएको तथा स्वर्गीय कल्पना गरी रहस्यमय संसारमा हराउनाले यथार्थ जीवनबाट कवि विमुख भएको ठहर ढकालको रहेको छ । **तरूणतपसी**ले प्रागऐतिहासिक दर्शनलाई कथ्य वा अन्तर्वस्तु बनाएकाले काव्यले नयाँपन दिन नसकेको कुरा ढकालले गरेका छन् ।

यसरी यस लेखमा ढकालले लेखनाथको काव्यभाषा र उनका कृतिमा कथ्य वा अन्तर्वस्तुको विश्लेषण गरेको देखिन्छ । यस विश्लेषणमा ढकालले **तरूणतपसी**को कथ्य

केलाउने क्रममा यस कृतिको कथ्यले नयाँपन दिन नसकेको चर्चा गर्दा ढकाल अलि समालोचनात्मक धर्मबाट केही चुकेको आभास पाइन्छ किनभने कथावस्तु जे भए पनि आधुनिक संसारका मान्छेहरूमा मानवीयता हराउँदै गएको भन्ने जुन कथ्य हो त्यो कथ्यमा केही नयाँपन झल्किएको पाइन्छ । त्यसैले यस कृतिले आधुनिक जीवनको व्यापक चित्रण गर्न असमर्थ भएको भन्ने जुन आरोप छ त्यो आरोपलाई स्वीकार्न भने सक्ने अवस्था देखिँदैन । त्यसैले उनी सही समालोचक हुन नसकेको प्रतीत हुन्छ ।

## ५.३.२.५ देवकोटा र स्वच्छन्दतावाद

**आधुनिक नेपाली आलोचना** कृतिको समालोचनात्मक खण्डको पाँचौं लेख 'देवकोटा र स्वच्छन्दतावाद' रहेको छ । यो लेख यस कृतिमा सङ्कलित हुनुपूर्व **समकालीन** ( साप्ताहिक, २०५४) मा सर्वप्रथम प्रकाशित भएको देखिन्छ । प्रस्तुत लेखमा जयप्रसाद ढकालले देवकोटाको पारिवारिक अवस्थाको वर्णन गर्दै नेपाली साहित्यमा देवकोटाले स्वच्छन्दतावादको सूत्रपात गरेको कुराको विवेचना गरेका छन् । आर्थिक अभावले देवकोटाको जीवन कष्टपूर्ण भए तापनि उनीभित्र भएको प्रतिभा कलिलै उमेरमा प्रस्फुटन भएको र उनको कवित्वले स्वच्छन्दतावादलाई वरण गर्न पुगेको कुरा ढकालले बताएका छन् । पूर्वीय तथा पाश्चात्य साहित्यको अध्ययन-विश्लेषणले देवकोटाले पाश्चात्य साहित्यमा विकसित स्वच्छन्दतावादी धारा नेपाली साहित्यमा भित्र्याउन सफल भएका हुन् भन्ने धारणा ढकालको रहेको छ ।

संस्कृत भाषासाहित्यका विद्वान् तथा ब्राह्मण परिवारमा देवकोटाको जन्म भएकाले उनले पूर्वीय अध्यात्म दर्शनको राम्रो अध्ययन गर्ने अवसर प्राप्त गरे । यसरी नै उनको स्वरुचिअनुसार अङ्ग्रेजी साहित्यप्रतिको अभिरुचिले पाश्चात्य साहित्यको पनि राम्ररी अध्ययन गर्ने मौका देवकोटाले पाएका थिए । यसरी पूर्वीय तथा पाश्चात्य साहित्यका सिद्धान्त कृतिको अध्ययनले उनको लेखनमा प्रभाव पर्न गयो । दुवैतर्फका साहित्यप्रतिको आकर्षणले नै उनको कवित्व झाङ्गिन पुग्यो । फलस्वरूप आफ्नो प्रतिभा र उपर्युक्त विशेषताले उनले नेपाली काव्यसाहित्यमा हलचल मच्चाउँदै महत्त्वपूर्ण र बहुमूल्य रत्नहरूको रचना गर्न सकेका हुन् भनी ढकालले बताएका छन् । देवकोटाको विराट प्रतिभा, कल्पना तथा भगीरथ प्रयासले नेपाली काव्यजगत् समृद्धशाली बन्न पुग्यो । गद्य तथा पद्य दुवै विधामा देवकोटाले आफ्नो अद्वितीय प्रतिभाले नेपाली साहित्यलाई सजाए । देवकोटाको गद्यभाषा पनि कवितात्मक भएको र यही कवितात्मक भाषाले उनले गद्यमा पनि महत्त्वपूर्ण योगदान

दिएको चर्चा गर्दै ढकालले यसको प्रमाणका रूपमा देवकोटोको **लक्ष्मी निबन्धसङ्ग्रह**लाई लिन सकिन्छ भनी भनेका छन् ।

प्रस्तुत लेखमा समालोचक ढकालले स्वच्छन्दतावादी धाराको विकासलाई पनि सङ्क्षिप्त रूपमा अध्ययन गरेका छन् । जर्मनीबाट प्रादुर्भाव भएको स्वच्छन्दतावाद युरोपमा गेटे, हिगेल, वर्डस्वर्थ, किट्स्, सेली, वायरन तथा कलरिजजस्ता कवि-साहित्यकार पाएर विकसित हुन पुग्यो । यही वाद भारतीय साहित्यमा रवीन्द्रनाथ ठाकुर, निराला, पन्त आदि हुँदै नेपाली साहित्यसम्म आइपुगेको वास्तविकतालाई चर्चा गर्दै ढकालले नेपाली स्वच्छन्दतावादी आन्दोलनका अग्रणी तथा केन्द्रीय प्रतिभाका रूपमा देवकोटालाई उभ्याएका छन् । नेपाली काव्यजगत्मा देवकोटाका स्वच्छन्दतावादी काव्यहरूमध्ये **मुनामदन**, **शाकुन्तल**, **सुलोचना**जस्ता कृतिहरू नमुनाका रूपमा ढकालले प्रस्तुत गरेका छन् । यसका साथै ढकालले उक्त खण्डकाव्य र महाकाव्यका कथानकको आलोचनात्मक प्रस्तुति पनि गरेका छन् । देवकोटाले काव्यलेखनमा कल्पनाको प्रयोग सबैभन्दा बढी गरेका छन् तर उनको कल्पना हावाको कल्पना नभएर यथार्थ जीवनजगत्सँग सम्बन्धित रहेको छ भनी ढकाल व्यक्त गर्दछन् ।

यसरी ढकालले यस लेखमा देवकोटाको पारिवारिक इतिवृत्तको सङ्क्षिप्त चर्चा गर्दै नेपाली साहित्यको काव्यजगत्मा देवकोटाले स्वच्छन्दतावादी धारालाई भित्र्याएको चर्चा गरेका छन् । यसैगरी देवकोटाको विराट् प्रतिभाको चर्चा गर्दै ढकालले उनका केही काव्यहरूको कथानकको पनि विवेचना गर्ने काम यस लेखमा भएको छ । देवकोटा यथार्थ जीवनजगत्लाई आत्मसात् गरी काव्यरचना गर्ने एक महान् प्रतिभाशाली महाकवि हुन् भनी ढकालले विश्लेषण गरेका छन् ।

### ५.३.२.६ 'कविताका संसारमा सिद्धिचरण'

**आधुनिक नेपाली आलोचना** समालोचनात्मक कृतिको छैटौँ लेख 'कविताका संसारमा सिद्धिचरण' रहेको छ । यो समालोचनात्मक लेख यस कृतिमा सङ्कलित हुनुपूर्व **समाकालीन** (साप्ताहिक २०५५, साउन १४) मा प्रकाशित भएको पाइन्छ ।

यस लेखमा जयप्रसाद ढकालले युगकवि सिद्धिचरण श्रेष्ठलाई स्वच्छन्दतावादी कविका रूपमा विश्लेषण गर्ने काम गरेका छन् । मुख्यतया श्रेष्ठले रचना गरेका र जीवनकालमा विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका कविताहरूलाई सङ्गृहीत गरी २०४५ सालमा प्रकाशित **सिद्धिचरण श्रेष्ठका प्रतिनिधि कविता** कवितासङ्ग्रहका आधारमा ढकालले

श्रेष्ठको कवित्व प्रतिभाको मूल्याङ्कन गरेका छन् । कुनै पनि कवि तथा कलाकारलाई आफू जन्मेको वा हुर्केको परिवेशले महत्त्वपूर्ण प्रभाव पारेको हुन्छ । कवि श्रेष्ठमा स्वच्छन्दतावादी तथा क्रान्तिकारी भावना पैदा हुनुमा उनी बाँचेको सामाजिक एवम् राजनैतिक वातावरणले महत्त्वपूर्ण भूमिका खेलेको कुरा ढकाल बताउँछन् । राणाकालीन युगमा राणाहरूको एकतन्त्रीय शासनपद्धतिले कवि श्रेष्ठ भौतिक एवम् मानसिक रूपमा पीडित भएकाले कविले आफ्ना कवितामा राणाशासनको विरूद्धमा अप्रत्यक्ष रूपमा विद्रोहका स्वरहरू गुन्जाएको कुरा ढकाल बताउँछन् । उक्त सङ्ग्रहमा सङ्कलित कविताहरूमा श्रेष्ठले क्रान्तिकारी भावनाका साथै देशभक्ति एवम् जातीय गौरवजस्ता कुराहरूलाई उजागर गरेका छन् । यसका अतिरिक्त श्रेष्ठका केही कविताहरूमा नारीलाई सृजनशीलताकी शक्ति, देशबासीका मर्यादा, आँट, हिम्मत, वीरता आदिको गुणगान, प्रकृतिका विभिन्न रूपको वर्णन गरेका छन् भन्दै ढकालले श्रेष्ठका कविताको मूल स्वर स्वच्छन्दतावाद नै भएको चर्चा गरेका छन् ।

### ५.३.२.७ कथाकार विश्वेश्वर, गोठाले, भिक्षु र कथानक

**आधुनिक नेपाली आलोचना** कृतिको समालोचना खण्डको सातौं लेख 'कथाकार विश्वेश्वर, गोठाले, भिक्षु र कथानक' शीर्षकको रहेको छ । यस लेखमा कथाकारहरू विश्वेश्व, गोठाले र भिक्षुका कथानकको सङ्क्षिप्त टिप्पणी गरिएको छ ।

नेपाली कथासाहित्यमा कथाकारहरू भवानी भिक्षु, विश्वेश्वरप्रसाद कोइराला गोविन्दबहादुर मल्ल 'गोठाले'का कथासाहित्यले नेपाली साहित्यमा नयाँ मोड ल्याएको कुरा बताउँदै ढकालले यी त्रय कथाकारहरूले कथामा स्त्री-पुरुषलाई आआफ्ना दृष्टिकोणअनुसार चित्रण गरेका छन् भनी बताएका छन् । कोइरालाले कथामा नारी जीवनको मनोवैज्ञानिक चित्रण गरेका छन् । भिक्षु कथाका माध्यमबाट भावुक र कल्पनामय संसारमा विचरण गर्दछन् भने गोठाले स्त्रीपुरुषका अश्लील, भयावह र भ्रमपूर्ण वतावरणमा कथा लेख्छन् भनी ढकालले चर्चा गरेका छन् ।

यी कथाकारहरूले राष्ट्रिय परिस्थिति र विचार पनि भिन्नभिन्न रूपमा देखाएका छन् । कोइरालाको राजनैतिक र साहित्यिक व्यक्तित्व उज्ज्वल छ भने भिक्षुको पनि नेपाली साहित्यमा राम्रै स्थान छ । यसैगरी २००७ सालपछिको कथासाहित्यमा गोठालले पनि राम्रै स्थान लिएका छन् । कोइरालाले नेपाली साहित्यमा विश्वसाहित्यको मनोवैज्ञानिक धारालाई भित्र्याएका हुन् भने भिक्षु कल्पनामा रमाएर यथार्थजगत्सँग त्यति विश्वस्त हुन सक्तैनन् ।

गोठाले भने प्रकृतिवाद र अतियथार्थवादतिर लम्किएका कथाकार हुन् भनी ढकालले आलोचना गरेका छन् ।

भिक्षु कथाको रूपसौन्दर्यमा जोड दिने कथाकार हुन् भने कोइरालाका कथाहरू सहज, सरल र सम्प्रेषणयुक्त छन् । यसरी नै गोठालेका कथामा फोटोग्राफिक चित्र उतार्ने परम्परा छ । गोठालेका कथाले रूढ परम्पराको विरोध गर्दागर्दै समाजोपयोगी सृजनामा सक्षम नभएको भन्दै ढकालले गोठालेको **कथैकथा** कथासङ्ग्रहका कथाहरूलाई प्रमाणका रूपमा उभ्याएका छन् । **कथैकथाा** कथासङ्ग्रहका कथाहरूको चर्चा गर्दै ढकालले उक्त सङ्ग्रहका कथाहरूमा देखिएको कमजोरीलाई निम्नानुसार रूपमा उल्लेख गरेका छन् :

'चुनाव' कथामा नायक कृष्णमानको पलायन प्रवृत्ति र उसको घरको आर्थिक समस्याले गर्दा ऊ राजनीतिक क्षेत्रमा पाठक/श्रोताबीच दुर्बल देखापर्दछ । 'के गरेकी शोभा' कथाबाट यौनव्यापारमा संलग्न शोभाको चारित्रिक परिचय र घरपरिवारसँग सम्बन्धविच्छेद पार्छ । 'युवती र जरसाहेब' कथाले युवती र जरसाहेबको नग्न फोटो उतारेको छ । 'कृष्णमाया' कथामा परम्परागत संस्कारको प्रहार गरिएको छ । 'चिन्हा' कथामा विसङ्गतिवादी कल्पना ओजनदार देखिँदैन । 'म जुजुमान' कथामा आफ्ना नाताभित्रमा आर्थिक र अन्य कमजोर भएकाले जुजुमानले असहृय मानसिक दुःख प्रकट गर्छ । 'मेरो बाबा' कथामा गरिब परिवारको अतृप्त दूधे बालकप्रति संवेदनशील भाव झल्किएको छ । 'ज्यानमारा' मा विसङ्गत घटना प्रस्तुत छ । 'भाँडो' कथामा भीमेको मानिसक अवस्थाको चित्रण गरिएको छ । 'बेसुर' कथामा रामप्रसाद र उसको छोरो प्रेमप्रसादबीच आधारहीन सुरबिनाका कल्पना छन्; जसको कुनै उपयोगिता छैन । 'मालिकको कुकुर' एक हास्यास्पद डायमन्डको शव-यात्रा वास्तवमा हास्यास्पद नै छ । 'बिचरी ऊ'मा विगतको प्रेमवर्णन र विचरी ऊको अनुहार अप्रफुल्लित रहेको वैवाहिक जीवनलाई सङ्केत गरिएको छ । 'त्यो क्रान्तिको प्रतीक' कथामा दुई विपरीत स्वभावका पात्रबीच सङ्घर्षमा उभिएका द्वन्द्वमा मुख्य पात्र कर्नेलको गलत सोचाइ स्पष्ट हुन्छ । 'बिहे' कथामा उद्देश्यरहित विवाहको चर्चा मात्र छ । पूर्ववर्ती कथाकारहरू सम, विश्वेश्वर, गुरुप्रसाद मैनाली, भवानी भिक्षुका तुलनामा गोठालेका कथामा परिमार्जित भाषाको अभाव छ । शिल्पविधानमा पनि परिष्कार रूप देखिँदैन ।

यसरी यी विभिन्न कारणहरूले गर्दा उक्त **कथैकथा** कथासङ्ग्रहका कथाहरू समाजोपयोगी नभएको कुरा ढकालले यस लेखमार्फत दर्साएका छन् ।

## ५.३.२.८ आधुनिक साहित्य : यथार्थ-अयथार्थ दृष्टि

**आधुनिक नेपाली आलोचना** कृतिको समालोचना खण्डअन्तर्गत आठौँ लेख 'आधुनिक साहित्य : यथार्थ-अयथार्थ दृष्टि' शीर्षकको रहेको छ । यस लेखमा समालोचक ढकालले नेपाली साहित्येतिहासमा प्रयुक्त यथार्थ र अयथार्थ बोधको सङ्क्षिप्त परिचय प्रस्तुत गरेका छन् । आधुनिक नेपाली साहित्यले अनेक सङ्कट पार गर्दै यथार्थ र अयथार्थको प्रतिस्पर्धामा अगाडि बढ्दै आइरहेको छ । यथार्थ साहित्यले आफ्नै परिवेश, जीवन र सत्यभित्रको आवश्यक चित्र उतार्छ भने अयथार्थ साहित्यको यसको विपरीत सत्य, यथार्थ र जीवनबाट अलग्गिएर हवाइ-अमूर्त चित्र उतार्छ भनी ढकालले चर्चा गरेका छन् ।

नेपाली साहित्यमा समानान्तर गद्य-पद्यका आधार लिई नेपाली साहित्यमार्फत यथार्थ-अयथार्थ दुवै हतियारको उपयोग प्रत्यक्ष रूपले गरिएको छ । परिश्रमी कलाकार गोपालप्रसाद रिमाल, रुद्रराज पाण्डे र गुरुप्रसाद मैनाली यथार्थवादी हतियारका प्रयोगद्वारा सृजन क्षेत्रमा मानप्रतिष्ठा कमाउँदै आए भने भवानी भिक्षु, गोविन्दबहादुर मल्ल 'गोठाले' र विजयबहादुर मल्लजस्ता आधुनिक लेखक अयथार्थवादी हतियारको उपयोग गरी व्यापक चर्चामा आई मानसम्मान पनि प्राप्त गरे भन्ने ढकालको आलोचना छ । मैनालीको 'नासो' कथा, रिमालको **मसान** नाटक, रुद्रराज पाण्डेको **रूपमती** उपन्यास यथार्थ सृजनका रूपमा उभ्याउँदै ढकालले भिक्षुको 'त्यो फेरि फर्कला ?' कथा, विजय मल्लको **भोलि के हुन्छ** नाटक र गोठालेको **पल्लो घरको झ्याल** उपन्यासलाई चाहिँ अयथार्थ नमुनाका सृष्टि हुन् भनी औँल्याएका छन् ।

आधुनिक साहित्यको आरम्भदेखि नै नेपाली साहित्यमा विपरीत दिशाका यी दुई सृष्टि निरन्तर साहित्यको इतिहासमा आआफ्नो प्रभुत्व कायम गर्दै आएका छन् । साहित्यका कविता, नाटक, कथा, उपन्यास आदि कुनै पनि विधाका रचनाकारले प्रयोगमा ल्याउने यथार्थ-अयथार्थका दृष्टिकोण नै साहित्यकारका प्रमुख हतियार बन्दै आएको उदारहण छ । यथार्थ र अयथार्थलाई कलाकार वा साहित्यकारले युगप्रति सचेत बन्दै यथार्थको भूमिकामा टेकेर मात्र साहित्य निर्माण गरियो भने त्यस साहित्यले मात्र समाजको कल्याण गर्ने र साहित्यकारले सफलता प्राप्त गर्न सक्छ भन्ने दृष्टिकोण ढकालको रहेको छ । यसका साथै

यस लेखमा यथार्थ र अयथार्थलाई छुट्याउन उपर्युक्त साहित्यकार र कृतिहरूको विवेचना पनि ढकालले गरेका छन् ।

## ५.३.२.९ 'के बृहत् नेपाली साहित्य सम्मेलन, २०५१ सफल छ ?'

**आधुनिक नेपाली आलोचना** कृतिभित्रको समालोचना खण्डको नवौँ क्रममा 'के बृहत् नेपाली साहित्य सम्मेलन, २०५१ सफल छ ?' शीर्षकको लेख रहेको छ । यस लेखमा समालोचक ढकालले २०५१ सालमा विराटनगरमा भएको साहित्य सफल सफल नभएको विचारलाई प्रस्तुत गरेका छन् ।

२०५१ साल फागुन २७ देखि ३० गते सम्म विराटनगरको वीरेन्द्र सभागृहमा बृहत् साहित्य सम्मेलनको आयोजना भएको र त्यस सम्मेलनमा देशविदेशका गरी झन्डै तीन सयजति साहित्यकारहरूको जमघट भएको जानकारी ढकालले प्रस्तुत गरेका छन् । यसरी नै उनले यस सम्मलेनमा सम्मानित वृद्ध, अधबैँसे र युवा गरी तीन पुस्ताका साहित्यकारहरूको सहभागिता रहेको कुरा प्रस्तुत गरेका छन् । साहित्यकार मातृकाप्रसाद कोइराला, केदारमान व्यथित, माधव घिमिरेजस्ता राष्ट्रिय साहित्यकारहरूको आगमनले त्यस सम्मेलनको शोभा बढ्न गएको थियो भन्दै ढकालले उक्त सम्मलेनको उद्घाटन तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइराला र कीर्तिबाबुबाट भएको कुरा उल्लेख गरेका छन् ।

यस सम्मेलनमा उद्घोषक महोदयले कुनै कार्यपत्रमाथि टिप्पणी गर्न पाइँदैन भनेपछि साहित्यकारहरूका माझमा असन्तोष फैलिएको थियो । सबै साहित्यकारहरूले कार्यपत्रमाथि आवश्यक टिप्पणी गर्न पाउनुपर्छ भनी आवाज उठाउँदाउठाउँदै पनि हाम्रा आवाजहरू कसैले नसुनेको गुनासो पनि ढकालले यस लेखमार्फत प्रस्तुत गरेका छन् । यस सम्मेलनमा कृष्णचन्द्रसिंह प्रधानले 'आधुनिक नेपाली आख्यानमा शाश्वतता' र तारानाथ शर्माले 'आधुनिक नेपाली कवितामा शाश्वतता' गरी दुईवटा कार्यपत्रहरू प्रस्तुत गरिएको थियो । कुनै पनि सम्मेलनमा उठेका समस्याहरू छलफलद्वारा निष्कर्षमा पुग्नुपर्नेमा त्यस सम्मेलनमा त्यस्तो कार्य नगरी केवल कार्यपत्र मात्र सुनाइएकाले त्यो सम्मलेनको उपलब्धि कुनै नभएको कुरा ढकालको धारणा रहेको छ । यसरी नै उनले सम्मेलन नामका लागि मात्र नभएर राष्ट्रिय साहित्यको विकासका लागि हुनुपर्ने हो तर यस सम्मेलनमा त साहित्यकारहरूको भावनाहरूमाथि कुठाराघात गरिएकाले साहित्यकारहरूमा उत्साहको सट्टा

हतोत्साही पन बढेर भएको चर्चा गर्दै यही कारण नै त्यो बृहत् सम्मेलन सफल बन्न सकेको थिएन भनी आलोचना गरेका छन् ।

## ५.३.२.१० 'रोहिणी विलासको मेरो मानस'

**आधुनिक नेपाली आलोचना** समालोचनात्मक कृतिको दसौँ क्रममा 'रोहिणीविलासको मेरो मानस' लेख रहेको छ । यो लेख यस कृतिमा सङ्कलित हुनुपूर्व **समकालीन** साप्ताहिकमा प्रकाशित भएको पाइन्छ । प्रस्तुत लेखमा ढकालले झापाली कवि रोहिणीविलास लुइटेलको कवितासङ्ग्रह **मेरो मानस**को विश्लेषण-मूल्याङ्कन गरेका छन् ।

कविता, निबन्ध तथा खण्डकाव्य लेखनमा स्थापित भएका लुइटेलले विभिन्न पुरस्कार तथा सम्मान पाएको कुराको चर्चा गर्दै ढकालले उनका **मेरो मानस** कथासङ्ग्रहका कविताहरूको चर्चा गरेका छन् । **मेरो मानस**का 'म' नामक झ्याउरे कवितासमेत जम्मै कविता छन्दोबद्ध रहेका छन् । नेपाली साहित्यमा लोकप्रिय भएका छन्दहरूको प्रयोग कविले मनोयोगसँग गरेका छन् । एघार किसिमका छन्दहरूको प्रयोग गरेर लेखिएका यस सङ्ग्रहका कविताहरूमा बहुल तत्सम शब्दहरूको प्रयोग गरिएको छ । तत्सम शब्दको प्रयोगले पनि कविताहरू बोझिला र गह्रौँ बनेका छैनन् । उनका कविताहरू युगअनुसार विभिन्न उद्देश्यमा लेखिएका छन् । सम्पूर्ण कविता लयात्मक र गेयात्मक छन् । कविले यी कविताहरूमार्फत आफ्ना अनुभूतिहरूलाई स्पष्ट रूपम राखेका छन् । ठाउँठाउँमा विभिन्न प्रतीक, बिम्ब, मिथक आदिका प्रयोगले उनका कविताहरू बढी ओजस्वी बनेका छन् भनी ढकालले विश्लेषण गरेका छन् ।

यसरी नै यस सङ्ग्रहका कविताहरूमध्ये केही बालकविता, केही झ्याउरे र केही मिथकीय कविताहरू सङ्कलित छन् । उत्साह, शोक र सम्बोधन आदि खालका कविताहरू समावेश भएको उक्त सङ्ग्रहमा विविध विषयवस्तु भएका कविताहरू समावेश भएका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जागरणजस्ता विषयमा पनि केही कविताहरू केन्द्रित भएका छन् भनी ढकालले विश्लेषण गरेका छन् । यसै गरी ढकालले उनका कवितामा आध्यात्मदर्शन पनि उत्तिकै मात्रामा देखिएको भनी भनेका छन् । लुइटेल अन्तुर्मुखी खालका कवि भएकाले **मेरो मानस**भित्रका कविताहरूमा कविको अन्तुर्मुखी दृष्टिकोण प्रस्ट रूपमा झल्किएको छ भन्ने ढकालको ठहर छ । केही कविताहरू मिथकमा पनि आधारित रहेका छन् । पुराणमा वर्णित अहिंशा, अन्याय र अभिमान आदिको तिरस्कार गर्दै कविले यी कविताहरूमा न्याय

तथा आदर्श पक्षमा आफ्ना भावहरू जागृत गरेका छन् भनी ढकाल भन्दछन् । यस सङ्ग्रहका कविताहरूमा सामाजिक विसङ्गति, निरङ्कुश राजनैतिक व्यवस्था र धार्मिक आडम्बरजस्ता कुराहरूप्रति तीखो व्यङ्ग्य प्रहार गरी लेखिएका छन् भनी ढकाल भन्दछन् । राष्ट्रका विशिष्ट साहित्यकारको स्मरण गर्दै ढकालले उनका कविताले साहित्यिक व्यक्तित्वको सम्मान पनि भएको छ भनी भनेका छन् । लुइटेलका यी कविताहरूका आधारमा उनले नेपाली साहित्यका अनेक कविहरूमध्ये कविशिरोमणि लेखनाथ पौड्यालको काव्यिक प्रभावबाट बढी आकर्षित भएको ठहर ढकालको रहेको छ ।

यसरी मात्र ६ पृष्ठमा विस्तारित यस लेखमा रोहिणीविलासको **मेरो मानस**को सर्वाङ्गीण विवेचना र मूल्याङ्कन गर्नु ढकालको अध्ययनशीलता र अभिव्यक्तिमा आएको निख्खरपनाको संकेत हो ।

### ५.३.२.११ 'डा. ऋषिकेशको मूल्याङ्कन किन ?'

**आधुनिक नेपाली आलोचना** कृतिको समालोचनात्मक खण्डको एघारौँ लेख 'डा. ऋषिकेशको मूल्याङ्कन किन ?' शीर्षकको रहेको छ । यो लेख यस कृतिमा सङ्कलित हुनुपूर्व साप्ताहिक **समकालीन** (२०५५, भाद्र ४ गते) पत्रिकामा सर्वप्रथम प्रकाशित भएको देखिन्छ । यस लेखमा ढकालले झापाली साहित्यकार डा. ऋषिकेश उपाध्यायको साहित्यको योगदानको व्याख्या-विश्लेषण गरेका छन्

डा. ऋषिकेश उपाध्यायले लामो अवधिदेखि साहित्यको सेवा गर्दै आएका छन् । साहित्यका विविध विधामा उपाध्यायले कलम चलाएको चर्चा गर्दै ढकालले उनका केही कृतिहरूमाथि सामान्य विवेचनासमेत गरेका छन् । उपाध्यायका **बगैँचा** तथा **धर्तीको वारेस भएर** कवितासङ्ग्रह कृतिका रूपमा प्रकाशित भएको कुरा उल्लेख गरेका छन् । यसरी नै ढकालले उपाध्यायका अनेकौँ समालोचना तथा फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् भनी बताएका छन् । पञ्चायती निरङ्कुश राणाशासनले कविकलाकारहरूको अभिव्यक्तिमा बन्देज लगाएको र कविकलाकारहरू रचनालेखनबाट हतोत्साही बन्न पुगेको वास्तविकतालाई उजागर गर्दै उपाध्याय पनि राणाशासन व्यवस्थाबाट पीडित भएका साहित्यकार हुन् भनी ढकालले उल्लेख गरेका छन् । २००७ सालपश्चात् निर्भिक र स्वतन्त्र भई क्रान्तिकारी स्वर घन्काई प्रजातान्त्रिक पद्धतिको स्थापनामा ठूलो योगदान दिने यस्ता प्रकारका कविकलाहरूलाई तत्कालीन राज्यव्यवस्थाले

उपेक्षा गर्नु दुःखद् कुरा हो भनी ढकाल भन्दछन् । समालोचना विधामा पनि उपाध्यायले दिएको योगदानको मूल्याङ्कन गर्दै ढकालले उपध्यायबाट विवेचित मोदनाथ प्रश्रितको **मानव** महाकाव्य, द्रोणाचार्य छेत्रीको **नुनिलो आँसु** कवितासङ्ग्रह, गोविन्द भट्टको **शान्तिसन्देश** काव्य, अच्छा राई 'रसिक'को **दोभान** उपन्यासको आलोचना गहन, वस्तुपरक भएको कुरा दर्साएका छन् । जीवनयापनका निमित्त चिकित्सक पेसामा लागेर पनि उपाध्यायले नेपाली साहित्यको सेवा गरेर आफूलाई साहित्यसेवी व्यक्तित्वका रूपमा उभ्याउन सकेका छन् । आफ्नो रुचिका कारण उनले साहित्यको सेवामा आफूलाई समर्पित गरेका हुन् भन्दै ढकालले उपाध्यायको साहित्यप्रतिको योगदानको खुलेर प्रशंसा गरेका छन् ।

समालोचक जयप्रसाद ढकालले स्थापित राष्ट्रिय साहित्यकारहरूको चर्चाकै क्रममा आफूमा अमूल्य प्रतिभा हुँदाहुँदै पनि विभिन्न बाध्यताले पर्दापछाडिबाट साहित्यको सेवा गरिरहेका उपाध्यायजस्ता समाजसेवीलाई पाठकमाझ पुऱ्याउने कार्य पनि गरेका छन् । यो कार्य ढकालको समालोचक प्रतिभाको उजागर हो ।

## ५.३.२.१२ 'झर्रोवाद-यथार्थवाद र रेग्मी'

**आधुनिक नेपाली आलोचना** कृतिभित्रको समालोचना खण्डको बाह्रौँ लेख 'झर्रोवाद-यथार्थवाद र रेग्मी' शीर्षकको रहेको छ । यस लेखमा समालोचक ढकालले चूडामणि रेग्मीले झर्रोवाद र यथार्थवादमा दिएको योगदानको चर्चा गरेका छन् ।

बनारसबाट प्रकाशित **उदय** ( मासिक पत्रिका : २०१३) मा यथार्थवादी कविता प्रकाशित गरेका साहित्यमा प्रवेश गरेका चूडामणि रेग्मीले २०५६ सालमा **रहर** कवितासङ्ग्रहको सम्पादन गरेका थिए । यसअघि नै **अटेरी** कथासङ्ग्रहमा यथार्थवादी कथासाहित्य प्रकाशमा आएको र यस प्रकाशनको इतिहासले **बल्दो दीयो** यथार्थवादी कथासङ्ग्रह प्रकाशमा आउने वातावरण उत्पन्न गराउँदा प्रस्तुत सङ्ग्रहमा चूडामणि रेग्मीको 'स्वतन्त्रता' कथामा झर्रोवाद र यथार्थवादको असर परेको चर्चा ढकालले यस लेखमा गरेका छन् ।

२००७ सालपूर्व नेपालबाट बनारस गएर अध्ययन गर्ने विद्यार्थीहरूको प्रयासमा **छात्रदूत**, **छात्रवाणी**, **कोपिला** आदि पत्रिकामार्फत बनारसबाट झर्रोवाद-यथार्थवादको प्रभावमा विशिष्ट रचनाहरू पाठकसमक्ष प्रस्तुत भएको कुरा उल्लेख गर्दै ढकालले यस

झर्रोवादी-यथार्थवादी आन्दोलनलाई स्वच्छन्दतावादले पनि सघाउ पुऱ्याएको उल्लेख गरेका छन् । यसरी नै झर्रोवादका विषयमा बृहत् शब्दकोषले अपुरो उल्लेख गरेकाले त्यो कुरा सच्चाउनु पर्ने माग ढकालको रहेको छ । शब्दकोषले झर्रोवादलाई बनारसमा अध्ययनार्थ गएका नेपालीहरूले आफ्नो भाषाको चोखो प्रयोगका लागि चलाएको अभियान रहेको कुरा उल्लेख गरेकाले यस भनाइप्रति असन्तोष व्यक्त गर्दै ढकालले जत्रोसुकै समूहले चलाएको आन्दोलन भए तापनि त्यो आन्दोलन व्यक्तिगत स्वार्थका लागि नभएर राष्ट्रव्यापी चेतनाको द्योतक रहेको थियो भनी उल्लेख गरेका छन् ।

यसै लेखमा ढकालले चूडामणि रेग्मी पनि झर्रोवादी-यथार्थवादी अभियानअनुरूप साहित्यसृजनामा लागेका लेखक तथा सम्पादक हुन् भनी चिनाएका छन् । यथार्थवादी धाराबाट विमुख नभई रचना गर्ने रेग्मीले झापाबाट **यथार्थ कुरा** पत्रिका सम्पादन गरी यस अभियानलाई अगाडि बढाउनमा महत्त्वपूर्ण भूमिका खेलेको कुरा ढकालले उल्लेख गरेका छन् । यसपछि ढकालले यथार्थवादको पृष्ठभूमि र विकासको सङ्क्षिप्त चर्चा गर्दै **यथार्थ कुरा** पाक्षिक पत्रिकाले राष्ट्रिय स्तरमा लोकप्रियता प्राप्त गर्न नसके तापनि जिल्लाको सानो घेरामा सीमित रहेर पनि साहित्यको विकासमा ठूलो योगदान पुऱ्याएको कुरा ढकालले चर्चा गरेका छन् । साहित्यका यथार्थ-अयथार्थ रचना प्रकाशन प्रकाशित गरी विभिन्न साहित्यकारहरूको प्रतिभाको कदर गरेकाले रेग्मीकिो यो कामको सराहना गर्नैपर्छ । भाषा-व्याकरणमा रेग्मीले गरेका कार्यहरू जनप्रिय रहेका छन् भन्ने ठहर ढकालको रहेको छ ।

अन्त्यमा यस पत्रिकामा विसङ्गत-असङ्गत समालोचना गराउन साहित्यिक स्तम्भ राख्ने परम्परा बसाल्नुपर्ने, यथार्थवादी कलाकारका रचनालाई निसन्देह प्रमुखता दिई प्रकाशित गरेको खण्डमा यो पत्रिकाले सम्पूर्ण साहित्यप्रेमीहरूको मन जित्ने र सम्पादक भएका नाताले रेग्मीलाई पनि सार्थकता प्राप्त हुने कुरामा दुईमत हुनेछैन भन्ने धारणा यस लेखमार्फत ढकालले व्यक्त गरेका छन् ।

## ५.३.२.१३ 'मेची : अञ्चल साहित्यको विवेचना'

**आधुनिक नेपाली आलोचना** कृतिको समालोचना खण्डअन्तर्गत तेह्रौँ लेख 'मेची : अञ्चल साहित्यको विवेचना' शीर्षकको रहेको छ । यस लेखमा ढकालले मेची अञ्चलका प्रमुख साहित्यकारहरूको चर्चा गरेका छन् ।

सम्पादक देवी पन्थीको सम्पादत्वमा **मेची दर्पण, फिक्कल दर्पण, पत्रजगत्** आदि कृतिहरूले मेची अञ्चलका साहित्यकारहरूलाई प्रकाशमा ल्याएको कुरा उल्लेख गर्दै पन्थीको सक्रियतामा २००९ सालमा करफोक विद्यामन्दिरमा भएको कवि गोष्ठीले मेची अञ्चलका अन्य जिल्लाहरूमध्ये इलाम जिल्ला साहित्यसिर्जनामा अगाडि भएको कुरा ढकालले भनेका छन् । इलाम जिल्लामा सन्त कवि ज्ञानदिलदास र स्वच्छन्दतावादका कवि महानन्द सापकोटाजस्ता साहित्यकारहरू जन्मिएको यसै जिल्लाले मेची अञ्चलको साहित्यिक पृष्ठभूमि तयार पारेको कुरामा दुईमत छैन भन्ने ढकालको ठहर रहेको छ ।

मेची अञ्चललगायत देशविदेशका साहित्यकारहरूलाई जमघट गराउने युवा पन्थीले मेची साहित्यकाशमा ठूलो कीर्ति कमाएको चर्चा गर्दै ढकालले उनलाई विभिन्न साहित्यिक सङ्घसंस्थाले अभिनन्दित गरेको कुरा उल्लेख गरेका छन् । यिनै पन्थीका सम्पादनमा प्रकाशित **मेची दर्पण** (२०५५) चर्चित ग्रन्थका रूपमा हाम्रा अगाडि रहेको कुरा ढकाल लेख्छन् । दोषपूर्ण यस दर्पणभित्र पत्रसाहित्य, मेची दर्पण, फिक्कल दर्पण, परिचय-साहित्य, संस्मरण साहित्य आदि कुरा समेटिएको छ भन्दै ढकालले यस लेखमा दर्पणमा समेटिएका जिल्लाहरू क्रमशः ताप्लेजुङ, पाँचथर, इलाम र झापाले साहित्यिक योगदानमा पुऱ्याएको प्रभावका बारेमा चर्चा गरेका छन् ।

(क) ताप्लेजङ

ढकालले प्रथमतः ताप्लेजुङ जिल्लाको साहित्यिक योगदानको चर्चा गरेका छन् । यस जिल्लाका साहित्यिकारहरूले नेपाली साहित्यका गद्य र पद्य दुवै क्षेत्रमा योगदान पुऱ्याएका छन् । २००७ सालपछि यस जिल्लाका साहित्यिकारहरूमा आएको चेतना, २०१६ सालदेखि यस जिल्लाले पत्रकारिताका क्षेत्रमा पुऱ्याएको योगदान महत्त्वपूर्ण रहेको कुरा ढकाल बताउँछन् । रविमान लमजेल, जगमोहन शाक्य, चन्द्र मेयाङ्वो, राजेश्वर थापा यस जिल्लाका साहित्यमा योगदान दिने व्यक्ति हुन् । यसरी नै डा. सुरेन्द्र के. सी., गणेशबहादुर प्रसाईं, दीर्घराज प्रसाईंहरूको पनि साहित्यमा उत्तिकै योगदान छ । पत्रपत्रिकाको क्षेत्रमा भने यो जिल्ला केही पछाडि नै छ भनी ढकाल लेख्छन् ।

सवाईबाट प्रारम्भ भएर ताप्लेजुङको कविता साहित्य संस्कृतको प्रभावमा उपदेशपरक रूपमा फैलिएको छ । छन्दोबद्ध कवितालेखन हुँदै गद्य कवितातिर प्रवेश गरेको

ताप्लेजुङमा गद्य कविहरू जगमोहन शाक्य, चैतन्य सुब्बा, चन्द्र मेयाङ्वो, राजेश्वर थापा आदिले सामाजिक-राजनैतिक परिवर्तनमा ठूलो योगदान दिएको ढकाल बताउँछन् ।

२०३९ सालमा जगमोहन शाक्यको अध्यक्षतामा शृङ्गलीला साहित्य सङ्गम र २०४८ सालमा भरतकुमार गुरुङको नेतृत्वमा राष्ट्रिय जनसांस्कृतिक मञ्चले यस जिल्लामा साहित्य र संस्कृतिका क्षेत्रमा ठूलो टेवा पुगेको चर्चा पनि यस लेखमा ढकालले गरेका छन् ।

(ख) पाँचथर

आरम्भमा पाँचथरले भक्तिभाव, सामाजिक नियम, उपदेशजस्ता कविताबाट साहित्य यात्राको प्रारम्भ गऱ्यो । लिम्बू जातिका मुन्धम र भक्तिरसका कविता, गीतिकविता र फाल्गुनन्दका धार्मिक उपदेशात्मक गीतिकाव्यद्वारा पाँचथरले प्रभुत्व जमाउँदै साहित्यको विकास गरेको कुरा ढकाल बताउँछन् । २००७ सालपछि यस जिल्लाका डिल्लीराम तिम्सिना, दुर्गाप्रसाद रिमाल, रामकृष्ण तिम्सिना, खड्गविक्रम नेम्बाङ, अग्निप्रसाद रिजाल, भानुभक्त पोखरेल, उमाकान्त खतिवडा, वैरागी काइला, राजेन्द्र सुवेदी, नोबल किशोर राई, खगेन्द्र सङ्ग्रौला आदि साहित्यकारहरूले स्थान लिएका छन् । यी साहित्यकारहरूले साहित्यमार्फत् सामाजिक, राजनैतिक परिवर्तनको चाहना राखेको कुरा ढकाल लेख्छन् ।

वर्तमान समयमा पाँचथरेली साहित्यको विकास तीव्र रूपमा हुँदैछ । नेपालका राष्ट्रिय साहित्यकारहरूको जन्म पाँचथरमा भएको स्मरण गराउँदै ढकालले यस जिल्लामा जन्मेका र बसोबास अन्यत्र भएका साहित्यकारहरू डिल्लीराम तिम्सिना, अग्निप्रसाद रिजाल, भानुभक्त पोखरेल, उमाकान्त खतिवडा, वैरागी काइला, खगेन्द्र सङ्ग्रौला, राजेन्द्र सुवेदी, कृष्ण धरावासी, चिन्तामणि आदि हुन् भनी बताएका छन् ।

नौलो साहित्यिक बिहानको स्थापनाले २०४६ सालपश्चात् पाँचथरेली साहित्यको विकासमा ठूलो योगदान पुगेको चर्चा पनि ढकाल यस लेखमार्फत् चर्चा गर्दछन् ।

(ग) इलाम

मेची अञ्चलकै साहित्यिक केन्द्रका रूपमा चिनिएको इलाम जिल्लाको साहित्यिक गतिविधिलाई चिनाउने सक्रिय व्यक्तित्वका ढकालले देवी पन्थी र नारायण पोखरेलको नाम लिएका छन् ।

२००७ सालभन्दा पछिबाट नै साहित्यिक योगदान दिन थालेको यस जिल्लाले कवि गोविन्दप्रसाद सिन्हाका कविता र तेजप्रसाद प्रसाईंको कथासङ्ग्रहको चर्चा गर्दै ढकालले पञ्चायतकाल पूर्व उदाएका डा. तारानाथ शर्मा जो महानन्द सापकोटापछिका अग्रणी कलाकार, समालोचक एवम् निबन्धकार हुन् भनी बताएका छन् । यसै सिलसिलामा जयप्रसाद ढकाल, वीरेन्द्र खुँजेली, पासाङ गोपर्मा, खगेन्द्रप्रसाद अधिकारी, देवमणि ढकाल, श्यामप्रसाद श्रेष्ठ, अग्निराज श्रेष्ठ, मायादेवी सुब्बा आदि २००७ सालपछि र पञ्चायतकाल पूर्वका साहित्यकारहरू, कवि तथा समालोचकहरू हुन् भनी ढकाल उल्लेख गर्दछन् ।

पञ्चायत कालदेखिका साहित्यकारहरू कृष्णभूषण बल, सरिता ढकाल, विष्णु नवीन, पुष्पनाथ शर्मा, देवदास राई, रामप्रसाद पोखरेल, रणबहादुर कार्की र गिरीधारी लुइटेल रहेका छन् । यसरी नै उत्तर पञ्चायत कालमा देखिएका साहित्यकारहरू देवी पन्थी, डम्बर पहाडी, कोमल निरौला, कृष्ण रिजा, होम ढकाल, उदय निरौला, देवी गौतम, कुवेर निरौला र नारायण पोखरेल रहेका छन् भनी ढकाल चर्चा गर्दछन् ।

यी साहित्यकारहरूले कविता, कथा, निबन्ध, भाषासाहित्य र आलोचना आदि विधामा महत्त्वपूर्ण योगदान दिएको चर्चा गर्दै ढकालले स्वच्छन्दतावादी धारामा इलाम अगाडि रहेको कुरा बताएका छन् । यसरी नै विभिन्न जातिको बसोबास भएको इलाम जिल्ला सांस्कृतिक विविधताले भरिपूर्ण जिल्ला रहेको चर्चा पनि ढकालले यस लेखमा गरेका छन् ।

(घ) झापा

अन्त्यमा ढकालले झापा जिल्लामा भएको साहित्यिक योगदानको चर्चा गरेका छन् । एकहत्तर वटा पत्रिका, अठारवटा समाचार पत्रको प्रकाशनले सांस्कृतिक र साहित्यिक एवम् पत्रकारिताको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको चर्चा गर्दै ढकालले यस जिल्लामा छपन्न लेखकका एकसय सोह्र कृतिहरू प्रकाशित भइसकेको कुराको जानकारी दिएका छन् ।

उत्तरपञ्चायत कालदेखि साहित्यका क्षेत्रमा अन्य तीन जिल्लाभन्दा अग्रणी स्थानमा रहेको झापा जिल्लाले देशव्यापी नेपाली साहित्य सम्मेलन गराउन सफल भएको थियो भनी ढकाल बताउँछन् । मेची अञ्चलस्तरीय साहित्यिक सम्मेलन (२०२५), दोस्रो मेची अञ्चल स्तरीय सम्मेलन (२०३७) आदिले झापाली साहित्यकारहरूलाई साहित्य रचनामा प्रोत्साहन

गरेको सन्दर्भ कोट्याउँदै ढकालले यस जिल्लामा साहित्यिक आन्दोलन पनि निकै भएको कुराको जानकारी दिएका छन् ।

महानन्द पुरस्कार, झापाको रजत जयन्ती समारोह, बृहत् राष्ट्रिय कथा सम्मेलन, बृहत् राष्ट्रिय साहित्य संगोष्ठीजस्ता संस्थाहरूले पनि साहित्यकारहरूलाई अभिनन्दित गर्नुले पनि झापाको जिल्लाले साहित्यमा महत्त्वपूर्ण योगदान दिलाउन सफल भएको हो भनी ढकाल बताउँछन् । यस जिल्लामा पञ्चायत कालपूर्वदेखि लेख्दै आएका लेखकहरूमा गणेशबहादुर प्रसाईं, स्वयम्भूलाल श्रेष्ठ, एस्. एल्. शर्मा, श्यामकृष्ण उपाध्याय, दान खालिङ, वसन्तकुमार खड्का, भवानी घिमिरे, जयप्रसाद ढकाल, हृषिकेश उपाध्याय, मदनकृष्ण प्रसाईं, शिवप्रसाद दाहाल, प्रचण्डलाल मास्के, गोकुल जोशी आदि रहेका छन् । यी लेखकहरूले आफ्ना लेख-रचनाका माध्यमबाट झापाली साहित्यको इतिहासमा उल्लेखनीय योगदान दिएका छन् । पञ्चायत कालका लेखकहरूमा मोहनराज शर्मा, चूडामणि रेग्मी, रोहिणीविलास लुइटेल, तेजराज खतिवडा, राधिका साया, उमाकान्त खतिवडा, टेकनाथ नेउपाने, यज्ञराज प्रसाईं, सरोज ओली, डिल्लीप्रसाद भट्टराई, कमल जङ्गली आचार्य, कोमलप्रसाद पोखरेल, भवानीशङ्कर रिसाल, केशवराज खनाल, प्रेमदास उप्रेती, धनेन्द्र शर्मा, लीला उदासी, वैरागी काइला (तिलविक्रम नेम्बाङ), नकुल काजी, डिल्लीराम निर्भीक, रामचन्द्र ढुङ्गाना आदि रहेको कुरा ढकाल बताउँछन् । उत्तरपञ्चायत कालदेखि झापामा झन्डै १०० को हाराहारीमा साहित्यकारहरू विविध विधामा रचना गरी झापाली साहित्यलाई अगाडि बढाइरहेको चर्चा ढकालले गरेका छन् ।

यसपछि ढकालले पत्रसाहित्य, संस्मरण, मन्तव्य, चिठीपत्र र सञ्चार जगत् आदिका बारेमा पनि चर्चा गरेका छन् । यसरी यस लेखमा चारै जिल्लाका साहित्यकारहरू र ती साहित्यकारहरूले मेची अञ्चलको साहित्यिक क्षेत्रमा पुऱ्याएको योगदानको आँकलन गर्दै ढकालले मेची अञ्चलले राष्ट्रिय साहित्याकाशमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ भनी भनेका छन् ।

## ५.३.२.१४ 'गोठालेको उपन्यासमा भ्रम'

**आधुनिक नेपाली आलोचना** कृतिको समालोचना खण्डको चौधौँ लेख 'गोठालेको उपन्यासमा भ्रम' शीर्षकमा रहेको छ । यो लेख यस कृतिमा सङ्कलित हुनुपूर्व सिलाङबाट प्रकाशित हुने **सुमन** (वर्ष १, अङ्क १३, २०५३) पत्रिकामा सर्वप्रथम प्रकाशित भएको

देखिन्छ । यस लेखमा समालोचक ढकालले उपन्यासकार गोविन्दबहादुर मल्ल 'गोठाले'को मनोविश्लेषणात्मक उपन्यास **पल्लो घरको झ्याल** कृतिलाई यथार्थवादी दृष्टिले विवेचना गर्ने प्रयास गरेका छन् ।

मनोविश्लेषणात्मक भावधाराअनुसार यस उपन्यासकी नायिकाको जटिल मनोदशाको विश्लेषणमा नै यो उपन्यास केन्द्रित भएको छ । उपन्यासकी नायिका मिसरीको पति हरिभक्तको पुंसकत्वको अभावमा मिसरीको कामेच्छा पूरा नहुनु यस उपन्यासको मूल समस्या हो भनी ढकाल लेख्छन् । उपन्यासको प्रारम्भभाग देखि नै देखिएको मिसरीको मानसिक समस्या उपन्यासको उपसंहार भागमा आइपुग्दा चरमोत्कर्षमा पुगेको देखिन्छ । मिसरीलाई गुन्डा हिरामानले पछ्याएपछि ऊभित्रको मानसिक द्वन्द्व अझ प्रबल हुन जान्छ र ऊ अति नै मानसिक रुग्ण बन्दछे । यथार्थ जगत्मा यस्ता मानसिक रूपमा ग्रस्त चरित्रको कुनै महत्त्व नरहने हुनाले समाजको विकासका लागि उपन्यासका यस्ता पात्रहरू हितकर बन्न सक्दैनन् । त्यसो हुनाले समाजोपयोगिताका आधारमा उक्त उपन्यासका पात्रहरू महत्त्वपूर्ण छैनन् भनी ढकालले विश्लेषण गरेका छन् । विवेच्य लेखमा उक्त उपन्यासकी नायिका अनिर्णयको बन्दी बन्न पुगेकी छे । मिसरीको मानिसक द्वन्द्वलाई आधार बनाएर हेर्ने हो भने उसले कुनै पनि निर्णय गर्न नसक्नुको अवस्थालाई ढकालले भ्रमको संज्ञा दिएका छन् । मिसरीले पतिव्रता धर्म पालन गर्ने कि नगर्ने भन्ने कुनै ठोस निर्णय गर्न सक्दिन र उसको पतिमा पनि पुरुषत्व नभएकाले ऊ जीवनभर द्वन्द्वमा पिल्सिएर बाँच्नु परेको अवस्था छ । त्यसैले यस्ता पात्रको प्रयोगले नै उक्त उपन्यास सफल बन्न नसकेका हो भन्ने ढकालको ठहर छ । ढकालले यस लेखमा उक्त उपन्यासको कथानकलाई विस्तार पूर्वक वर्णन गरेका छन् । जसका कारण लेख केही लामो आयतनमा फैलिएको छ ।

समग्रमा भन्नुपर्दा यस उपन्यासको चर्चापछि ढकालले कृतिमा पात्रको प्रयोग समाजको उपयोगितालाई ध्यानमा राखी गर्नुपर्ने कुरा मुख्य जोड दिएको पाइन्छ ।

### ५.३.३ भाषाशैलीय विन्यास

समालोचक जयप्रसाद ढकालले **आधुनिक नेपाली आलोचना** कृतिमार्फत् साहित्यिसिद्धान्त, विभिन्न साहित्यकारहरूका प्रवृत्ति एवम् कृतिहरूको विववेचना गरेका छन् । यस कृतिको भाषामा सरलता र स्पष्टता भएकाले कठिन एवम् जटिल कुरा बुझ्न गाह्रो पर्दैन । यसमा सिद्धान्त र प्रयोग दुवैलाई एकै ठाउँमा राखिएकाले पाठकलाई जोडेर हेर्दा धेरै

कुरा स्वतः ज्ञान हुन्छ । विश्लेषणात्मक लेखहरूले यो कृति अत्यन्त रोचक र उत्कृष्ट बन्न पुगेको देखिन्छ । विश्वसाहित्यको दृष्टिबाट वर्तमान नेपाली साहित्यका विभिन्न नयाँ प्रवृत्तिलाई ध्यानमा राखी ती प्रवृत्तिको स्पष्ट गरिएको छ । जयप्रसाद ढकालको यो कृति आधुनिक नेपाली समालोचनाका क्षेत्रमा नौलो, सार्थक, गहन र दूरगामी प्रभाव जमाउने रचना हो । उनको अथक प्रयास, परिश्रम, बौद्धिकचेतना र विश्लेषणात्मक क्षमता एवम् मूल्याङ्कन योग्यता यस कृतिमा राम्ररी प्रतिविम्बित भएको छ । कृतिमा प्रयुक्त भाषा विश्लेषणात्मक रहेको छ । हरेक लेखहरूमा उदाहरण पेस गर्दै ती कृतिमा भएका यथावत् पक्षहरूलाई उनले केलाएका छन् । केही समालोचनात्मक लेखहरूमा निजात्मक शैली पनि अभिव्यक्ति भएको छ । एकाध लेखहरूबाहेक अन्य लेखहरू मध्यम प्रकृतिका छन् ।

समग्रमा कृतिको भाषा सरल रहेको छ । प्रभाववादी समालोचकको दृष्टिबाट विश्लेषण गरिएको प्रस्तुत कृतिमा केही सैद्धान्तिक मान्यताहरूको पनि चर्चा गरेर सैद्धान्तिक समालोचकका रूपमा आफूलाई उभ्याउने कोशिस ढकालले गरेका छन् ।

## ५.४ 'आधुनिक नेपाली पत्रजगत्' कृतिको विश्लेषण

### ५.४.१ कृति परिचय

**'आधुनिक नेपाली पत्रजगत्'** कृति सर्वप्रथम २०५९ मा जयप्रसाद ढकालकी श्रीमती जया ढकाल 'चुनु' द्वारा प्रकाशित भएको हो । यो कृतिको आवरण पृष्ठमा पहेँलो रङमा रातो रङका अक्षरद्वारा सिरानमा 'आधुनिक नेपाली पत्रजगत्' बीचमा समीक्षा र पुछारमा जयप्रसाद ढकाल लेखिएको छ भने आधाजति पृष्ठमा अमूर्त चित्र पनि कोरिएको छ । त्यसपछिको एक पाना खाली छ । अर्कोमा पानामा कृतिको नाम दिइएको छ । त्यसपछि अर्को पानामा कृतिको नाम, लेखक र प्रकाशिकाको नाम दिइएको छ भने त्यसको अर्कापट्टि सर्वाधिकार, संस्करण, मुद्रण आदिको विवरण दिइएको छ । अर्को पानामा माता र पिताको स्मृतिमा यो पुस्तक लेखिएको कुरा जनाइएको छ । त्यसपछि 'मेरो शुभकामना' शीर्षकको ४ पृष्ठको मदनमणि दीक्षितको लेख रहेको छ । यस लेखपश्चात् 'प्राक्कथन' शीर्षकको २ पृष्ठको लेखकको भनाइ रहेको छ भने त्यसपछि विषयक्रम र विषयवस्तु रहेको छ । डिमाइ आकारको उक्त कृति जम्मा ७९ पृष्ठमा संरचित रहेको छ भने यसको मूल्य रु. ५५ रहेको छ । अन्तिम आवरण पृष्ठमा लेखकको व्यक्तिगत विवरण प्रस्तुत गरिएको छ ।

## ५.४.२ विषयवस्तु

यस कृति पाँच खण्डमा विभाजित रहेको छ । सर्वप्रथम 'आधुनिक नेपाली पत्रजगत्' शीर्षकको लेख रहेको छ भने अन्य लेखहरू क्रमशः 'मेची अञ्चल : सङ्क्षिप्त परिचय र पत्रकारिता', 'नयाँ कामना : विहङ्गम दृष्टि', 'परिशिष्ट' र 'पत्रकारिता प्रसङ्ग' रहेका छन् । परिशिष्ट खण्डअन्तर्गत पनि पाँच वटा उपशीर्षकहरूमा समालोचक ढकालले गोर्खेखबर कागत, क्षेत्रफल र जनसङ्ख्या, जिल्ला र सदरमुकाम, टेलिफोन लाइन र नेपाली पत्रपत्रिकाको सर्वेक्षण आदि कुराहरूको जानकारी दिइएको छ । यहाँ पुस्तकमा दिइएको विवरणकै आधारमा यस कृतिमा प्रयुक्त विषयवस्तुलाई दर्साइएको छ :

## ५.२.२.१ 'आधुनिक नेपाली पत्रजगत्'

यस लेखमा ढकालले पत्रजगत्को सामान्य परिचय दिँदै नेपाली पत्रकारितको विकासक्रमबारे चर्चा गरेका छन् । १०० वर्षको सुदीर्घ नेपाली पत्रजगत्को इतिहास रहेको र यस पत्रजगत्को आधारभूमि नेपालको राजनैतिक एवम् सामाजिक रहेको कुरा बताउँदै ढकालले नेपाली पत्रजगत्लाई चार चरणमा विभाजन गरी प्रस्तुत गरेका छन् ।

नेपाली पत्रकारिताको आरम्भ मोतीराम भट्टले 'गोरखा भारत जीवन' नामक प्रथम नेपाली पत्र (समाचार पत्र) प्रकाशित गरेर भएको हो भन्ने केही लेखकहरूको भनाइ रहे तापनि यसलाई पुष्टि गर्ने प्रमाण नपाइएको कुरा ढकाल बताउँछन् । बालचन्द्र शर्माले आफ्नो कृति **नेपाली साहित्यको इतिहास**मा यो कुरा उल्लेख गरेका छन् भनी ढकाल उल्लेख गर्दछन् । यसै पृष्ठभूमिमा १९५८ मा प्रकाशित **गोरखापत्र**बाट पत्रकारिता जगत्को प्रारम्भ भएको हो भन्ने ढकालको ठहर रहेको छ । यहाँदेखि प्रारम्भ भएको पत्रजगत्को विकासक्रमको कालविभाजनमा मतैक्य नदेखिएको चर्चा गर्दै ढकालले निम्न चार चरणमा पत्रजगत्लाई विभाजन गरी अध्ययन गरेका छन् :

**(क) प्रथम चरण**

ढकालले राणाकालीन नेपाली पत्रकारितालाई प्रथम चरण मानेका छन् । यस चरणको समयावधि १९५८ देखि २००७ सालसम्म रहेको छ । नेपाली पत्रजगत्को आरम्भ **गोरखापत्र** (१९५८) साप्ताहिक हो भने यो पत्रिका वर्तमान समयसम्म जीवित छ । यसपछि १९९१ मा साहित्यिक मासिक पत्रिकाका रूपमा प्रकाशित **शारदा**ले विभिन्न राष्ट्रिय विभूतिका लेखहरू प्रकाशित गरेर ठूलो योगदान कमाएको थियो । यसै चरणमा २००४ सालमा **साहित्यस्रोत**, **घरेलु इलम** र **काठमाडौं म्युनिसिपल**जस्ता पत्रिकाहरू प्रकाशन भए

तापनि यी पत्रिकाले तत्कालीन परिवेशमा काठमाडौँबाहिर खुट्टा हाल्न नभ्याएको कुरा ढकाल बताउँछन् । २००४- ०५ मा बनारस, कलकत्तादेखि छापिएर आएका **युगवाणी, नेपाल पुकार**जस्ता पत्रिकाले पनि नेपाली जनतालाई सचेतता प्रदान गरेको कुरा ढकाल बताउँछन् । यसरी यस कालमा देशमा राजनैतिक-सामाजिक परिवेश सहज नभए तापनि केही पत्रपत्रिकाको प्रकाशन भने भएको पाइन्छ ।

**(ख) दोस्रो चरण**

समालोचक ढकालले २००७ सालको क्रान्तिदेखि २०१७ सालसम्मको पत्रकारितालाई दोस्रो चरण मानेका छन् । देशको राजनैतिक अवस्था, एकतन्त्रीय शासनबाट प्रजातन्त्रिक कालमा देश प्रवेश गरेकाले यस कालमा पत्रपत्रिकाहरू पनि स्वतन्त्रतापूर्वक प्रकाशन हुन थाले र पत्रकारिताको विकासमा तीव्र गति हुन थाल्यो । यस कालमा युगकवि सिद्धिचरणका सम्पादकत्वमा प्रकाशित **दैनिक आवाज** (२००८), हृदयचन्द्र सिंहको सम्पादकत्वमा **साप्ताहिक जागरण** (२००७), पशुपति पाण्डेको सम्पादकत्वमा **समाज** (२०११), मदनमणि दीक्षितको सम्पादकत्वमा **हालखबर** (२०१३) पत्रिकाहरू प्रकाशित भए र देशको राजनैतिक परिस्थितिको विश्लेषण गरेका थिए भनी ढकाल बताउँछन् ।

यस कालका प्रमुख पत्रकारहरू स्व. गोपालदास श्रेष्ठ, मणिराज उपाध्याय र मदनमणि दीक्षित रहेको चर्चा गर्दै ढकालले यी पत्रकारहरूले नेपाली पत्रजगत्मा कर्म, त्याग र परिश्रममार्फत् पुऱ्याएको योगदान महत्त्वपूर्ण रहेको थियो भनी चर्चा गरेका छन् । यस कालमै विभिन्न पार्टीहरूले आफ्नो पार्टीको मुखपत्रस्वरूप पत्रिका प्रकाशित गरेको चर्चा पनि ढकाल गर्दछन् । २०१३-१४ सालमा नेपाल कम्युनिस्ट पार्टीको मुखपत्र साप्ताहिक **नवयुग** प्रकाशि भएको थियो भने नेपाली काङ्ग्रेसको मुखपत्रका रूपमा **नेपाल पुकार** साप्ताहिक प्रकाशित भएको थियो भनी ढकाल बताउँछन् । यस कालमा विभिन्न भाषामा पत्रपत्रिका प्रकाशित भएका र ती पत्रिकाहरूले राष्ट्रिय पत्रजगत्को विकासमा महत्त्वपूर्ण योगदान पुगेको कुरा पनि ढकालले यस लेखमा बताएका छन् ।

**(ग) तेस्रो चरण**

समालोचक ढकालले पञ्चायतकालीन नेपाली पत्रकारिता अर्थात् महेन्द्र युगलाई पत्रकारिताको तेस्रो चरण मानेका छन् । प्रजातान्त्रिक काल निर्दलीय प्रजातन्त्र कालमा परिवर्तन हुँदा पत्रकारिता क्षेत्र पनि प्रभावित हुन पुग्यो । यस बेलाका पत्रपत्रिकाहरूले एकदलीय व्यवस्थाको प्रयोजनको प्रचारप्रसार गरे साथै पञ्चायत विरोधी पार्टीहरूले पनि

पत्रपत्रिकाकै माध्यमबाट आफ्नो विरोध जनारहे । पत्रिकाकै माध्यमबाट पञ्चायत समर्थक र विपक्षीहरूको प्रतिस्पर्धा चल्दै रह्यो । पञ्चायत विरोधी तत्त्वहरू हाबी हुँदै ठूलो सङ्घर्ष भएपछि २०४६ सालमा बहुलवादको स्थापना भयो र यो स्थापना गर्न पत्रपत्रिकाले ठूलो योगदान दिएको थियो भनी ढकाल बताउँछन् ।

पञ्चायत कालदेखि चर्चामा आएका पत्रकारहरू बालमुकुन्ददेव पाण्डे, गोकुलप्रसाद पोखरेल र होमनाथ दाहाल यस कालका चर्चित पत्रकारहरू हुन् । यसरी नै यस कालमा देखापरेका चर्चित पत्रकारहरूमा जनार्दन आचार्य, पदम ठकुराठी, किशोर नेपाल, प्रेम कैदी हुन् । यस अभियानमा देखापरेका सम्पूर्ण पत्रकारहरूको नामोल्लेख गर्न यहाँ असम्भव भएको बताउँदै ढकालले यस चरणमा पत्रकारिताले केवल पुरानै बाटो हिँडिरह्यो भनी बताएका छन् ।

**(घ) चौथो चरण**

ढकालले २०४७ साल पश्चात् वर्तमानसम्मको समयलाई चौथो चरण भनी विभाजन गरेका छन् । २०४६ सालको परिवर्तनले देशमा साथै पत्रकारिताका क्षत्रेमा क्रान्तिकारी परिवर्तन ल्यायो र रोकटोक विना सञ्चार माध्यम अगाडि बढ्न थाले । यसरी खुसी हुँदै आएका पत्रकारहरू वर्तमानमा भने खुसी देखिएका छैनन् भनी ढकाल बताउँछन्। २०६३ सालको जनआन्दोलनले ल्याएको हर्षसँग सुन्दर नेपालको भविष्यको रेखा कोरेका पत्रकारहरूमाथिको मानसिकतामा आज सरकारले कुठारापात गरिरहेको छ । राष्ट्रिय नेतृत्वको अभावमा वर्तमानमा पत्रजगत् पनि सहाराविहीन भएको छ भनी ढकालले विवेचना गरेका छन् ।

जे होस् यस चरणमा पत्रजगत्ले स्वतन्त्रता प्राप्त गऱ्यो । छापाखानासम्बन्धी ऐन बने । यस चरणमा अनेकानेक पत्रपत्रिका प्रकाशित भए । सरकारी तबरबाटभन्दा गैर सरकारी तबरबाट पत्रपत्रिकाको विकास तीव्र, समृद्ध रूपमा अगाडि बढ्न सफल भएको छ । नेपालमा राष्ट्रियदेखि विभिन्न जिल्लामा गैरसरकारी संस्थाबाट प्रकाशित पत्रपत्रिकाको स्थान उच्च रहेको कुरा ढकाल बताउँछन् । यसरी नै विभिन्न सरकारी र गैर सरकारी संस्थाहरूले पनि यस चरणमा पत्रकारितालाई समृद्ध बनाउन महत्त्वपूर्ण योगदान दिएका छन् भनी ढकाल बताउँछन् ।

यसरी १०० वर्षभन्दा धेरै लामो इतिहास पारगरिसकेको पत्रकारिता जगत्ले आजसम्म आइपुग्दा आफ्नो स्वरूप प्राप्त गरेर पनि सोचेजति विकास हुन नसकेको कुरा औँल्याउँदै ढकालले यस लेखलाई अन्त्य गरेका छन् ।

## ५.२.२.२ 'मेची अञ्चल : सङ्क्षिप्त परिचय र पत्रकारिता'

**आधुनिक नेपाली पत्रजगत्**को दोस्रो लेख 'मेची अञ्चल : सङ्क्षिप्त परिचय र पत्रकारिता' शीर्षकमा रहेको छ । यस लेखमा ढकालले मेची अञ्चलमा भएका पत्रकारितासम्बन्धी गतिविधिहरूमाथि प्रकाश पार्ने काम गरेका छन् ।

सर्वप्रथम मेची अञ्चलको क्षेत्रफल र जनगणना प्रस्तुत गरेका ढकालले सबैभन्दा धेरै जनसङ्ख्या झापामा रहेको तथ्य बताएका छन । यसरी नै अन्य जिल्लामध्ये शिक्षा, पत्रकारिता, यातायात र विकासका क्षेत्रमा झापामा नै अगाडि रहेको छ भनी ढकालले बताएका छन् । मेची अञ्चलमा २००९ सालमा भाषा प्रचारक सङ्घको स्थापना भएको र यस सङ्घले साहित्यका विधाको प्रचारप्रसार गरेको कुरा बताएका छन् । २०१०-२०११ मा यस संस्थाका सदस्य नरेन्द्रनाथ बास्तोला र अन्य सदस्यहरूले प्रेस ल्याएर **हाम्रो नेपाल** नामक पत्रिका प्रकाशन गरेको स्मरण गराउँदै पछि यो प्रेस लिलाममा बिक्री भएपति मेची अञ्चालनमा प्रकाशन क्षेत्रमा दुःखान्त छाएको कुरा ढकाल बताउँछन् । यसपछि समालोचक ढकालले चारैवटा जिल्लाले पत्रकारिता क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा निम्नानुसार गरेका छन् :

### (क) ताप्लेजुङ : पत्रकारिता

अविकसित हिमाली क्षेत्र ताप्लेजुङ तीनदशक अघिदेखि मात्र पत्रकारिताका क्षेत्रमा पाइला टेक्दै आएको छ । विभिन्न अत्यावश्यक वस्तुहरूको अभाव भएको यो जिल्ला पत्रकारिताका क्षेत्रमा आजसम्म पनि दुर्बल नै छ । अहिलेसम्म यो जिल्लाले पत्रकारिताको आधारभूमि तयार पार्न सकेको छैन भनी ढकाल बताउँछन् ।

२०४६ पछि मात्र छापाखाना ल्याएर **मदन, कञ्चनजङ्घा, आगमन**जस्ता पत्रिकाहरू प्रकाशित गरेर जिल्लाको राजनैतिक, सामाजिक परिवर्तनको चाहना राखेको पाइन्छ । यस जिल्लामा वर्तमानमा सक्रिय पत्रकारहरू विमान लमजेल, जगमोहन शाक्य र मोहनचन्द्र दाहालको नाम अगाडि आउँछ । सोचेजति विकास हुन नसकेको ताप्लेजुङको पत्रकारिताले

जेजति भए पनि राष्ट्रिय पत्रजगत्लाई पुऱ्याएको योगदान अविस्मरणीय छ भनी ढकाल बताउँछन् ।

**(ख) पाँचथर : नेपाली पत्रकारिता**

यो जिल्ला पनि शिक्षक छापाखाना आदिको अभावमा पत्रकारिताको विकास पनि उत्कृष्ट रूपमा भएको पाइँदैन । विभिन्न असुविधाका कारण यहाँका पत्रकारहरू तराइ एवम् काठमाडौँतिर गएकाले यो जिल्ला पत्रकारिताका क्षेत्रमा पछि परेको हो । २०४२ सालमा श्यामप्रसाद पराजुलीले पाँचथरमा प्रेस स्थापना गर्न सफल भएपश्चात् २०४६ सालबाट मात्रै यस जिल्लामा पत्रपत्रिकाको प्रकाशन प्रारम्भ भयो भनी ढकाल बताउँछन् ।

एकदशक पूर्वदेखि यस जिल्लामा **नागबेली**, **जनचेतना**, **चिन्तन**, **परिवर्तन, नवप्रवाह** आदि जस्ता पत्रिकाहरू प्रकाशित भए पनि यी पत्रिकाको अस्तित्व वर्तमानमा देखिँदैन । २०५७ देखि **रवि** साप्ताहिकका रूपमा आजसम्म प्रकाशित भइरहेको छ । यस जिल्लामा देखिएका सक्रिय पत्रकारहरू श्यामविक्रम पराजुली, प्रेम ओझा, हाङ ओझा जवेगु चर्चित छन् । चन्द्र पोखेल, अजय बाँस्कोटा, चित्रेश्वर खनाल, शुभराज थापा, चित्र कुइँकेल, लक्ष्मीप्रसाद खनाल, कृष्ण ओझा, कुमार ओझा, भवानी तावा र नवराज भट्टराई पनि चर्चित पत्रकारहरू हुन् भनी ढकाल बताउँछन् ।

पाँचथरेली युवा पत्रकारहरूले स्थानीयदेखि राष्ट्रिय पत्रजगत्मा पुऱ्याएको योगदान महत्त्वपूर्ण रहेको छ भन्दै ढकालले यस्तो पिछडिएको जिल्लालाई सरकारी तबरबाट ध्यान पुऱ्याउनुपर्छ भन्ने दृष्टिकोण व्यक्त गरेका छन् ।

**(ग) इलाम : महत्त्व र नेपाली पत्रकारिताको उद्भव विकास**

मेची अञ्चलको पत्रकारिताको उद्भव र विकास यसै जिल्लाबाट भएको हो भन्दै ढकालले यो जिल्ला अगाडि हुनुको कारण यसको सीमा दार्जिलिङसँग जोडिएकाले गर्दा हो भनी ढकाल बताउँछन् । दार्जिलिङको नजिक भएकाले राणाकालीन समयमा पनि भारतका विभिन्न पत्रपत्रिकाको आधुनिकतासित परिचित भएको थिए । त्यसैले एकतन्त्रीय शासनको अन्त्य गराउन यस जिल्लाका पत्रकारहरूको भूमिका महत्त्वपूर्ण रहेको चर्चा ढकाल गर्दछन् ।

प्रारम्भमा हस्तलिखित पत्रकारिताबाट आरम्भ भएको इलाम जिल्लाको पत्रजगत्ले २००७ सालपछि विकसित हुने अवसर पायो । **घाँसी** २००९), **आँसु** (२०१०), **ज्ञान रश्मि** (

२०१२) र **सुन्तलाबारी** (२०१४), **पालुवा, कदम, शिक्षापथ, ढाक्रे** (२०१७), **चेतना** (२०१८) जस्ता हस्तलिखित पत्रिकाहरू प्रकाशित भएका थिए भनी ढकाल बताउँछन् । २०१० सालमा नेपाली भाषा प्रचारक सङ्घ करफोकले झापाको भद्रपुरमा प्रेस ल्याई सङ्घकै नेतृत्वमा **हाम्रो नेपाली** पत्रिका प्रकाशित गरी प्रकाशनको बाटो पनि इलामले खोल्न सफल भएको थियो । २०१८ सालभन्दापछि मात्र इलाम जिल्लामै प्रेस आएर थरीथरीका पत्रपत्रिकाहरू छापिई इलामले पत्रपत्रिकाको प्रकाशन कार्यमा अगि बढ्ने सुअवसर प्राप्त गर्छ । **घाँसी** (हस्तलिखित) पत्रिकाले पछि मुद्रित भएर इलामको पहिलो पत्रिका हुने अवसर पायो । २०१५-१६ मा **कोपिला** (वार्षिक), **मेची** (२०२२), **सौगात** (२०२२) जस्ता पत्रिकाले पनि यस जिल्लाको पत्रकारिता जगत्मा ठूलो योगदान दिएको चर्चा ढकालले गरेका छन् । **सौगात** पत्रिका हालसम्म पनि प्रकाशित हुँदै आएको कुरा पनि उनले बताएका छन् ।

२०२४ मा खड्गप्रसाद वैद्यले इलाममा प्रेस ल्याए र पत्रकारिताको विकासमा ठूलो योगदान पुग्यो । यस जिल्लाबाट समयक्रममा प्रकाशित भई बन्द भएका पत्रिकाहरू **मेची प्रवाह**, **तरुण आवाज**, **इलाम सन्देश**, **प्रतिज्ञा**, **इलाम प्रकार**, **कोपिला**, **चारखोल** र **आस्था** हुन् । यस जिल्लाका परिचित पत्रकारहरू स्व. मदनकृष्ण प्रसाईं, स्व. माधव भट्टराई, विष्णु नवीन, स्व. रूप प्रधान, भक्त देवान, माधव भण्डारी, देवदास राई, लोकबहादुर कार्की, विमल वैद्य, कुवेर निरौला, निर्मल प्रधान, धिरेन चेम्जोङ, विजयशेखर भट्टराई, सोमनाथ सुसेली, प्रभाकर प्रधान आदि हुन् भनी ढकाल चर्चा गर्दछन् ।

वर्तमान समयमा पनि इलामबाट विभिन्न पत्रपत्रिका प्रकाशित भइरहेका छन् । यी पत्रिकाहरूले इलामको सामाजिक, राजनैतिक, आर्थिक, भौगोलिक आदि क्षेत्रको परिवर्तनका लागि महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको कुरालाई बिर्सन सकिँदैन भनी ढकाल विवेचना गर्दछन् । यस जिल्लामा जन्मिएर नेपाली राष्ट्रिय पत्रकारिता जगत्सम्म कार्य गरिरहेका पत्रकारहरूले यस जिल्लाको समग्र विकासमा पुऱ्याएको योगदानको पनि ढकालले चर्चा गरेका छन् । यसैगरी इलाम क्याम्पसले पनि पत्रकारिताको अध्ययन प्रारम्भ गराएकाले भविष्यमा इलामको पत्रकारिता जगत्को भविष्य उज्वल रहेको छ भनी ढकाल बताउँछन् ।

### (घ) २००७ साल पूर्व झापा, नेपाली पत्रकारिता

वर्तमानमा शिक्षा, यातायात, आर्थिक क्षेत्रमा फड्को मारिसकेको झापाले पत्रकारिता जगत्मा पनि आफूलाई अन्य जिल्लाभन्दा धेरै अगाडि तुल्याउन सफल भएको छ । राष्ट्रका प्रख्यात पत्रिकाहरूमा यहाँका पत्रकारहरू सामेल भई नेपाली पत्रजगत्को योगदानमा यस जिल्लाले देखाएको सक्रियता र योगदान महत्त्वपूर्ण रहेको छ भनी ढकाल बताउँछन् ।

झापाबाट २००७ सालदेखि यता ६५-६६ वटा पत्रिकाहरू सरकारी दर्ता गरी प्रकाशित भए तापनि वर्तमानमा ९ वटा पत्रिकाहरू मात्र अस्तित्वमा रहेका छन् भनी ढकालले लेखेका छन् ।

२००७ सालदेखि २०१७ सालसम्म पत्रकारिताका क्षेत्रमा धेरै प्रगति गर्न नसकेको झापाले २०२० सालदेखि भने उल्लेखनीय कार्य गरेको छ भनी ढकाल बताउँछन् । २००७ सालपूर्व अन्धकारमय भएको झापामा २०१० सालमा स्वयम्भूलाल श्रेष्ठको सम्पादनमा **केटो** साहित्यिक पत्रिका जन्मिएको र यो नै झापाली पत्रकारिताका क्षेत्रमा दियोका रूपमा स्थापित भएका थियो । त्यसपछि **युवक** (२०१०), **भानु** (२०२२), **मेची सन्देश** (२०२३), **पञ्चामृत** (२०२५), **सूर्योदय** (२०२५), **साँचो** (२०२५), **सिद्धार्थ** (२०२९), **विवेचना** (२०२९), **जनध्वनि** (२०२९), **सुश्रुषा** (२०३५), **ध्वनि** (२०३६), **विश्वदीप** (२०३६), **हिजोआज** (२०३९) जस्ता पत्रिकाहरू प्रारम्भमा साप्ताहिक र पछि केही अर्ध साप्ताहिक, दैनिक रूपमा प्रकाशित भई झापाली पत्रकारिता जगत्लाई अगाडि बढाउँदै लगे र यी पत्रिकाले स्थानीय तह हुँदै राष्ट्रिय पत्रकारिताका क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गरेर साध्य छैन भनी ढकाल उल्लेख गर्दछन् । यसरी नै २०४७ सालभन्दा पछि त झापाली पत्रकारिताका क्षेत्रमा पत्रकार र पत्रिकाहरूको एक प्रकारको बाढी नै आएको स्विकार्दै ढकालले अन्य जिल्लाका तुलनामा यो जिल्ला हरेक क्षेत्रमा अगाडि भएजस्तै पत्रिकारिताका क्षेत्रमा पनि धेरै अगाडि रहेको कुरा बताएका छन् । यसरी नै वर्तमान अवस्थामा यस जिल्लाका पत्रकारहरूले राष्ट्रिय पत्रकारिता क्षेत्रसँग सम्पर्क गरी यहाँका खबरहरू राष्ट्रिय पत्रिकामा प्रकाशित गर्न तल्लीन छन् भनी ढकालले बताएका छन् ।

आधाशताब्दीभित्र वर्तमान झापाको नेपाली पत्रकारिता आफ्नो सबल इतिहास बोकेर अगाडि बढ्न सफल भएको छ । अनेकौँ पत्रकारिता र पत्रकारहरूले आधुनिक सामग्रीहरू उपयोगमा ल्याई पत्रकारिताका क्षेत्रमा सचेतता प्रदान गरिहेका छन् । यसरी नै झापाली पत्रकारिताको विकास भइरहने हो भने झापाले राष्ट्रिय पत्रजगत्मा ठूलो स्थान सुरक्षित राख्ने छ भनी ढकालले बताएका छन् ।

## ५.२.२.३ 'नयाँ कामना : विहङ्गम दृष्टि'

**आधुनिक नेपाली पत्रजगत्**को तेस्रो लेख 'नयाँ कामना : विहङ्गम दृष्टि' रहेको छ । यस लेखमा ढकालले गोपीकृष्ण खनालको सम्पादकत्वमा प्रकाशित **नयाँ कामना** पत्रिकाको चर्चा गरेका छन् ।

गोपीकृष्ण खनालको सम्पादकत्वमा **नयाँ कामना** पत्रिका २०४७ साल भदौ १८ गतेबाट आजसम्म निरन्तर रूपमा प्रकाशित भइरहेको पत्रिका हो । यस पत्रिकाको प्रथम अङ्कमा कविद्वय लक्ष्मीप्रसाद आचार्य र डिल्लीप्रसाद भट्टराईको 'शुभकामना' शीर्षकका कविताले चर्चित बनेको यो समसामयिक विषयमा केन्द्रित पत्रिको हो भनी ढकाल बताउँछन् । यस पत्रिकाको सम्पादकीयले नेपाली राजनैतिक क्षेत्रमा देखिएका जल्दाबल्दा विषयलाई उठाउँदै आएको कुरा पनि ढकाल उल्लेख गर्दछन् । यसका साथै यस पत्रिकाले सामाजिक, आर्थिक, साहित्यिक आदि विषयहरूलाई स्थान दिँदै समाजलाई रूपान्तरण गर्न ठूलो योगदान पुऱ्याएको छ भन्ने टिप्पणी ढकालको रहेको छ ।

नेपाली साहित्यको प्रगतिलाई ध्यानमा राख्दै यस पत्रिकाले गद्य, पद्य विधाका रचनाहरू प्रकाशित गरी लेखकहरूलाई साहित्यतिर लाग्न प्रोत्साहित गर्न कार्य पनि गरेको छ । यसका साथै ऐतिहासिक लेखहरू प्रकाशित गरी अनुसन्धाताहरूलाई पनि सहयोग पुऱ्याएको छ भनी ढकाल बताउँछन् । यसै गरी विभिन्न जातिका संस्कृति, भाषा आदिलाई समावेश गरी यस पत्रिकाले सर्वाङ्गीण क्षेत्रमा पुऱ्याएको योगदान अविस्मरणीय र महत्त्वपूर्ण रहेको छ । विभिन्न समालोचकहरूले भाषासाहित्यको विश्लेषण गरी लेखिएका लेखहरूलाई समावेश गरी वर्तमानमा यो पत्रिका धेरै जनप्रिय बन्दै गइरहेको छ । नेपाली लेखक, कविहरूका लेखरचना मात्र होइन, विदेशी प्रवासी लेखकहरूका लेखरचनाहरूलाई पनि समाहित गर्दै अगाडि बढिरहेको यो पत्रिकाको भविष्य दिनानुदिन उज्ज्वल बन्दै गइरहेको कुरा पनि ढकालले दर्साएका छन् ।

कामनाले उपर्युक्त विषयबाहेक खेललाई पर्नि समावेश गरेको छ । यसरी चौतर्फी क्षेत्र र विषयको समावेशले झापाली पत्रकारिताजगत्मा आफ्नो उच्च श्रेय प्राप्त गर्दै आइरहेको यो पत्रिकालाई यहाँ ल्याई पुऱ्याउने सम्पादक पनि प्रकाशनका क्षेत्रमा सफल भएका छन् भनी ढकालले यस लखेमार्फत बताएका छन् ।

यी माथिका लेखहरूपश्चात् यस कृतिमा परिशिष्ट भाग राखिएको छ । परिशिष्ट भागको प्रथम खण्डमा सम्पूर्ण जिल्लाको जनसङ्ख्यालाई ढकालले प्रस्तुत गरेका छन् । त्यसपछि जिल्ला र सदरमुकामको नाम दिइएको छ । सदरमुकामपछि टेलिफोनको लाइनको विवरण दिइएको छ भने त्यसपछि नेपालमा २०५७/०५८ देखि देशभर दर्ता भएका पत्रिकाहरू ३०३१ हुन् भनी सूचना प्रदान गरिएको छ । अन्त्यमा पत्रकारिता प्रसङ्गमार्फत

सुरन्द्र के. सी.को लेख रहेको छ । यस लेखमा ढकालले पत्रकारिताका क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गरिएको छ ।

## ५.२..३ भाषाशैलीय विन्यास

**आधुनिक नेपाली पत्रजगत्** नामक समालोनात्मक कृतिमा जयप्रसाद ढकालले पत्रकारिताको विकासक्रम र मेची अञ्चलको पत्रकारिताको विस्तारका साथ वर्णन गरेका छन् । पत्रकारितासम्बन्धी विभिन्न सूचनाहरू दिइएको यस कृतिको भाषा सरल र सहज रहेको छ । नेपाली भाषामा चलनचल्तीमा रहेका तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरेर लेखिएको यस कृतिमा पत्रपत्रिकाको नाम र तिथिमितिसमेत उल्लेख गरेकाले लेखहरू प्रामाणिक रहेका छन् । केही पत्रिकाको पनि विश्लेषण गरिएको यो कृति भाषाशैलीय विन्यासका दृष्टिकोणले हेर्दा प्रस्तुत कृति बोधगभ्य रहेको छ । पत्रकारिताको विकास र विकाक्रम एवम् मेची अञ्चलको सम्पूर्ण पत्रिकारिताको रेखाङ्कन गर्दा ढकालले जटिल विषयलाई पनि सरल एवम् सुस्पष्ट भाषामा प्रस्तुत गरेकाले विषयलाई बुझ्न पाठकलाई गारो पर्दैन । निष्कर्षमा भन्नुपर्दा केही वस्तुवादी, केही प्रभाववादी शैलीमा उनका यी समालोचनात्मक लेखहरू रचित छन् ।

# छैटौ" परिच्छेद

## उपसंहार तथा निष्कर्ष

**पहिलो परिच्छेद**अन्तर्गत यस शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा शोधशीर्षक, शोधप्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखासम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ ।

**दोस्रो परिच्छेद**अन्तर्गत जयप्रसाद ढकालको सङ्क्षिप्त परिचयप्रस्तुत गरिएको छ । जयप्रसाद ढकालको जन्म वि. सं. १९९० असोज १४ गते मेची अञ्चलको इलाम जिल्लाअन्तर्गत नाम्सालिङ गा. वि. सं. वार्ड नं. ५ मा भएको हो । बाबु अविनारायण ढकाल र आमा आमा मदनकुमारीका दुई भाइ छोराहरूमध्ये यिनी जेठा छोरा हुन् । यिनको बाल्यकाल जन्मस्थान नाम्सालिङकै विभिन्न स्थानहरूको वातावरणसँग खेल्दै बितेको देखिन्छ । जयप्रसाद ढकालले अक्षरारम्भदेखि सामान्य लेखपढ गर्न आफ्ना दाजुदिदीहरूबाट सिकेका थिए । घरायसी वातारणमै अक्षर चिनेका ढकालले भारतको दार्जिलिङस्थित गभर्नमेन्ट हाइस्कुलबाट औपचारिक अध्ययन सुरु गरेका थिए । केही समय अध्ययन गरेपछि इलाम फर्केका ढकालले इलामको सदरमुकामम खुलेको इलाम जिल्लाकै पहिलो माध्यमिक विद्यालय पद्मोदय हाइस्कुल वा हालको आदर्श मा. वि. अध्ययन गरेको पाइन्छ । केही समयपछि पुनः दार्जिलिङ फर्किएका ढकालले अघिकै हाइस्कुलमा माध्यमिक तहको पढाइलाई अगाडि बढाएका थिए तर माध्यमिक तह (म्याट्रिक कुलेसन एड्मिसन) को परीक्षा भने बनारसको बनारस हिन्दू विश्वविद्यालयबाट उत्तीर्ण गरेको पाइन्छ । बनारसकै सेन्ट्रल हिन्दू कलेजबाट उच्चशिक्षा अध्ययन गर्न प्रारम्भ गरे तापनि बीचमै छोडी काठमाडौँ आएर नेसनल कलेजबाट आई. ए. र बी. ए. तह उत्तीर्ण गरेको पाइन्छ । तत्पश्चात् त्रिभुवन विश्वविद्यालयमा राजनीतिशास्त्रको स्नातकोत्तर तहको पढाइ सुरु गरे तापनि दोस्रो वर्ष पूरा नहुँदै विभिन्न व्यावहारिक समस्याले बीचमै छोडेको देखिन्छ ।

शिक्षित कुलमा जन्म भएका जयप्रसाद ढकालको पारिवारिक आर्थिकअवस्था सुदृढ नै रहेको देखिन्छ । बाबु लप्टन भएका कारणले पैतृक सम्पत्ति प्रशस्त भएको देखिन्छ । १४

वर्षको किशोर अवस्थामा पहिलो विवाह देवकुमारी वास्तोलासँग र दोस्रो विवाह २०१८ सालमा जया जोशीसँग भएको देखिन्छ । वर्तमान समयमा उद्योग, व्यापार-व्यवसायमा लागेका ढकाल झापाको शनिश्चरेमा स्थायी बसोबास गरी बसेका छन् ।

अत्यन्त सरल र मिजासिलो स्वभावका जयप्रसाद ढकाल त्यत्तिकै इमान्दार, सहयोगी र मिलनसार पनि छन् । सामान्य खाना, साधारण पहिरनमै सन्तुष्ट हुने यिनी साहित्यसिर्जना र वैचारिक अध्ययनमा रुचि राख्दछन् । ढकाल कार्यक्षेत्रका दृष्टिले उद्योग-व्यापार सञ्चालक व्यक्ति हुन् ।

बाल्यकालदेखि नै स्वतन्त्रताका पक्षमा बोल्ने ढकाल मूलतः कम्युनिस्ट पार्टीप्रति संलग्न भएका व्यक्ति हुन् । अनेक क्षेत्रसँग सम्बन्ध र सरोकार राख्ने बहुआयामिक बौद्धिक व्यक्तित्वका रूपमा यिनको देशका शैक्षिक, सामाजिक, सांस्कृतिक गरी अनेक सङ्घसंस्थाहरूको स्थापना, विकास र प्रवर्द्धनमा ठूलो भूमिका रहेको देखिन्छ । यसै गरी यिनले विभिन्न प्रयोजनमा स्वदेशका विभिन्न ठाउँका अतिरिक्त विदेशमा अमेरिका प्रमुख सहरहरूको भ्रमण गरेका छन् । साहित्यसाधना, सामाजिक कार्य ढकालका जीवनका मूल कार्यहरू हुन् ।

धर्मलाई मान्नुपर्दछ भन्ने ढकाल मानवसेवा नै ठूलो धर्म हो भन्दछन् । मानवले स्वतन्त्रपूर्वक बाँच्न पाउनुपर्छ । कसैको दास भएर मानवता गुमाउनु हुन्न । कुनै आशा नगरी कुनै पनि क्षेत्रमा सङ्घर्ष गऱ्यो भने अवश्य सफलता प्राप्त हुन्छ । कर्म गर्दै जानुपर्छ र जीवनमा जेस्ता अप्ठ्यारा आइपर्छन् तिनीहरूको सामना पनि गर्नुपर्दछ भन्ने धारणा ढकालको रहेको छ । जीवनलाई सङ्घर्ष, क्रियाशील र परिवर्तनकामी रूपमा हेर्ने ढकाल बहुप्रतिभा सम्पन्न व्यक्ति हुन् । यसैपरिच्छेदमा जयप्रसाद ढकालको व्यक्तित्वको पनि चर्चा गरिएको छ । बाह्य रूपमा मझौला कद, गहुँगोरो वर्ण, सालाखालामा खाइलाग्दो चिटिक्क परेको निकै प्रभावशाली र आकर्षक देखिने उनी शारीरिक रूपले स्वस्थ देखिन्छन् । ढकालको स्रष्टा व्यक्तित्व कवि, आख्यानकार र स्मृतिलेखकका रूपमा फैलिएको छ भने द्रष्टा व्यक्तित्व समालोचकका रूपमा रहेको छ । साहित्येतर व्यक्तित्वअन्तर्गत सामाजिक, राजनैतिक, पारिवारिक, बौद्धिक, अध्ययनशील, अभिप्रेरक र नेतृत्वशील व्यक्तित्व चर्चित छन् ।

**तेस्रो परिच्छेद**अन्तर्गत समालोचनाको सैद्धान्तिक स्वरूपको निरूपण गरिएको छ । यस अन्तर्गत समालोचनाको अर्थ र परिमाण, पूर्वीय साहित्यको समालोचना यात्रा र

परिभाषा,  पूर्वीय काव्यशास्त्रमा समालोचनाको परिभाषा, पश्चिमी समालोचना परम्परा, पश्चिमी समालोचनाको परिभाषा, नेपाली समालोचना परम्परा र नेपाली समालोचकहरूको परिभाषालाई प्रस्तुत गरिएको छ । तत्पश्चात् समालोचनाका प्रकारहरूको सङ्क्षिप्त जानकारी गराइएको छ । र परिच्छेदको अन्त्यतिर आधुनिक नेपाली समालोचनामा जयप्रसाद ढकालको योगदानको चर्चा गरिएको छ ।

**चौथो परिच्छेद**अन्तर्गत जयप्रसाद ढकालको समालोचना यात्राको निरुपण गरिएको छ । सर्वप्रथम २०१३ सालमा **उदय** पत्रिकाबाट 'संस्कृति' शीर्षकको बौद्धिक लेखमार्फत् समालोचना यात्रा प्रारम्भ गरेका जयप्रसाद ढकालको शैली परिवर्तन, बौद्धिकता-परिपक्वताका आधारमा पहिलो (२०१३-२०२२) र र दोस्रो (२०२३-आजसम्म) गरी दुई चरण देखा  पर्दछन् । पहिलो चरणमा ६ वटा समालोचना लेखमा उनको समालोचना यात्रा केन्द्रित भएको छ । यस चरणमा उनले प्रगतिवादी यथार्थवादमा आधारित भई समालोचनात्मक लेखहरू लेखेका छन् ।  दोस्रो चरणमा ढकाल मार्क्सवादी यथार्थवादभन्दा गैरमार्क्सवादी यथार्थवादमा केन्द्रित भई समालोचनाहरू लेख्न थालेको देखिन्छ । पहिलो चरणको तुलनामा दोस्रो चरणमा साहित्यले समाजको वास्तविक चित्रण गर्न सक्षम हुनुपर्दछ भन्ने मान्यता राख्दछन् । कृति प्रकाशनका आधारमा दोस्रो चरणमा उनले तीन वटा समालोचनात्मक कृतिहरू प्रकाशन गरकोले दोस्रो चरण नै उत्कृष्ट रहेको देखिन्छ ।

**पाँचौं परिच्छेद**अन्तर्गत जयप्रसाद ढकालका समालोचनात्मक कृतिको विश्लेषण गरिएको छ । पाश्चात्य, आधुनिक र उत्तरआधुनिक समालोचना सिद्धान्तको अध्ययन र ज्ञानले नेपाली समालोचनालाई अपरम्परित, असम्पृक्त र नवीन बनाउने कार्यमा समर्पित भएर लाग्ने ढकाल नेपाली समालोचनाका क्षेत्रमा प्रगतिशील एवम् सैद्धान्तिक समालोचकका रूपमा पनि स्थापित भएका देखिन्छन् । हालसम्ममा उनका **साहित्य र संस्कृति** (२०५२), **आधुनिक नेपाली समालोचना** (२०५७) र **आधुनिक नेपाली पत्र-जगत् समीक्षा** (२०५९) ढकालका समीक्षात्मक प्रकाशित कृतिहरू हुन् । यी समालोचनात्मक कृतिहरूले जयप्रसाद ढकाललाई एक प्रखर प्रगतिशील समालोचकका रूपमा समालोचनाको इतिहासमा स्थापित गराएका छन् । समालोचना गर्दा सिद्धान्त र प्रयोगलाई एकै ठाउँमा राखेर विश्लेषण गरेकाले पाठकलाई विषयप्रति बुझ्न त्यति गारो पर्दैन । खासगरी वर्तमानमा प्रगतिशील चिन्तनमा उनको समालोचना केन्द्रित रहेको छ । एकातिर पेसाले व्यापारिक भए तापनि रुचिले भने नेपाली साहित्यमा स्रष्टा र द्रष्टा दुवै विधामा कलम चलाउने ढकाल रचनात्मक र

सिर्जनात्मक कार्यका साथै नेपाली समालोचनालाई आधुनिकता, नवीनता, र प्रयोगपरकता र प्रगतिशीलताका पथमा डोऱ्याउन करिब चार दशकदेखि अविच्छिन्न प्रवृत्तरत रहेका देखिन्छन् ।

**छैटौँ परिच्छेद**मा यस शोधपत्रको सार प्रस्तुत गरिएको छ । समग्रमा भन्नुपर्दा नेपाली साहित्यका क्षेत्रमा अनुसन्धान, लेखनमा जीवनलाई बिताउँदै आएका ढकाल नेपाली साहित्यका उच्च स्रष्टा-द्रष्टा हुन् । विभिन्न क्षेत्रमा देखिएको उनको प्रतिभाले ढकाल नेपाली साहित्यका एक उच्च सेवी व्यक्तिका रूपमा चिनिँदै आएका छन् । सामाजिक क्षेत्रमा देखापरेको उनको उच्चप्रतिभा, सुझबुझपूर्ण कौशल र राष्ट्रवादी चिन्तनले उनी एक देशप्रेमी र समाजसेवी व्यक्तिका रूपमा प्रख्यात छन् । यिनको जीवनीका विविध घटनाहरू, व्यक्तित्वको उत्कृष्ट क्षमता र कृतित्वको परिवर्तनकारी र विकासकारी भूमिकाले ढकाल सशक्त साधक व्यक्तित्वका रूपमा स्थापित देखिन्छन् । अथक परिश्रम, निरन्तर साधना र समर्पणकारी भूमिकाद्वारा ढकालले नेपाली समालोचनात्मक इतिहासलाई ठूलो योगदान दिएका छन् । उनको समालोचना खासगरी प्रगतिशीलतामा आधारित भएकाले उनी प्रगतिवादी समालोचकका रूपमा स्थापित भएका देखिन्छन् ।

# सन्दर्भसामग्रीसूची

**(क) पुस्तक तथा शोधपत्रसूची**

आनन्दवर्धन, **ध्वन्यालोक**, १।१ ।

उपाध्याय, केशवप्रसाद, **पूर्वीय साहित्य सिद्धान्त**, चौ. सं., ललितपुर : साझा प्रकाशन, २०६१ ।

कँडेल, घनश्याम, सम्पा., **नेपाली समालोचना**,

कुन्तक, **वक्रोक्तिजीवितम्**, १।७ ।

के.सी., सुरेन्द्रबहादुर, **नेपाल कम्युनिष्ट आन्दोलनको इतिहास** (पहिलो भाग), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार २०५७ ।

खनाल, यदुनाथ, **समालोचना सिद्धान्त**, चौ. सं., काठमाडौँ : साझा प्रकाशन, २०४४ ।

गौतम, मित्र, **वासुदेव त्रिपाठीका पुस्तकाकार प्रमुख समालोचनात्मक कृतिको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, म. र. ब. क्याम्पस, इलाम, २०६३ ।

जगन्नाथ, रसगङ्गाधर, १।१ ।

ज्ञवाली, सूर्यविक्रम, **नैवेद्य समालोचना**, 'कृष्णचन्द्रसिंह प्रधान', (सम्पा.) **साझा समालोचना,** पा, सं., काठमाडौँ : साझा प्रकाशन २०५८ ।

ढकाल, जयप्रसाद, **साहित्य र संस्कृति**, झापा : श्रीमती चुनू ढकाल : २०५२ ।

________________, **आधुनिक नेपाली आलोचना**, (विराटनगर : वाणी प्रकाशन, २०५७ ।

________________, **आधुनिक नेपाली पत्रजगत्**, (झापा : श्रीमती जया ढकाल 'चुनु', २०५९ ।

तिम्सिना, डिल्लीराम, अनु., **काव्यामीमांशा**, काठमाडौँ : ने. रा. प्र. प्र., २०३० ।

देवकोटा, लक्ष्मीप्रसाद, **नेपाली शाकुन्तल** (महाकाव्य) सातौ संस्करण, काठमाडौँ : साझा प्रकाशन, २०६१ ।

पौडेल, सोमनाथ, **जयप्रसाद ढकालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, स्नातकोत्तर क्याम्पस, विराटनगर, २०५६ ।

प्रधान, कृष्णचन्द्रसिंह, (सम्पा), **साझा समालोचना** पा. सं., काठमाडौ : साझा प्रकाशन, २०५८ ।

भामह, **काव्यालंकार,** १।१६

मम्मट, **काव्यप्रकाश**, १।४

रुद्रट, **काव्यालङ्कार**, २/१ ।

लमजेल, रविमान, 'झापाली स्रष्टा र साहित्य' (झापाः पृष्ठ ४३)

लुइटेल, खगेन्द्रप्रसाद, **आधुनिक नेपाली समालोचना**, काठमाडौं, ने.रा.प्र.प्र. २०५७ ।

वामन, **काव्यालङ्कारसूत्रवृत्तिः** ३।१।२

विश्वनाथ, **साहित्यदर्पण**, १।३

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, **नेपाली गद्यभाषा साहित्य र इतिहास**, काठमाडौं : नवीन प्रकाशन २०६० ।

शर्मा मोहनराज, र श्रेष्ठ, दयाराम, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, पा. सं., काठमाडौं : साझा प्रकाशन, २०५६ ।

सुवेदी, राजेन्द्र, **नेपाली समालोचना परम्परा र प्रवृति**, बनारस : भूभिका प्रकाशन, २०६१ ।

**(ख) पत्रिकासूची**

खालिङ, दान, 'साहित्य र संस्कृतिमा जयप्रसाद ढकाल', **समकालीन** साप्ताहिक (काठमाडौं २०५२ चैत्र २९ गते)

घिमिरे, मोहनप्रसाद, 'समता साहित्य परिवार', **मेची दर्पण**, (झापा : २०५५), पृ( १३१ ।

जोशी, हेम, 'साहित्य र संस्कृति आद्योपान्त पढिसकेपछि', **आजभोलि**, (सिलगुडी, ८ सितम्बर १९९६), पृ. २ ।

ढकाल, जयप्रसाद, 'उषा पलाउला कि?' **रहर** (बनारस : चुडामणि रेग्मी : २०१३) ।

**____________,** 'सपना' 'इन्दु' (१/१ : १०१७ वैशाख/जेष्ठ) ।

**____________,** 'एक रातको भेट' **छहारी** (१/२/३, २०१५ असोज/मङ्सिर) ।

**____________,** 'कन्नेदान' **नौलो पाइलो** (१/२ : २०१३ साउन) ।

**____________,** 'कथा' **नौलो पाइलो** (२/१ २०१३ असोज) ।

निरौला, नरनाथ, 'स्वर्गीय लप्टन बा : अभिनारायण', **पूर्वाञ्चल**, ४/५७, २०५६ जेठ १ र १८), पृ. ३ ।

पन्थी, देवी, 'जयप्रसाद ढकालको जय होस्', **पूर्वाञ्चल**, (वर्ष ३, अङ्क ६५, २०५५ असार १६), पृ. ६ ।

__________, 'यथार्थवादी आन्दोलन', **मालिका**, (२/३०, २०५५ चैत २), पृ. ६ ।

लमजेल, रविमान, 'जयप्रसाद ढकाल : साहित्य र संस्कृतिभित्र', **समकालीन**, (साप्ताहिक, २०५५ भदौ २७ गते), पृ. ६ ।

लुइटेल, रोहिणीविलास, 'जयप्रसाद यथार्थवादी समालोचक', **मालिका**, (२/३९, २०५१ असार ७), पृ. ६ ।

विरही, डिकमान, **जनआन्दोलन** साप्ताहिक ( २०६४ साउन १) पृ. ४१-४४ ।

शेखर, रश्मि 'यथार्थवादी समालोचक', **पूर्वाञ्चल** (२०६१ जेठ २३), पृ. ४ ।

सङ्ग्रौला, गोपालप्रसाद, 'झापाका चार चर्चित प्रसादहरू : भैरव, धर्म, देवी र जय', **मालिका** (साप्ताहिक २/२६, २०५५ माघ २७ गते), पृ. ६ ।